# नवराज कार्कीको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्र (५१०) को प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधकर्ता

सुषमा सापकोटा

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

त्रि. वि. कीर्तिपुर


२०६९

नवराज कार्कीको जीवनी, व्यक्तित्व र कृतित्व

- सुषमा सापकोटा

२०६९

उपप्रा. लेखराज खतिवडा
शोध निर्देशक

# नवराज कार्कीको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्र (५१०) को प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र

शोधकर्ता
सुषमा सापकोटा
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
त्रि. वि. कीर्तिपुर
२०६९

## शोध निर्देशकको मन्तव्य

**नवराज कार्कीको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको प्रस्तुत शोधपत्र सुषमा सापकोटाले मेरा निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको उहाँको यस शोधकार्यबाट म पूर्ण रूपमा सन्तुष्ट छु र यसमा आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

.........................
उप-प्राध्यापक लेखराज खतिवडा
(शोध निर्देशक)

मिति : २०६९-१२-१४

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**त्रि. वि. कीर्तिपुर**

## मूल्याङ्कन समितिको स्वीकृति

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय नेपाली केन्द्रीय विभाग अन्तर्गत शैक्षिक समूह २०६३/६४ का छात्रा सुषमा सापकोटाले स्नातकोत्तर तह ऐच्छिक दसौँ पत्रको प्रयोजनका लागि तयार पारेको नवराज कार्कीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको शोधपत्र आवश्यक मूल्यांकन गरी स्वीकृत गरिएको छ ।

| मूल्यांकन समिति | हस्ताक्षर |
|---|---|
| १) प्रा. जीवेन्द्र राज गिरी<br>(नि. विभागीय प्रमुख) | ………………… |
| २) उपप्रा. लेखराज खतिवडा<br>(शोध निर्देशक) | ………………… |
| ३) प्रा. केशव सुवेदी<br>(बाह्य विशेषज्ञ) | …………………… |

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु लेखराज खतिवडाज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा आइपरेका विभिन्न समस्यासँग जुध्ने प्रेरणा दिँदै सही मार्ग निर्देशन गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति पुनः हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मेरो शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने तत्कालीन विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधकार्य तयार पार्ने क्रममा सामग्री सङ्कलनदेखि शोध लेखनका क्रममा आवश्यक सल्लाह र सुझाव दिई सहयोग गर्नुहुने आदरणीय गुरु देवी नेपालज्यूप्रति हार्दिक आभारी छु । शोधपत्रको तयारीका क्रममा आवश्यक सल्लाह र सुझावसहित प्रमुख सन्दर्भ सामग्री उपलब्ध गराइदिनु हुने मेरा आदरणीय शोधनायक नवराज कार्कीज्यूप्रति म विशेष आभारी छु । शोधपत्र लेखनका क्रममा आवश्यक सन्दर्भ पुस्तक उपलब्ध गराई सहयोग गर्ने त्रि. वि. केन्द्रीय पुस्तकालय र नेपाल प्रज्ञा प्रतिष्ठानको पज्ञा पुस्तकालयप्रति म निकै कृतज्ञ छु ।

आर्थिक र व्यावहारिक कठिनाइसँग जुध्दै, सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थासम्म ल्याइपुऱ्याउने पूज्य मातापिता तथा मेरा श्रीमान् पर्वत ढुङ्गानाप्रति हार्दिक आभारी छु । शोधको सामग्री सङ्कलन, लेखन र सम्पादनका क्रममा सहयोग गर्ने बाबुराम खपांगी, दुर्गादत्त अधिकारी, सीता पन्थी, टीका पौडेल लगायत प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने सम्पूर्ण साथीहरू एवम् शुभचिन्तकहरूमा धन्यवाद दिन चाहन्छु । शोधपत्रको छिटो छरितो रूपमा टङ्कन गरी सहयोग गर्ने जुपिटर कम्प्युटर सेन्टर, कीर्तिपुरप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६९-१२-१४

शोधार्थी
सुषमा सापकोटा
त्रि.वि. दर्ता नं.: ६-१-२-३९४-९७

## विषय सूची


पृष्ठ संख्या

**परिच्छेद एक : शोध परिचय** **१–६**

१.१ विषय परिचय १

१.२ समस्या कथन २

१.३ शोधकार्यको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको औचित्य र उपयोगिता ४

१.६ शोधकार्यको सीमा ४

१.७ शोध विधि ५

१.७.१ सामग्री सङ्कलन विधि ५

१.७.२ विश्लेषणको आधार ५

१.८ शोधपत्रको रूपरेखा ६

**परिच्छेद दुई : नवराज कार्कीको जीवनी** **७–१७**

२.१ विषय परिचय ७

२.२ पारिवारिक पृष्ठभूमि ७

२.३ जन्म र जन्मस्थान ८

२.४ बाल्यकाल र व्रतबन्ध ८

२.५ शिक्षादीक्षा ९

२.६ जागिरे जीवन १०

२.७ विवाह तथा दाम्पत्य जीवन ११

२.८ सन्तान तथा पारिवारिक स्थिति १२

२.९ आर्थिक अवस्था १२

२.१० लेखनका निम्ति प्रेरणा र लेखन १२

२.११ प्रकाशित पुरस्तकाकार कृति १३

२.१२ सम्मान तथा पुरस्कार १४

२.१३ संस्थागत संलग्नता १४

२.१४ राजनीतिक संलग्नता १४

२.१५ भ्रमण १५

२.१६ स्वभाव तथा रुचि १५

२.१७ निष्कर्ष १६

**परिच्छेद तीन : नवराज कार्कीको व्यक्तित्व १८–२६**

३.१ विषय परिचय १८

३.२. शारीरिक तथा बाह्य व्यक्तित्व १९

३.३ आन्तरिक व्यक्तित्व १९

३.४ सार्वजनिक व्यक्तित्व २०

    ३.४.१ साहित्यिक व्यक्तित्व २०

    ३.४.१ क) स्रष्टा व्यक्तित्व २१

    ३.४.१ ख) द्रष्टा व्यक्तित्व २३

३.५ जागिरे व्यक्तित्व २४

३.६ राजनितिक व्यक्तित्व २५

३.७ बहुभाषिक व्यक्तित्व २५

३.८ अभिभावक व्यक्तित्व २५

३.९ विविध व्यक्तित्व २६

३.१० निष्कर्ष २६

**परिच्छेद चार : सिलासिला कविता सङ्ग्रहको विश्लेषण २७–४२**

४.१ विषय प्रवेश २७

४.२. विषयवस्तु २८

४.३ भाषाशैली ३५

४.४ उद्देश्य ३६

४.५ लय ३७

४.६ दृष्टिविन्दु ३९

४.७ विम्ब, प्रतीक, अलङ्कार ४०

४.८ निष्कर्ष ४१

**परिच्छेद पाँच : मनभित्रको आँधि कविता सङ्ग्रहको अध्ययन** **४३–**
५.१ परिचय ४३
५.२ विषयवस्तु ४३
५.३ भाषाशैली ५८
५.४ उद्देश्य ६०
५.५ लय ६१
५.६ दृष्टिबिन्दु ६२
५.७ विम्ब प्रतीक र अलङ्कार ६३
५.८ निष्कर्ष ६६
**परिच्छेद छ : एक दनक कविता सङ्ग्रहको अध्ययन** **६७–८५**
६.१ परिचय ६७
६.२ विषय वस्तु ६८
६.३ भाषाशैली ७८
६.४ उद्देश्य ७९
६.५ लय ८०
६.६ दृष्टिविन्दु ८२
६.७ विम्ब प्रतीक अलङ्कार ८२
६.८ निष्कर्ष ८४
**परिच्छेद सात : पत्रपत्रिकामा प्रकाशित फुटकर कविता र कथाको अध्ययन** **८६–९९**
७.१ परिचय ८६
७.२ विषयवस्तु ८६
७.३ संरचना ९०
७.४ लयविधान ९१
७.५ दृष्टिविन्दु ९२
७.६ विम्ब र प्रतीक अलङ्कार ९३
७.७ भाषाशैली ९३
७.८ पत्रपत्रिकामा प्रकाशित कथा कृतित्त्वको अध्ययन ९४

७.८.१ कथावस्तु ९४
७.८.२ पात्र विधान ९५
७.८.३ द्वन्द्व विधान ९६
७.८.४ उद्देश्य ९८
७.८.५ परिवेश ९८
७.८.६ भाषाशैली ९९
७.९ निष्कर्ष ९९
**परिच्छेद आठ : सारांश र निष्कर्ष** **१००–१०४**
८.१ विषय परिचय १००
८.२ सारांश १००
८.३ निष्कर्ष १००
**सन्दर्भग्रन्थसूची** **१०५**

# परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

नवराज कार्की (जन्म : वि.सं. २००९) नेपाली साहित्यका क्षेत्रमा देखा परेका क्रियाशील साहित्यकारहरूमध्येका एक हुन् । उनले नेपाली साहित्यका कथा, कविता र गीत विधाको रचनामा आफ्नो सृजनात्मक प्रतिभा देखाएका छन् । यी विभिन्न विधाको रचना गरेका कार्की कविका रूपमा नै चिनिएका छन् र उनको योगदानको मुख्य क्षेत्र पनि कविता विधा नै हो । कविता विधाका पनि मुक्तक र फुटकर कविताको रचनामा उनको कवि प्रतिभा सशक्त रहेको छ । अझ व्यङ्ग्य कविताको रचना गर्ने कविका रूपमा उनी बढी चिनिएका छन् । उनले रचना गरेका कविताहरूका यी तिन सङ्ग्रह प्रकाशित छन् : **सिलसिला** (२०४०), **मनभित्रको आँधी** (२०५३) र **एक दनक** (२०५९) । उनले रचेका राष्ट्रिय गीत तथा आधुनिक गीतहरू रेडियो तथा टेलिभिजनबाट प्रसारित हुने गरेका छन् । उनले केही कथाहरूको पनि रचना गरेका छन् र उनका ती कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका भेटिन्छन् । उनले रचना गरेका कथाहरू सङ्ग्रहका रूपमा प्रकाशित भएका छैनन् । यसरी कविता, गीत र कथाको रचना गरेर उनले आफूलाई नेपाली साहित्यका सफल साहित्यकारहरूकै पङ्क्तिमा आफूलाई उभ्याएका छन् ।

नेपाली साहित्यका क्षेत्रमा आफ्नो अलग्गै पहिचान बनाइ सकेका साहित्यकार नवराज कार्की र उनका रचनाहरू पनि प्राज्ञिक अध्ययनको विषय बन्न पुगेका छन् । त्यसैले यस शोधकार्यमा साहित्यकार कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । त्यस सिलसिलामा यसमा कार्कीको जीवनका महत्त्वपूर्ण घटनाहरूलाई विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरी उनको जीवनीलाई समग्र रूपमा समेट्ने प्रयास गरिएको छ । त्यसै गरी यसमा कार्कीको व्यक्तित्वका विभिन्न पाटाहरूलाई अलग अलग शीर्षकहरूमा प्रस्तुत गरी उनको व्यक्तित्वलाई पनि समग्रमै समेट्ने कोसिस गरिएको छ । यस शोधकार्यमा साहित्यकार कार्कीको कृतित्वका बारेमा पनि गहन अध्ययन गरिएको छ र यसका लागि उनका साहित्यिक कृतिहरूलाई सम्बन्धित विधा तत्त्वका आधारमा विश्लेषण गरी उनको कृतित्वमाथि पनि प्रकाश पारिएको छ ।

## १.२ समस्या कथन

नेपाली साहित्यको कविता विधामा अत्यन्त ख्याति बटुल्न सफल कवि नवराज कार्की सामाजिक, राजनैतिक विषयवस्तुलाई हास्यव्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गर्न अत्यन्त पोख्त मानिन्छन् । सरलता र सरसता उनका कविताको महत्त्वपूर्ण विशेषता हुन् । हालसम्म ३ वटा कविता सङ्ग्रह र थुप्रै फुटकर लेखहरू प्रकाशित गरेका कार्की र उनका कृतित्त्वका बारेमा केही पत्रिकामा समालोचकीय टिप्पणी भए तापनि समग्र खोज अनुसन्धान भएको छैन । नवराज कार्कीको जीवनी तथा तीन दशक भन्दा लामो साहित्य साधनाका क्रममा विकसित साहित्यिक व्यक्तित्वको अध्ययन र कृतित्त्वको विश्लेषण गर्नु यस शोधकार्यको मुख्य उद्देश्य रहेको छ । अतः यही उद्देश्यसँग सम्बन्धित रही निम्न लिखित समस्याहरूको समाधानार्थ यो शोधकार्य अभिमुख रहेको छ :

१) नवराज कार्कीको जीवनी के–कस्ता रहेका छ ?

२) नवराज कार्कीको व्यक्तित्वका पाटाहरू के कस्ता रहेका छन् ?

३) नवराज कार्कीको कृतित्व के कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

माथि समस्या कथनमा उल्लेख गरिएका समस्याहरूको समाधान गर्नु नै यस शोधकार्यको मूल उद्देश्य हो । त्यसैले प्रस्तुत शोधकार्यका मूलभूत उद्देश्यहरू निम्न छन् :

१) नवराज कार्कीका जीवनीको खोजी गर्नु ।

२) नवराज कार्कीको व्यक्तित्वका विभिन्न पाटाहरूलाई निर्क्योल गरी देखाउनु ।

३) नवराज कार्कीको कृतित्वको निरुपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याउँदै आएका नवराज कार्कीको जीवनी, व्यक्तित्वको समग्र अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य हालसम्म भएको छैन । समालोचनात्मक लेख र केही सामान्य टिप्पणीहरू मात्र भएको पाइन्छ । उनका बारेमा जे-जति चर्चा-परिचर्चा र पूर्वकार्यहरू भएका छन्, यहाँ तिनको समीक्षात्मक प्रस्तुति कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

कृष्णा प्रधान (२०४०) ले **रूपरेखा**मा नवराज कार्की र उनको सिलसिला एक पर्यावलोकन शीर्षकको समालोचनात्मक लेख लेखेका छन् । प्रस्तुत लेखमा प्रधानले नेपाली कविता लेखन परम्पराको सामान्य सर्वेक्षण गर्दै नवराज कार्कीलाई कवितामा पाइने प्रतीक प्रतिष्ठा र प्रतीक प्रयोगमा नवीनता भित्र्याउन सक्ने कविका रूपमा उल्लेख गरेका छन् ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०४०) ले नेपाली कविता कथ्यको स्पष्ट बयान र समसामयिक अनुभूतिको प्रामाणिक अभिव्यक्तिका रूपमा देखापर्ने सशक्त ढङ्गमा कविताको सिर्जना गर्न सक्ने कविहरूको पंक्तिमा नवराज कार्कीलाई राखेको पाइन्छ ।

कृष्णहरि बराल (२०६०) ले **गीत, सिद्धान्त र इतिहास** नामक पुस्तकमा उनको गीतका बारेमा चर्चा गरेका छन् । देशभक्ति, प्रेम, पीडा, मातृप्रेम, जीवनको अन्यौल अनि जीवनप्रति आशावादी स्वर उनका गीतमा व्यक्त भएको पाइन्छ भनी उल्लेख गरेका छन् ।

मुक्तिनाथ शर्मा (२०६२) ले **युगसम्वाद** साप्ताहिक पत्रिकामा (असार १४) 'नवराज कार्कीले एक दनक दिनु भयो' भन्ने शीर्षकको स्तम्भ लेखमा नवराज कार्कीलाई तिब्र व्यङ्ग्य चेत भएका कविका रूपमा उल्लेख गरेका छन् । शर्माले यहाँ कार्की नेपाली समाजमा विद्यमान विविध (राजनैतिक, सामाजिक, आर्थिक, सास्कृतिक, आदि) विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै समाज सुधारको चेत सहित साहित्य सिर्जना गर्दछन् भन्ने अभिमत प्रकट गर्दछन् ।

मुक्तिनाथ शर्मा (२०६२) ले युगसंवाद साप्ताहिक पत्रिकामा (असार २८) 'नवराज कार्कीले एक दनक दिनुभयो २' भन्ने शीर्षकको स्तम्भ लेखमा नवराज कार्कीलाई एउटा विशिष्ट व्यङ्ग्य कविका रूपमा चिनाएका छन् । शर्माले यो लेखमा कार्कीले आफ्ना व्यङ्ग्य कवितामा ०४६ सालको राजनैतिक, परिवर्तन पछि पनि जनताले खासै परिवर्तनको आभाष नपाएको उल्लेख गर्दै राजनैतिक नेतृत्व र तिनीहरूको कार्य प्रणाली साथ-साथै समाजका सबै पक्षहरूमा हुने गरेको विकृति विसङ्गतिमाथि गतिलो व्यङ्ग्य गरेका छन् भन्ने निष्कर्ष दिएका छन् ।

प्रेम छोटाले **धवालगिरिका कवि र कविता** शीर्षकको आफ्नो कृतिमा नवराज कार्कीले गीत, कथा र निबन्धको क्षेत्रमा भन्दा पनि कविता विधा बढी योगदान पुऱ्याएको बताएका छन् । यस बाहेक सम्पादित कृति पंचायत राजनीति चिन्तन साहित्येतर उनको अर्को

प्रकाशित ग्रन्थ हो । समग्रमा भन्नु पर्दा उनका कवितामा राष्ट्रिय अन्तराष्ट्रिय चेत, आधुनिक सहर प्रतिको उदासीनता, मानवीय मूल्यको ह्रास, समाजमा विद्यमान विकृति र विसङ्गति, सौन्दर्य चेतना, व्यङ्ग्यात्मक घुर्की आदि उनका कविताका विशेषत हुन् भने बिम्ब र प्रतिक प्रति उनी प्रवृत भएको देखिन्छ । प्रतीक संयोजन र बिम्ब प्रयोगले गर्दा उनको काव्यात्मक सौन्दर्य तथा कला सूक्ष्म रूपमा विकसित भएको देखिन्छ ।

यसरी नवराज कार्कीका बारेमा उनैमा केन्द्रित भई जीवनी, व्यक्तित्व तथा कृतित्वहरूका बारेमा विशेष अध्ययन नभए तापनि पत्रपत्रिका, उनकै पुस्तकको आवारण तथा केही पुस्तकहरूमा भएका फाटफुट चर्चाबाट उनी नेपाली साहित्यका फाँटका उल्लेख्य प्रतिभा हुन् भन्ने सङ्केत मिल्दछ । अतः उनका जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरू पहिल्याउँदै उनका प्रकाशित फुटकर रचनाहरू र पुस्तककार कृतिहरूको अध्ययन गर्न आवश्यक ठहर्छ ।

## १.५ शोधकार्यको औचित्य र उपयोगिता

नेपाली साहित्यका क्षेत्रमा आफ्नो पहिचान बनाइ सकेका साहित्यकार नवराज कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गरिएको यस शोधकार्यमा कार्कीलाई समग्रमा चिनाउने कोसिस गरिएको छ । कार्कीका बारेमा फाट्टफुट्ट रूपमा अध्ययन गरिएको भए पनि उनका बारेमा कतै पनि गहन अध्ययन नगरिएका सन्दर्भमा यस शोधकार्यमा साहित्यकार कार्कीका बारेमा गहन गरेकाले पनि यसको औचित्य, महत्त्व र उपयोगिता रहन पुगेको छ । यसरी कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वको गहन अध्ययनमा केन्द्रित भई तयार गरिएको यो शोधकार्य कार्कीका बारेमा अध्ययन गर्न चाहने सबै जिज्ञासु पाठकहरूका लागि पनि निकै उपयोगी रहेको छ र यसैमा यस शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता पनि रहन पुगेको छ ।

## १.६ शोधकार्यको सीमा

यस शोधकार्यमा मूलतः साहित्यकार नवराज कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गहन अध्ययन एवम् विश्लेषण गरिएको छ । त्यसैले यो शोधकार्य साहित्यकार कार्कीकै अध्ययनमा मात्र केन्द्रित रहेका छ । यसरी साहित्यकार नवराज कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा मात्र अध्ययन गरी विश्लेषण गर्नु नै यस शोधकार्यको सीमा हो ।

## १.७ शोध विधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषणको ढाँचा पर्दछन् ।

### १.७.१ सामग्री सङ्कलन विधि

यस शोधकार्यलाई व्यवस्थित रूपमा पूरा गर्नका लागि विभिन्न सामग्रीहरूको खोजी गरिएको छ । नवराज कार्कीका सृजनात्मक रचनाहरू यस शोधकार्यका प्राथमिक सामग्री हुन् भने नवराज कार्कीका बारेमा लेखिएका लेख, उनका कृतिका बारेमा गरिएका समालोचना, कविता, गीत र कथाका सैद्धान्तिक पक्षका बारेमा लेखिएका लेख तथा पुस्तकहरू यस शोधकार्यका द्वितीयक सामग्री हुन् । यी प्राथमिक र द्वितीयक सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ ।

### १.७.२ विश्लेषणको आधार

यस शोधकार्यमा नवराज कार्कीको जीवनीमाथि प्रकाश पार्नका लागि उनका जीवनका सम्पूर्ण पक्षहरूलाई समेट्न विभिन्न शीर्षकहरू दिई तिनै शीर्षकमा उनको जीवनीका बारेमा राम्ररी वर्णन गरी प्रकाश पारिएको छ भने साहित्यकार कार्कीका व्यक्तित्वलाई पनि विभिन्न शीर्षकहरूमा समेट्ने प्रयास गरिएको छ । त्यसैगरी कार्कीले रचना गरेका कविता, गीत र कथालाई सम्बन्धित विधा तत्वका आधारमा विश्लेषण गरी उनको कृतित्वका बारेमा पनि प्रकाश पारिएको छ ।

जीवनी र व्यक्तित्वको अध्ययन जीवनीपरक समालोचना प्रणालीका आधारमा विश्लेषणात्मक विधिको प्रयोग भएको छ । कृति वा रचनाको विधातात्विक विवेचनाका सन्दर्भमा भने कथा र कविताको स्थापित विधातात्विक मान्यतालाई नै आधार बनाइएको छ । अध्ययनको क्रममा प्राप्त तथ्य, तथ्याङ्क सूचनालाई सङ्कलन वर्गीकरण, विश्लेषण र मूल्याङ्कन गरी प्रस्तुत गरिने वर्णनात्मक तथा विश्लेषणात्मक अध्ययन विधि प्रयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

यस शोधपत्रको रूपरेखा निम्न किसिमको रहेको छ :

परिच्छेद एक – शोध परिचय

परिच्छेद दुई – नवराज कार्कीको जीवनी

परिच्छेद तीन – नवराज कार्कीको व्यक्तित्व

परिच्छेद चार – सिलासिला कविता सङ्ग्रहको विश्लेषण

परिच्छेद पाँच – मनभित्रको आँधि कविता सङ्ग्रहको अध्ययन

परिच्छेद छ – एक दनक कविता सङ्ग्रहको अध्ययन

परिच्छेद सात – पत्रपत्रिकामा प्रकाशित फुटकर कविता र कथाको अध्ययन

परिच्छेद आठ – सारांश र निष्कर्ष

उपर्युक्त शीर्षकहरूलाई आवश्यक अनुसार विभिन्न उपशीर्षकहरूमा विभक्त गरिएको छ ।

## परिच्छेद दुई

# नवराज कार्कीको जीवनी

## २.१ विषय परिचय

नवराज कार्की नेपाली साहित्यका क्षेत्रमा क्रियाशील रहेका एक साहित्यिक व्यक्तित्व हुन् । उनले नेपाली साहित्यमा कविता र कथा विधाको रचना गरेका छन् तापनि कविताको रचनामा उनी बढी सफल देखिएका छन् । नेपाली साहित्यका क्षेत्रमा आफ्नो अलग्गै पहिचान बनाइ सकेका कार्कीको जीवनीका बारेमा प्रकाश पार्नु पनि यस शोधकार्यको एक उद्देश्य रहन गएको छ । त्यसैले यस परिच्छेदमा साहित्यकार कार्कीको जीवनीका बारेमा विभिन्न शीर्षक तथा उपशीर्षकमा प्रकाश पारिएको छ ।

नवराज कार्की नेपाली साहित्यका क्षेत्रमा क्रियाशील रहेका एक साहित्यिक व्यक्तित्व हुन् । उनले नेपाली साहित्यमा कविता र कथा विधाको रचना गरेका छन् तापनि कविताको रचनामा उनी बढी सफल देखिएका छन् । त्यसैले उनको जीवनी पनि प्राज्ञिक अध्ययनको विषय बन्न पुगेको छ । त्यसैले यस परिच्छेदमा साहित्यकार कार्कीको जीवनीलाई विभिन्न शीर्षक तथा उपशीर्षकमा प्रकाश पारिएको छ ।

## २.२ पारिवारिक पृष्ठभूमि

नवराज कार्कीको पुर्खा पोखराबाट म्याग्दीमा गएर कृषि पेशामा संलग्न रहेको पाइन्छ । उनका पुर्खाहरू देवराज र विराज नाम गरेका दुई दाजुभाईले नेपाल एकीकरणको युद्धमा कुमाउ गढवालमा एकै दिनमा वीर गति प्राप्त गरेका थिए ।[1] उन्नाइस वर्षका विराज अविवाहित भएकाले उनी पट्टि कोही पनि सन्तान थिएनन् । देवराजका सन्तानहरूमा नवराज कार्की पर्दछन् । कार्कीका हजुरबुबा पूर्ण चन्द्र कार्कीका एकमात्र सन्तान हुनुहुन्थ्यो । उनका पाँच भाई सन्तानमध्ये शोधनायक नवराज कार्कीका पिता कान्छा छोरा हुन् । उनको पुर्ख्यौली सम्पत्ति असाध्यै भएकाले अन्न बेच्नु पशुपालन गर्नु तथा असनी लगाउनु आदि

---

[1] नवराज कार्की (शोधनायक) संगको कुराकानीमा आधारित ।

प्रमुख आम्दानीको स्रोत थियो । कार्कीका पुर्खाहरू धेरै लामो समयसम्म खेतीपातीमै निर्भर रहेको पाइन्छ । उनका साहिँला बुबादेखि भने भारतीय सेनामा संलग्न हुने परिपाटीको विकास भएको पाइन्छ । कार्कीका पिता टेक बहादुर कार्कीले भारतको कोलकत्तामा बसेर पढ्नु भएको थियो र पछि दाजुसँगै सेनामा भर्ती हुने लक्ष्य राखे तापनि भर्ती नभई पुनः नेपाल फर्किएको पाइन्छ । कार्कीको परिवारमा अहिले पनि सेनामा भर्ती हुने संस्कृति रहेको छ ।[२] उनका धेरै नातेदार बेलायती र भारतीय सेनामा कार्यरत रहेका छन् ।

## २.३ जन्म र जन्मस्थान

नवराज कार्कीको जन्म वि.सं. २००९ वैशाख ३० गतेका दिन धौलागिरि अञ्चल म्याग्दी जिल्लाको घार-गाउँ भन्ने ठाउँमा पिता टेक बहादुर कार्की र माता तीर्थ कुमारी कार्कीका कोखबाट भएको हो ।[३] उनी माता पिताका एकमात्र सन्तान हुन् । उनको न्वरानको नाम नै नवराज कार्की हो र घरमा आमा तथा अन्य आफन्तले भने उनलाई प्रायजसो ‘बाबु’ नामले सम्बोधन गर्ने गर्दछन् ।[४]

## २.४ बाल्यकाल र व्रतबन्ध

छ महिनाको दुधे बालक हुँदै आफ्ना पिताजीलाई गुमाउनु परेकाले नवराज कार्कीलाई आफ्ना पिताको अनुहार र स्नेहको अनुभव नभएको उनी बताउँछन् । पच्चिस वर्षकै कलिलो उमेरमा पिताजीको मृत्यु भएपछि आफ्ना एक मात्र सन्तान कार्कीलाई लिएर तीर्थ कुमारी माइतमा बस्ने गरेको पाइन्छ ।[५] उनको घरबाट माइतीको दुरी पाँच मिनेटको मात्र थियो । बडुवाल साहुले कहलिएका धनीमानी मावलीको ठुलो परिवार थियो ।[६] जेठा साहु मावली पट्टिका हजुरबुबा सुरथ बहादुर बडुवालको अभिभावकत्व र लाडप्यारमै उनको बाल्यकाल बितेको थियो ।[७] मावलमा कार्कीलाई हजुरबुबाले विभिन्न किसिमका श्लोकहरू कण्ठ गर्न लगाउनु हुन्थ्यो । सुर्योदय हुँदा श्लोक, लक्ष्मीको आरधनामा लेखिएका श्लोकहरू बाल्यकाल हुँदै कण्ठ गरेका कार्कीलाई अझै पनि केही श्लोकहरू आउँछन् । कार्की आठ वर्षको हुँदा उनका अति प्रिय मावलका हजुरबुबाको निधन भएको थियो ।

---

[२] ऐजन ।
[३] ऐजन ।
[४] ऐजन ।
[५] ऐजन ।
[६] ऐजन ।
[७] ऐजन ।

बाह्र वर्ष उमेरसम्म आमासँग मावलमै बसेको कार्की अभिभावकको आँखा छलेर विना काठीको घोडा चड्ने र धेरै पटक घोडाबाट लडेर चोट लागेको अनुभव बताउँछन् । घर गाउँमा रोदी बस्ने चलन हुन्थ्यो र काका, मामाको पछि लागेर रोदी जाने गरेको उनी बताउँछन् । काका मामाले रोदी जान नदिए तापनि जिद्दी गर्दै जाने र कहिले त त्यही निदाउने गरेको कुरा उनले  बताएका छन् ।

नवराज कार्कीको ब्रतबन्ध घरबाट गरिएको थिएन । उनको व्रतबन्ध उनकी फुपूको छोरासँग नजिकैको जलेश्वर मन्दिरमा १४ वर्षको उमेरमा सम्पन्न भएको थियो । उनले पण्डित यदुनाथ रेग्मीबाट गायत्री मन्त्र ग्रहण गरेका हुन् ।[८]

## २.५ शिक्षादीक्षा

अत्यन्तै घनाढ्य मावलीमा हुर्किएका नवराज कार्कीको अक्षरारम्भ पाँच वर्षको उमेरतिरै आफ्नै मावली घरमा हजुरबुबाबाट भयो । गाउँमा विद्यालय नभएकाले हजुरबुबाले जेठा ज्योतिषिलाई घरमै बोलाएर दुर्गा कवज, चण्डी, सप्त सति आदि पाठ गर्न लगाउनु हुन्थ्यो ।[९] पछि अंग्रेजी शिक्षा पनि दिनु पर्छ भन्ने भएपछि हजुरबुबाले तीन घण्टा टाढा पर्ने बेनीबाट पुण्यबहादुर श्रेष्ठ नाम गरेका व्यक्तिलाई झिकाएर पाँच जना केटाहरू जम्मा गरी धरैमा ए.वि.सी.डी.  र तमसुकहरू लेख्ने र गुणन पढेको अनुभव उनलाई छ ।

२०१५ सालमा घारगाउँमा राष्ट्रिय प्राथमिक विद्यालय नाम गरेको विद्यालय स्थापना भयो । त्यस विद्यालयमा भएको प्रवेश परीक्षामा राम्रो अंक प्राप्त गरेकाले काकी सिधै ३ कक्षामा भर्ना भए ।[१०] ५ कक्षासम्म त्यहाँ पढेपछि कक्षा ६ पढ्नलाई बेनी सदरमुकाममा प्रकाश हाइस्कुलमा ५/६ जना केटाहरू भर्ना भए तर ६ महिना पढेपछि वर्खे छुट्टीमा घर गएर फर्कंदा एउटै पनि शिक्षक नभएकाले सो स्कुलको यात्रा टुङ्गिएको पाइन्छ । त्यसपछि पोखरा कास्कीमा राष्ट्रिय बहुउद्देश्यीय माध्यमिक विद्यालयमा भर्ना भई त्यहीबाट २०२६ सालमा एस.एल.सी. तेस्रो श्रेणीमा उत्तीर्ण गरेका हुन् । यसरी उनको माध्यमिक शिक्षा पूरा भएको पाइन्छ ।

नवराज कार्कीले उच्च शिक्षाका लागि पृथ्वीनारायण कलेज पोखरामा भर्ना भई २०२८ सालमा आई.ए. तथा २०३१ सालमा वि.ए. दुवै तृतीय श्रेणीमा उत्तीर्ण गरेको पाइन्छ

[८] ऐजन ।
[९] ऐजन ।
[१०] ऐजन ।

।[११] वि.ए. पढिसकेर आठ वर्ष सम्म जागिरमा संलग्न रहेर पछि त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयमा भर्ना भई २०४० सालमा प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेका हुन् ।[१२] यसरी कार्कीको उच्च शिक्षा पूरा भएको देखिन्छ ।

## २.६ जागिरे जीवन

नवराज कार्कीको जागिरे जीवनको सुरुवात २२ वर्षको उमेरदेखि भएको देखिन्छ । कार्कीले २०३१ सालमा पञ्चायत प्रशिक्षण केन्द्रमा तालिम सञ्चालकको कामबाट जागिरको सुरुवात गरेका थिए । पञ्चायतका सचिवहरू वर्गीय सङ्गठनका सदस्यहरू तथा नवनिर्वाचित पदाधिकारीहरूलाई गोष्ठी, साधारण सभा आदि सम्बन्धी तालिम दिने क्रममा केन्द्रमा आभासीय तालिमहरू हुँदा देशको पूर्वी भागदेखि पश्चिमका विभिन्न भागहरूमा समेत तालिम सञ्चालन गरेको अनुभव उनमा रहेको छ । तीन वर्षसम्म त्यो काम गरेपछि २०३४ सालमा तेस्रो श्रेणीको अधिकृत भएर त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र अन्तर्गत सम्बन्धित डीनको कार्यालय, पोखरामा अनुसन्धान अधिकृत भएर काम गरेका थिए र सोही पदमा २०३४ भदौ देखि २०४१ फाल्गुनसम्म काठमाडौँमा कार्यरत रहे । २०४१ फाल्गुनदेखि लगातार सोह्रवर्षसम्म ललितकला क्याम्पस भोटाहिटी काठमाडौँमा उप-प्राध्यापकका रूपमा काम गरेका थिए । त्यसै बिचमा कार्कीले युनिभर्सल कलेज अफ् मेडिकल साइन्स भैरहवामा अतिथि प्राध्यापकको रूपमा पनि सेवा गरेको अनुभव छ । कार्कीले नेपाली सैनिक प्रतिष्ठान खरिपाटी भक्तपुरमा ३ वर्ष प्राध्यापन गरेका थिए । उनले २०६० साउनदेखि २०६२ असारसम्म साझा प्रकाशनको महाप्रबन्धकको रूपमा पनि काम गरिसकेका छन् । वि.सं. २०५८ देखि २०६६ सम्म सिर्जना कलेज अफ फाइन आर्टस काठमाण्डौमा प्रध्यापन गरेर हाल आफ्ना जेठो सुपुत्रको परिवार तथा पत्नीका साथ अमेरिकामा फुर्सदको जीवन बिताइ रहेका छन् ।

## २.७ विवाह तथा दाम्पत्य जीवन

२०३० सालमा २१ वर्षको उमेरमा शान्ता उदाससँग नवराज कार्कीको प्रेम विवाह सम्पन्न भएको पाइन्छ । पोखरा भैरवटोल स्थित होम बहादुर उदास र पवित्रा उदासकी

[११] ऐजन ।
[१२] ऐजन ।

सुपुत्री शान्ताले कलेज अफ एजुकेशनमा शिक्षक तालिम गर्दै गर्दा उता कार्की भने वि.ए. अध्ययन गर्दै थिए र दुई जनाको भेट भएपछि माया बस्न पुगेको थियो । अन्तर्जातीय विवाह भएका कारण सुरुमा घरपरिवार तथा पुरै गाउँबाट मान्यता प्राप्त हुन नसकेको र आमा मामासँग समेत राम्रो सम्बन्ध हुन नसकेको पाइन्छ । शान्ता उदासको गृहकुशलता, स्नेह, सेवापूर्ण व्यवहार र मिलनसार स्वभावका कारण घर परिवारलाई रिजाउन उनी सफल भइन् । कार्कीकी आमा केही समय उनीहरू सँगै बसे तापनि हाल उनी एक्लै पोखरा स्थित आफ्नो पुर्ख्यौली घरमा बस्दछिन् । तत्कालीन प्रगतिशील साहित्यकार नवराज कार्की वर्ण, जाति र लिङ्गका आधारमा गरिने भेदभावलाई जरै देखि उन्मूलन गर्नु पर्छ भन्ने मान्यता राख्ने भएकाले विवाह प्रगतिशील ढङ्गले नजिकैको मन्दिरबाट भएको थियो । कार्कीका घरतर्फबाट कोही पनि उपस्थित थिएनन् भने ससुराली तर्फबाट सबै उपस्थित थिए । काका ससुरालाई स्कुलदेखि देखि नै चिनेकाले त्यति विरोध नभएको तथा जेठी सासुलाई पनि स्कुलमै चिनेकाले ससुराली तर्फबाट धेरै विरोध भएको थिएन ।[१३] ३७ वर्ष सम्मको दाम्पत्य जीवन समग्रमा असाध्यै सुन्दर रहेको शोधनायक कार्की तथा श्रीमती कार्कीले बताएका छन।[१४] यसरी उनीहरूको पारिवारिक एवम् दाम्पत्य जीवन सुखद रहेको देखिन्छ ।

## २.८ सन्तान तथा पारिवारिक स्थिति

कार्की दम्पत्तिका सन्तानका रूपमा दुई छोरा र एक छोरी गरी तीन सन्तान छन् । जेठा छोरा विपुल कार्की बाह्र कक्षा नेपालबाट सकेर उच्च शिक्षाका लागि संयुक्त राज्य अमेरिका गएका थिए र उनी कम्प्युटर ग्याजुएसन गरेर उतै घरजम गरेर क्यालिफोर्नियामा आमा, बुबा, तथा परिवार साथ बस्दै आएका छन् भने कान्छा छोरा प्रज्वल कार्की पनि बाह्र कक्षा पास गरेर अमेरिकामा डक्टर इन फार्मासिस अध्ययन गरिरहेका छन् । एउटी मात्र सुपुत्री वरदा थापाले बि.बि.एस. नेपालबाट गरेर अस्ट्रेलियाबाट एम.बि.ए. सकेर उतै काम गर्दै छिन् । विवाह पश्चात वरदा आफ्ना श्रीमान्सँग अष्ट्रेलियामा बस्दै आइरहेकी छन् । आफूले आशा गरे भन्दा पनि बढी सन्तानहरूले सुख दिएको अनुभव कार्की दम्पत्ति बताउँछन् । श्रीमती तथा सन्तानको सहयोग र प्रेरणाले कार्की आफ्नो कलम सकेसम्म बन्द गर्न चाहँदैनन् । परम्परा सम्मान र समर्पणका कारण उनीहरूको दाम्पत्य जीवन सुमधुर र सुखद रहेको छ । हाल उनीहरू अमेरिकाको क्यालिफोर्निया स्थित जेठा छोरा विपुलको

[१३] ऐजन ।

[१४] श्रीमति शान्ता कार्कीसँगको कुराकानीमा आधारित ।

परिवारसँग बस्दै आइरहेका छन् । आफ्ना दुई नातिहरूसँग समय बिताउन पाउँदा उनलाई असाध्यै आनन्दको अनुभूति भइरहेको छ ।[१५]

## २.९ आर्थिक अवस्था

नवराज कार्कीको पुर्ख्यौली सम्पत्ति प्रशस्त थियो । उनका हजुरबुबा एक्ला सन्तान तथा प्रशस्त सम्पत्ति भएकाले परिवारको जीविकोपार्जनमा कुनै समस्या थिएन । आफू सानै हुँदा पिताजीको मृत्यु भए तापनि उनीले पनि ठूला बुबाहरू सरह नै अंश पाएका थिए । त्यही अंशबाट प्राप्त सम्पत्तिबाट उनले पोखरामा एउटा घर बनाएका छन । हाल उनकी आमा त्यही घरमा बस्दै आएकी छिन् । काठमाडौँको लाजिम्पाटमा रहेको तिन तल्ला घर कार्कीले आफ्नै कमाइबाट आर्जेका हुन् । हाल उनीहरू बस्दै आएको अमेरिकाको क्यालिफोर्निया स्थित घर जेठा छोरा बुहारीले आफ्नो कमाइबाट बनाएका हुन् ।[१६]

## २.१० लेखनका निम्ति प्रेरणा र लेखन

नवराज कार्कीको पारिवारिक पृष्ठभूमिले उनको साहित्य लेखनलाई प्रेरण प्रदान गरेको पाइन्छ । उनका मामलका हजुरबुबा सुरथ बहादुर बढुवालले श्लोकका किताब, चाणक्य नीति, वीर सिक्का, शुक्रनीति, महाभारत, रामायण, गीता आदि ल्याउने गर्दथे र श्लोक कण्ठ गर्न लगाउँदथे । घरमा साँझ श्लोकमा अन्ताक्षरी खेलिन्थ्यो । उनको हजुरबुबाले बच्चालाई भाग लिनलाई प्रोत्साहन गर्थे र प्रथम हुनेलाई पाँच, दश पैसा पुरस्कार स्वरूप दिने गर्दथे ।[१७] कार्कीमा पनि यसको प्रभावले प्रेरणादायी भूमिका खेलेको पाइन्छ । त्यसताका बनारसबाट वार्षिक रूपमा होमनाथ, केदारनाथको विभिन्न संस्कृतको नेपालीमा अनुवाद गरिएका किताब घरमा आउँथ्यो । वि.सं. २०१५ ताका नै महिनौ लाएर 'गोरखापत्र' पनि हुलाकी मार्फत घरमा आउने गर्दथ्यो । त्यस किताब र गोरखापत्रबाट पनि उनले प्रेरणा लिएको पाइन्छ ।

भूपि शेरचनको परिवार र कार्कीका मावलीको एकदमै घनिष्ठ सम्बन्ध थियो । मुस्ताङ्गबाट काठमाडौँ आउँदा शेरचन परिवार म्याग्दी हुँदै आउँथे र उनको मामलमा बास बस्ने चलन थियो । भूपिको परिवार कार्कीका मामलीको व्यापारिक कारोबार पनि हुने गर्दथ्यो । त्यसैले पोखरामा नवराज कार्की र भूपि शेरचनका बिच घनिष्टता थियो । भूपि

[१५] शोध नायक, पूर्ववत् ।
[१६] ऐजन ।
[१७] ऐजन ।

शेरचनको सामीप्य र क्रान्तिकारी विचार तथा लेखनबाट असाध्य प्रभावित भएका कार्कीले सुरुमा क्रान्तिकारी धारमै कविता रचेको पाइन्छ । पोखरामा गुरुहरू भोलानाथ पराजुली, उपेन्द्रराज रेग्मी, एमराज रेग्मी, जर्ज जोन, प्रा. गणेश गुरुङबाट सबै भन्दा बढी प्रभावित रहेको उनी बताउँछन् । हास्य व्यङ्ग्यतिर भैरव अर्याल तथा केशवराज पिँडाली जस्ता लेखकबाट प्रभावित छन् । लक्ष्मी प्रसाद देवकोटा, माधव घिमिरे, लेखनाथ, गोपाल प्र. रिमाल, भूपि शेरचन, हरिभक्त कटुवालबाट प्रभावित भई साहित्य लेखनमा आकृष्ट भएको कुरा उनी बताउँछन ।

स्कुलदेखि नै कविता चुड्किलाबाट सबैलाई प्रभावित पार्न सकेका कुरा उनी बताउँछन् । स्कुलमा शुक्रबार साहित्यिक कार्यक्रम हुने गर्थ्यो र कार्की उक्त कार्यक्रममा प्राय जसो भाग लिने  गर्दथे । चुट्किला सुनाउने, नाटकमा मात्र जस्ता गतिविधि उनले स्कुल जीवनबाटै सुरु गरेका थिए । पछि कलेजमा गएपछि आई.ए. पढ्दा विद्यार्थी जीवनमा अनुशासनको महत्त्व नामक निबन्ध लेखेर प्रथम पुरस्कार हात पारेपछि कार्कीलाई साहित्य लेखनमा झन् हौसला प्राप्त भएको थियो ।[१८] त्यसैले उनले क्याम्पस तहमै विभिन्न किसिमका कविता कथा आदि प्रशस्त लेखेका थिए तर तिनका प्रकाशन भने भएको पाइँदैन । त्यसैले उनले क्याम्पस तहमै विभिन्न किसिमका कविता कथा आदि प्रशस्त लेखेका थिए तर तिनका प्रकाशन भने भएको पाइँदैन । उनको औपचारिक साहित्यिक जीवन भने २०३९ सालको **मातृभूमि** पत्रिकामा 'विधवा' नामक कथा प्रकाशित भएपछि सुरु भएको पाइन्छ । हास्य व्यङ्ग्यात्मक कविताको आवश्यकता महसुस गरेकाले कार्कीले बढी जसो हास्य व्यङ्ग्यात्मक कविताकै रचना गरेका छन् ।

## २.११ प्रकाशित पुरस्तकाकार कृति

साहित्यका विभिन्न विधाहरू मध्ये कविता विधालाई बढी रुचाउने कार्कीका हालसम्म तिन वटा कविता सङ्ग्रहहरू प्रकाशित भएका छन् : **सिलसिला** (२०४०), **मन मित्रको आँधी** (२०५३) र **एक दनक** (२०५९) । कविताका साथसाथै उनले फाटफुट रूपमा केही कथाहरूको रचना गरेका छन् र उनका ती कथाहरू विभिन्न पत्रिकामा प्रकाशित भएका छन् । उनका कथाहरू सङ्ग्रहका रूपमा प्रकाशित भएका छैनन् । यसका साथै

[१८] ऐजन ।

रेडियो तथा टेलिभिजनबाट उनका राष्ट्रिय गीत तथा आधुनिक गीतहरू प्रसारित हुने गरेका छन् ।

## २.१२ सम्मान तथा पुरस्कार

तीन दशक भन्दा बढी साहित्य साधनामा समर्पित नवराज कार्कीका गहकिला कृतिहरू प्रकाशित भइसकेका छन् भने कतिपय कृतिहरू अप्रकाशित रहेको पनि पाइन्छ । २०३९ मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कविता महोत्सवमा रजत पटक प्राप्त गरेका कार्कीले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान गाइजात्रा महोत्सव २०३७, २०३८ र २०३९ मा लगातार तीन पल्ट सर्वोत्कृष्ट कविता पुरस्कार हात पारेका थिए । त्यसै गरी २०३९ मा रत्न श्री स्वर्णपदक विजेता कार्की २०४१ मा रत्न श्रेष्ठ पुरस्कार बाग्लुङ्गबाट पनि पुरस्कृत भएका थिए । त्यसैगरी २०५१ सालमा उनलाई 'साहित्यिक पत्रकार संघ' द्वारा व्यथित काव्य पुरस्कार प्रदान गरिएको थियो । यसरी नवराज कार्कीले नेपाली साहित्यका क्षेत्रमा पुऱ्याएको योगदान स्वरूप उनलाई विभिन्न पुरस्कारद्वारा सम्मानित गरिएको देखिन्छ ।

## २.१३ संस्थागत संलग्नता

कार्की साहित्यिक पत्रकारसंघको आजीवन सदस्य हुन् । उनी पोखरामा हुँदा २०३४ सालमा पोखरेली युवा संस्कृति परिवार नामक साहित्यिक संस्थाका संस्थागत उपाध्यक्ष भएका थिए । उक्त संस्थाले साहित्य, संगीत र कला सम्बन्धी विभिन्न कार्यक्रम गर्दथ्यो । त्यस संस्थामा अध्यक्ष सरोज गोपाल र महासचिव सरुभक्त तथा संस्थापक सदस्यमा स्वर्गीय अरुण थापा थिए ।[१९] उनी हास्य व्यङ्ग्य समाजका साधारण सदस्य हुन् । सिस्नुपानीमा चाहिँ सदस्यता नलिए तापनि उनले त्यसको स्थापना कालदेखि नै सहयोग गर्दैआइरहेका छन् ।

## २.१४ राजनीतिक संलग्नता

नवराज कार्की राजनीतिक व्यक्तित्व पनि हुन् । उनी विभिन्न संघ संस्थाद्वारा आयोजित गोष्ठीहरूमा भाग लिन मन पराउँछन् । शुरुवातका दिनमा साथीहरूको सङ्गत तथा सम्पर्क एवम त्यसताका विभिन्न ठाउँमा आयोजना हुने प्रगतिशील काव्य गोष्ठीहरूमा सहभागिता उत्सुकता आदिका कारण उनी मार्क्सवादबाट प्रभावित भए ।[२०] फलतः उनको कविताले प्रगतिशील धार समात्यो । आफ्नो विद्यार्थी जीवनमा प्रभावशाली प्रगतिशिल

[१९] ऐजन ।
[२०] ऐजन ।

साहित्यकारका रूपमा आफूलाई प्रस्तुत गरेका थिए । तर उनले कुनै पदमा नरहेर समुहगत संलग्ता जनाएका थिए । पोखरामा कार्कीले आफ्नो विद्यार्थी जीवनमा भोट दिँदा सधै अखिललाई दिएका थिए ।[२१] कार्की प्राध्यापक भएपछि २०४५ सालतिर प्राज्ञिक समूह भनेर स्वतन्त्र राजनीतिमा लागेको पाइन्छ । त्यसपछि उनी लगभग ५ वर्ष सक्रियरूपमा प्राज्ञिक समूहमा लागेको पाइन्छ । कार्कीलाई २०५० सालमा प्राध्यापक संघको अध्यक्षमा उठ्ने टिकट पाए तापनि उनी त्यस पदमा चुनाव लड्न राजी भएनन्। फलस्वरूप प्राज्ञिक समूहसँग पनि उनको संलग्नता टुट्न पुग्दछ । राजनीति भन्ने खेल असाध्यै फोहोरी रहेछ भन्ने जाने पछि उनलाई राजनीतिबाट टाढै बस्न मन लागेको कुरा बताउँछन् र हाल सम्म पनि उनी कुनै पनि संगठन पार्टी आदिमा आबद्ध नरहेको कुरा बताउँछन् । हुनत नवराज कार्कीलाई राजावादी होलान् भनेर शङ्का गर्नेहरू पनि छन् र तर कार्की आफैले भनेका कुराबाट उनी राजावादी होइनन् भन्ने छलर्ङ्ग हुन्छ । उनले आफू राजावादी नभएको कुरा स्पष्ट रूपमा व्यक्त गरेका छन् ।

## २.१५ भ्रमण

कार्कीले पञ्चायत प्रशिक्षण केन्द्रमा तालिम सञ्चालन हुँदा पूर्वी तथा पश्चिम नेपालका विभिन्न ठाउँहरूको भ्रमण गर्ने अवसर पाएका थिए । त्यसैगरी उनले भारतको पनि अधिकांश भूभागको भ्रमण गरी सकेका छन् । कार्कीले हालसम्म अमेरिका, स्वीटजरल्याण्ड, पाकिस्तान र हङकङको भ्रमण गरिसकेका छन् ।

## २.१६ स्वभाव तथा रुचि

नवराज कार्की सादा जीवनलाई मन पराउने सरल स्वभावका छन् । मिहिनेती र स्वाभिमानी व्यक्तित्वका धनी उनमा कुनै किसिमको आडम्बर पाइँदैन । उनी कसैले केही सोध्दा वा केही जिज्ञासा राख्दा कुनै किसिमको झर्को नमान्ने र आफ्ना कुराहरू स्पष्ट रूपमा राख्न नडराउने निडर र निर्भीक स्वभावका छन् । बर्हिमुखी स्वभावा कार्कीमा एकै पटकमा मानिसलाई हसाउन र रुवाउन सक्ने कला रहेको पाइन्छ।[२४] सधै सफा लुगा लगाउन मन पराउने कार्कीले अहिले सम्म लुगा कसैसँग साटेर लगाएका छैनन् र कसैले साटेर लगाएको पनि उनी रुचाउँदैन् । एक्लो सन्तान भएका कारणले होला उनी घन्टौसम्म

[२१] ऐजन ।
[२४] शान्ताकार्की, पूर्ववत् ।

एक्लै बस्न सक्दछन् । कार्कीलाई नेपाली सादा खाना मन पर्छ । धुम्रपान कहिल्यै नगर्ने उनी कहिलेकाही झङ्ङ रिसाउन खालका छन् । सबैप्रति समान व्यवहार गर्नु अनि जातीयका आधारमा कसैप्रति भेदभाव नगर्नु उनको स्वभाव हो ।[२५]

कार्की विद्यार्थी जीवनमा भलिबल र ब्याडमिन्टन खेल्न असाध्यै रुचाउँथे भने काठमाडौँ आएपछि खेल्ने वातावरण नपाएको उनी बताउँछन् । देश र समाजप्रति सदा चिन्तनशील उनी दैनिक केही अध्ययन गर्न रुचाउँछन् । साहित्यमा विशेष गरी कविता र सङ्गीत लेख्न उनको जीवनको पर्याय नै भएको पाइन्छ ।[२६] पत्र पत्रिका पढ्ने, साहित्य पढ्ने अनि सङ्गीत सुन्ने र विभिन्न ठाउँको भ्रमण गर्ने आदि जस्ता कुराहरूमा उनको विशेष रुचि रहेको पाइन्छ ।

समाजमा विद्यमान विकृति एवम् विसङ्गतिलाई कहिले अत्यन्त मार्मिक त कहिले हास्यव्यङ्ग्यात्मक शैलीमा कविता मार्फत व्यक्त गर्न रुचाउने कार्कीका अतिरिक्त अभिरुचिहरूमा योग अभ्यास पनि रहेको छ । उनले भारतको मध्य प्रदेशको पञ्चमणी भन्ने ठाउँमा गएर सन २००१ मा ८ महिना ध्यानको अभ्यास गरेका थिए ।[२७] बाहिरी आँखाले देखिने संसारभन्दा भित्री आँखाले देखिने संसार ठूलो हुन्छ । ध्यानले अर्न्तमनको यात्रा गर्न सघाउँछ र चेतनाको सातवटा तह सम्मको यात्रा यस मार्फत गर्न सकिन्छ भन्ने उनको मान्यता रहेका छ ।[२८] यसरी उनी योगा र ध्यानतर्फ बढी रुचि लिने स्वभावका व्यक्ति हुन्।

## २.१७ निष्कर्ष

पारिवारिक पृष्ठभूमिबाट प्रेरित भई साहित्यिक लेखनतर्फ आकृष्ट नवराज कार्कीले आफ्नो तीन दशकभन्दा बढीको साहित्यिक यात्रामा २०० भन्दा बढी कविताहरु र १० वटा जति कथाहरु प्रकाशन गरेका छन् । साहित्य भनेको समाजको ऐना हो, त्यसैले साहित्यले समाजमा घटेका घटनाहरुलाई चित्रण गर्न सक्नु पर्दछ भन्ने मान्यता राख्ने कार्कीले साहित्यले अन्याय, अत्याचार, विकृति, विसङ्गति आदिका विरुद्धमा कठोर भएर आक्रमण गर्नु पर्दछ भन्ने मान्यता राखेका छन् । नवराज कार्कीले जनहितको आकाङ्क्षा राख्दै जनताकै लागि साहित्यिक रचना गर्ने गरेको बताउँछन् । दुधे बालक छँदै पितृस्नेतहबाट वञ्चित उनको जीवन मामतीको संरक्षणमा अघि बढेको देखिन्छ । बर्हिमुखी स्वभावका कार्की आफ्नो

[२५] ऐजन ।
[२६] शोधनायक, पूर्ववत् ।
[२७] ऐजन ।
[२८] ऐजन ।

विचारलाई स्पष्ट रुपमा प्रस्तुत गर्न सकदछन् । उनी हसाउँदा हसाउँदै रुवाउने र रुवाउँदा रुवाउँदै हसाउने कला भएकै कारण साहित्य जगतमा अग्र पङ्क्तिमा पर्दछन् । उनको सङ्घर्षमय जीवन उनकै छोराछोरी र अन्यका लागि पनि प्रेरणादायी र अनुकरणीय रहेको छ ।

# परिच्छेद तीन

# नवराज कार्कीको व्यक्तित्व

## ३.१ विषय परिचय

व्यक्तित्व कुनै पनि व्यक्तिको परिचय वैभव र अमुल्य गहना हो । व्यक्तिको व्यक्तित्वमा विभिन्नता पाइन्छ । मान्छेको व्यक्तित्व उसका जीवनमा आइपर्ने विभिन्न आरोह अवरोह, पीर, वेदना, हर्ष, खुसी, घटना द्वन्द्व -प्रतिद्वन्द्व क्रिया प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । यसका साथै व्यक्तित्व निर्माणमा पारिवारिक सामाजिक, आर्थिक सांस्कृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी निर्माण भएको व्यक्तित्व समस्त जन्मजात तथा आर्जित विन्यास एव्म प्रवृतिहरूको समुह हो ।[१] परिस्थिति अनुरूप चल्न सक्ने र प्रत्येक क्षण नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो ।[२] कुनै पनि व्यक्तित्वलाई मूलतः दुई प्रकारले हेर्न सकिन्छ । निजी व्यक्तित्व र सार्वजनिक व्यक्तित्व । व्यक्तिको निर्जी व्यवहारसँग सम्बद्ध व्यक्तित्वलाई निर्जी व्यक्तित्व भनिन्छ । जसमा आन्तरिक र वाह्य व्यक्तित्व पर्दछन् । आन्तरिक व्यक्तित्व व्यक्तिको स्वभाव चैत्यन्य, क्रियाकलाप आदिबाट थाहा पाउन सकिन्छ भने वाह्य व्यक्तित्व बाहिरैबाट झुलुक्क देख्न सकिन्छ । समाजको नियम भित्र रहेर समाजका लागि विभिन्न कार्य गर्नुलाई सार्वजनिक व्यक्तित्व भनिन्छ । सार्वजनिक व्यक्तित्वलाई पनि साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व गरी दुइ भागमा बाँड्न सकिन्छ । साहित्यिक व्यक्तित्व्मा पनि स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व गरी दुई भागमा हेरिन्छ । स्रष्टाभित्र सिर्जना गरिएका सहित्यिक विधाहरू पर्दछन् भने द्रष्टा भित्र समालोचना, समीक्षा, सम्पादन जस्ता कार्यहरू पर्दछन् । साहित्यसँग सम्बद्ध नरही समाजका विभिन्न कार्यहरूका आधारमा देखिने व्यक्तित्व साहित्येतर व्यक्तित्व हो ।

आफ्नो परिवार एवम् गाउँघरको वातावरण देखि काठमाडौं सम्मको साहित्यिक वातावरण एवम् आफ्नो जीवन यात्राका सन्दर्भमा विभिन्न गाउँका सामाजिक व्यक्ति इष्ट मित्र आदिको प्रभाव र प्रेरणाबाट निर्माण भएको कार्कीको व्यक्तित्व बहुमुखी रहेको छ ।

---

[१] केशव प्रसाद उपाध्याय, 'मोतीरामको व्यक्तित्व र योगदान' **मोती स्मृति ग्रन्थ** ,रमा शर्मा (सम्पा, २०३९) काठमाडौंः नेपाल शिक्षा परिषद, पृ.१३ ।

[२] दशरथ ओझा, **समीक्षा शास्त्र,** दिल्लीः राजपाल एन्ड सन्स, १९६५ पृ. १३ ।

त्यसैले यस परिच्छेदमा कार्कीको समग्र व्यक्तित्वलाई विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा चर्चा गरिएको छ ।

## ३.२. शारीरिक तथा बाह्य व्यक्तित्व

नवराज कार्की करिव पाँच फुट दुई इन्च उचाई भएका शान्त प्रवृत्तिका व्यक्ति हुन फराकिलो निधार, सानो नाक, केही फुलेको केश, मझौला आयाम, साना आँखा तथा गोरो छाला र हसिलो मुखकृति आदिबाट कार्कीको शारीरिक बनावट निर्मित भएको देखिन्छ । योग अभ्यासबाट आफ्नो शारीरिक बनावटलाई सुहाउदो चुस्त र फूर्तिलो राख्न सफल उनमा ५८ वर्षको उमेरमा पनि स्वस्थ्य चुस्त, जाँगर र फुर्तिलो पन भेटिन्छ । प्रायः सर्ट पाइन्ट लगाएर हिड्न रुचाउने उनको शरीर छरितो रहेको छ । सधैँ सोधिएका कुराको क्रमश : बिस्तारै उत्तर दिने यिनको बानी रहेको पाइन्छ । कहिले काँही घरमा सदस्यसँग झनङ्क रिसाए पनि कसैलाई नचाहिँदो दुःख दिने र अनावश्यक विषयमा विवाद गर्ने उनको बानी छैन ।[३] कार्की चाप्लुसी गर्न पटक्कै मन नपराउने सामाजिक सांस्कृतिक कुसंस्कार माथि विद्रोह गर्दछन् र जातपातका नाममा गरिने भेदभावको अन्त्य होस् भन्ने चाहान्छन् । पढ्नु र लेख्नुका अतिरिक्त फुर्सदको समयमा गीत सङ्गीत सुन्नु योग अभ्यास गर्नु, ध्यान गर्नुमा पनि यिनको रुचि रहेको पाइन्छ ।

## ३.३ आन्तरिक व्यक्तित्व

नवराज कार्कीको आन्तरिक व्यक्तित्वलाई केलाउँदा यिनी सानै देखि स्वाभिमानी र स्वावलम्बी एवम् विद्रोही स्वभावका थिए । निरन्तर अध्ययनशील रहनु र जानेका कुरालाई व्यवहारमा प्रयोग गर्न खोज्नु उनको उल्लेखनीय स्वभाव हो । तार्किक क्षमता मृद्धभाषी र व्यवहारिक कुशलताले गर्दा हरेक वर्गका मानिससँग सम्पर्क गर्ने क्षमता उनमा पाइन्छ ।[४]

नवराज कार्की भनेका एउटा विशिष्ट खालका व्यक्तित्व हुन् । (उनी गाईजात्रे व्यक्ति हुन्) उनी जुन सुकै कुरामा खप्पिस छन् । आधा घण्टाकै वसाइमा पनि कसैको विचार मै परिर्वतन ल्याइदिन सक्दछन् ।[५]

---

[३] शान्ता कार्की, पूर्ववत् ।
[४] ऐजन ।
[५] शर्मा मुक्तिनाथ, "नवराज कार्कीले एक दनक दिनुभयो" **युग सम्वाद**, वर्ष १२, अङ्क १०,२०६२ असार १४ गते ।

वक्तृत्व कलामा निपूण कार्की आफ्ना साथी भाई नजिकका व्यक्तिलाई एकै पटकमा हँसाउँदा हसाउँदै रुवाउन तथा विभिन्न रस उत्पन्न गराउन सक्दछन् ।[६] देखेका कुरा स्पष्ट वोल्नु अनि मन बचन र व्यवहारद्वारा कसैप्रति अनादर नगर्नु, चकडी चाप्लुसी मन नपराउनु, राष्ट्र र जातिप्रति समर्पणको भाव हुनु, देशका विभिन्न क्षेत्रमा देखिएका विकृति विसङ्गति प्रति चिन्तित हुनु कार्कीका अनुकरणीय गुण हुन् ।

यसरी कार्कीको आन्तरिक व्यक्तित्वको अवलोकन गर्दा अनावश्यक कुसंस्कारको विद्रोह गर्नु, स्वाभलम्बी, स्वाभिमानी तार्किकता, व्यक्तित्व क्षमता भएका जस्ता आन्तरिक विशेषता उनमा पाइन्छ ।

## ३.४ सार्वजनिक व्यक्तित्व

समाजमा घुलमेल भएर बस्न रुचाउनु सामाजिक प्राणीको विशेषता हो र मानिस पनि सामाजिक प्राणी भएकाले सामाजिक कार्यहरूमा लागिरहनु, समाजप्रति चिन्तनशिल रहनु, सामाजका प्रभावलाई आफूमा ग्रहण गर्नु आदि उसका सामाजिक क्रियाकलाप हुन् । यिनै क्रियाकलापबाट व्यक्तिले समाजमा, जुन प्रभाव र प्रेरणा प्रदान गर्दछ त्यही नै सार्वजनिक व्यक्तित्व हो । नवराज कार्कीले आफ्नो ५८ वर्षको उमेरमा पनि नेपाली साहित्य मार्फत ठूलो योगदान गरिरहेका छन् । कार्कीको सार्वजनिक व्यक्तित्व अन्तर्गत साहित्यिक व्यक्तित्वलाई निम्न अनुसार चर्चा गरिन्छ ।

### ३.४.१ साहित्यिक व्यक्तित्व

नवराज कार्कीको व्यक्तित्वमा विविध पाटाहरू मध्ये महत्त्वपूर्ण पाटो साहित्यिक व्यक्तित्व नै हो । यसैबाट उनी अत्यन्त चर्चित बन्न पुगेका छन् । उनी साहित्यकार हुनुमा उनको पारिवारिक वातावरणले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

नवराज कार्की मूलतः नेपाली साहित्यमा कविकै रूपमा बढी चर्चित छन् । तथापि उनको साहित्यिक यात्रा कवितामा मात्रै सीमित छैन् । उनले कथा पनि लेखेका छन् तर हाल उनी कथामा भन्दा कविता विशेष गरी हास्यव्यङग्यत्मक कवितामा बढी आकृष्ट भएको पाइन्छ । नवराज कार्कीले आफ्नो क्याम्पस जीवनमा निबन्ध लेखेका भए तापनि हालसम्म प्रकाशित भएका भने छैनन् । पृथ्वी नारायण क्याम्पसमा पोखरामा आई. ए. प्रथम वर्षमा अध्ययन रत छँदा उनले विद्यार्थी जीवनमा अनुशासनको महत्त्व नामक निबन्ध लेखेर

[६] शान्ता कार्की, पूर्ववत् ।

क्याम्पस स्तरीय निबन्ध प्रतियोगीतामा प्रथम भएका थिए । त्यसपछि उनले केही निबन्धहरू लेखेका छन् तर ती अझै प्रकाशित भने भएका छैनन् ।[७] त्यसपछि उनले निबन्ध विद्यामा त्यति कलम नचलाएकाले उनको निबन्धकार व्यक्तित्व फस्टाउन सकेको छैन ।

नवराज कार्कीको साहित्यिक व्यक्तित्वका पनि अनेक पाटाहरू भएकाले तिनको चर्चा यहाँ अलग अलग शीर्षकमा गरिएको छ ।

### ३.४.१. क) स्रष्टा व्यक्तित्व

साहित्यका विभिन्न विधामा कलम चलाएर प्राप्त गरेको व्यक्तित्वलाई स्रष्टा व्यक्तित्व भनिन्छ । उनको स्रष्टा व्यक्तित्वलाई यहाँ अलग अलग चर्चा गरिएको छ ।

#### अ) कवि व्यक्तित्व

नेपालमा प्रजातन्त्र आएपछि पनि नेपालीले खुसीको अनुभूति गर्न नपाएको सहङ्गी आकाशिएर गरिवलाई दुई छाक टार्न धौ धौ भएको, समाजमा आयुनिकताका नाममा अनेक विकृति भित्रिएको तथा राजनैतिक प्रशासनिक आदि क्षेत्रमा हुने गरेको भ्रष्टचार जस्ता व्यारणले उनको कवि व्यक्तित्व जग मगाएको छ । आमुल परिर्वतनको चाहना राख्ने कवि कार्की अन्य व्यक्तित्व भन्दा कवि व्यक्तित्वले नै बढी परिचित छन् । कवि कार्कीले समाजमा विद्यमान विकृति विसङ्गगति लाई कहिले अत्यन्त मार्मिक त कहिले हास्यव्यङग्यात्मक शैलीले प्रस्तुत गरेका छन् । नवराज कार्की गाइजात्रे कवि हुन ।[८] लाग्छ मान्छेको पीडा कविले वोलेपछि केही हलुको हुन्छ । शायद नवराजका कविताहरू पनि तिनै हुन ।[९]

कार्कीको लेखनी कवितातर्फ अविच्छिन्न रूपमा र बेजोड गतिमा दौडिरहेको छ । उनका धेरै कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका छन् भने **सिलसिला** (२०४०) **मनभित्रको आँधी** (२०५३) र **एक दनक** (२०५९) गरी तीन कवितासङ्ग्रह पनि प्रकाशित छन् ।

प्रगतिवादी खालका कविता लेखन आरम्भ गरे तापनि कार्कीका पछिल्ला कविताहरूमा समसामयिक प्रवृत्तिहरू ज्यादा पाइन्छन् । उनको साहित्यसाधनाले तीन दशक भन्दा बढी समय पार गरिसकेको छ भने यस अवधिमा सयौं कविताहरूको सिर्जना गरेका छन् ।

---

[७] ऐजन ।

[८] शर्मा, मुक्तिनाथ "नवराज कार्कीले एक दनक दिनुभयो", युग संवाद, पूर्ववत् ।

[९]प्रकाशिका, **सिलसिला** (काठमाडौं, श्रीमती शान्ता कार्की, २०४०) ।

धेरैजसो सामाजिक एवम् राजनैतिक क्षेत्रमा भएका विकृतिलाई उजागर गर्न खप्पिस कार्की हास्यात्मक किसिमका मुक्तकहरूको रचनमा पनि अग्रस्थानमा रहेका छन् । कवि कार्की वास्तवमा पछिल्लो युग (वर्तमानलाई भनिएको छ युग समय सापेक्ष बगिरहने युग हो ) का उदीयमान कविहरूका अगज पङ्क्तिमा पर्ने प्रतिभा हुन् ।[10] समाजमा विद्यमान विसङ्गति, त्यसलाई उन्मूलन गर्नुपर्ने आवश्यकता अनि पुराना मक्किएका परम्पराप्रति घृणा र नैतिक न्यायपूर्ण सुन्दर समाजको सिर्जनाको चाहना उनका कविताहरूमा व्यक्तिएको पाइन्छ । युगको यथार्थलाई कविताका माध्यमबाट प्रस्तुत गर्ने कार्कीका कविताहरू वास्तवमै विसङ्गति विकृति माथि चोटिलो झापड बन्न पुगेका छन् ।

नवराज कार्कीका अधिकांश कविता गद्य लयमा लेखिएका छन् तापनि शैलीगत वैशिष्टयले लयात्मकताको निर्वाह गरेको छ । उनका कविताहरू भावनाको उडान भन्दा यथार्थताका नजिक छन् ।

यसरी कविता लेखन उनको जीवनको पर्याय नै भएकाले कवि व्यक्तित्व समग्र व्यक्तित्वकै एक महत्त्वपूर्ण व्यक्तित्व बन्न पुगेको छ ।

**आ) कथाकार व्यक्तित्व**

नवराज कार्की कवि मात्र नभई कथाकार पनि हुन् । कार्कीको औपचारिक साहित्यिक जीवनको थालनी कथाबाट भएको थियो । २०२९ सालको **मातृभूमि** पत्रिकामा 'विधवा' शीर्षकको कथा प्रकाशन भएपछि उनको औपचारिक साहित्यिक जीवनको थालनी भएको थियो ।[11] २०४० साल यता उनले कथा लेखन भन्दा कविता लेखनलाई प्राथमिकता दिएकाले उनको कथाकार व्यक्तित्व त्यति फस्टाउन सकेको पाईदैन । २०२९ साल देखि २०४० साल सम्म लगभग १० वटा जति कथा लेखेको जानकारी पाइए तापनि ती अझै उपलब्ध भने हुन सकेका छैनन्। उनका पत्रपत्रिका मार्फत प्राप्त भएका कथाहरूमा क्रमशः **विद्यवा, यी भोगिएका क्षणहरू, थर** रहेका छन् ।

समसामयिक परिवेशको चित्रण गर्दै समयको चिरफार गरेर लेखिएका उनका कथाहरूमा समाजको यथार्थ चित्रण गरिएको छ । सामाजिक कुसंस्कार र मानवीय मूल्यको रक्षा हुनु पर्दछ भन्ने आह्वान गरिएका उनका कथाहरू जीवनका, भोगाई अनुभूति र

---

[10] कृष्ण प्रधान, "नवराज कार्कीर उनको सिलसिला एक पर्यावलोकन", **रुपरेखा**, (वर्ष २४, अंक ९, पूर्णाङ्क : २७३, २०४०, माघ) ।

[11] नवराज काकी शोधनायक, पूर्ववत् ।

अनुभवले सजिएका छन् । मानवीयताको उद्वोधन गर्नु उनको कथाकारिताको वैशिष्ट्य रहेको देखिन्छ । उनका कथामा समाजका विभिन्न पेशा र वर्गमा संलग्न निम्न, मध्यम र उच्च वर्गका पात्रहरू छन् । कथावस्तु अत्यन्त झिनो मसिनो र पातलो नै भए पनि सबल छन् र बौद्धिकताले थिचिएको नभई सरल भाषामा मानिसका मनोदशालाइ केलाउन सफल छन् । समाज परिवर्तनको चाहना राख्ने उनका कथाहरू केही न केही प्रभाव छोड्न सफल भएका देखिन्छन् ।

**इ) गीतकार व्यक्तित्व**

नवराज कार्की कविता, कथाका साथ साथै गीतका माध्यमबाट पनि चर्चित हुन पुगेका छन् । प्रायः राष्ट्रभक्तिको भावले ओतप्रोत भएका उनका गीतहरू टेलिभिजन र रेडियो मार्फत प्रशारण भईरहेका छन् ।

उनका गीतमा देशभक्ति वा देशप्रेम, प्रेममा  बिछोडिनुको पीडा, मातृप्रेम, जीवन अन्यौल अनि जीवन प्रति आशाको स्वार पनि व्यक्त भएको पाइन्छ ।[१२] अरुण थापा र बाबा राणाद्वारा गाइएको 'करौडौं मुटुहरूको एउटै ढुकढुकी नेपाल' बोलको गीत तथा कुन्ती मोक्तान र प्रदीप बम्जनद्वारा गाइएको 'ढुङ्गा नेपाल हो कि माटो नेपाल' बोलको गीत असाध्यै चर्चित छन् ।

**३.४.१. ख) द्रष्टा व्यक्तित्व**

साहित्यका विधामा मात्र नसमेटिएर त्योभन्दा भिन्न राजनीतिक लेख रचना, पत्रपत्रिकाको सम्पादन आदिमा कलम चलाएर हासिल गरेको व्यक्तित्वलाई द्रष्टा व्यक्तित्व भनिन्छ । उनको द्रष्टा व्यक्तित्वलाई यहाँ विभिन्न शीर्षकहरूमा चर्चा गरिएको छ ।

**अ) वैचारिक एवम् चिन्तनशील व्यक्तित्व**

नवराज कार्कीका विचारहरू राष्ट्रका विविध विषयमा केन्द्रित छन् । समसामुयिक राष्ट्रिय समस्याको चिन्तन मनन गर्नुका साथै राजनीति सम्बन्धी चिन्तन गर्नु उनको चिन्तक व्यक्तित्वको धर्म हो । राष्ट्रियता, निम्नवर्गीय जनता, नेपालको राजनीति, धर्म, संस्कृति शिक्षाजस्ता विभिन्न विषयहरू उनको चिन्तनको मूल विषयवस्तुहरू हुन् । 'पञ्चायत राजनीतिक चिन्तन' (२०४४) उनको पञ्चायत कालीन राजनीति सम्बन्धी पुस्तक हो । यस कृतिभित्र कार्कीले पञ्चायत कालीन राजनीतिक समसामयिक प्रश्नहरू र

[१२] कृष्णहरी बराल, गीत : सिद्धान्त र इतिहास (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०) २४३ ।

तत्कालीन विद्वान राजनैतिक चिन्त्रक एवं वरिष्ठ पश्चयहरूको जवाफलाई समेटेका छन् । आफ्नो मस्तिष्कमा सिर्जित विषयवस्तुलाई वैज्ञानिक, तार्किक ढङ्गमा विचार अभिव्यक्त गर्नु नै उनको वैचारिक एवम् चिन्तनशील व्यक्तित्वको परिचय हो ।

**आ)सम्पादक तथा पत्रकार व्यक्तित्व**

नवराज कार्कीको व्यक्तित्वका विभिन्न पाटाहरू मध्ये सम्पादक तथा पत्रकार व्यक्तित्व पनि एक हो । उनले 'गरिमा' साहित्यिक मासिकको २०६० सालदेखि २०६२ सालसम्म प्रधान सम्पादक भएर काम गरेका छन् । त्यस अघि उनी 'गरिमा' कै सल्लाहकार तथा सदस्य थिए । यसरी साहित्यिक पत्रिकामा प्रधान सम्पादक, सदस्य र सल्लाहकारका रूपमा रही कार्य गरेबाट उनको पत्रकार तथा सम्पादकीय व्यक्तित्वको परिचय सजिलै पाउन सकिन्छ ।

## ३.५ जागिरे व्यक्तित्व

नवराज कार्कीले आफ्नो जीवनको लामो समय शिक्षण पेशामा बिताएका छन् । कार्कीको जागिरे जीवनको सुरुवात २०३१ सालमा पञ्चायत प्रशिक्षण केन्द्रमा तालिम सञ्चालकको रूपमा भएको थियो । उक्त जागिरको सिलशिलामा उनले देशको पूर्वि भाग देखि पश्चिम भाग सम्मको भ्रमण गर्ने अवसर पाएका र त्यो भ्रमणबाट उनले देशको संस्कृति रहन सहन आदिका बारेमा नजिकबाट बुझ्ने अवसर पाएका थिए ।[१३] २०३४ सालमा तेस्रो श्रेणीको अधिकृत भएर त्रिभुवन विश्वविद्यालय मानवीकी तथा सामाजिक शास्त्र अन्तर्गत सम्बन्धित डीनको कार्यालय पोखरा र पछि काठमाडौँमा अनुसन्धान अधिकृत भएर काम गरेका थिए । साढे सात  वर्ष उक्त काम गरेपछि २०४१ फाल्गुन देखि लगातार सोह्र वर्षसम्म ललितकला क्याम्पस भोटाहिटी काठमाडौँमा उपप्राध्यापकका रूपमा कार्यरत रहेका थिए । त्यही अवधिमा उनले युनिभर्सल कलेज अफ मेडिकल साइन्स भैरहवामा अतिथि प्रध्यापकका रूपमा पनि काम गरेका थिए । कार्कीले नेपाली सैनिक प्रतिष्ठान खरीपाटी भक्तपुरमा ३ वर्षसम्म र  सिर्जना कलेज अफ फाइन आर्टस् काठमाडौँमा पनि प्राध्यापन गरेका थिए । उनले २०६० साउनदेखि २०६२ असारसम्म साझा प्रकाशनको महाप्रबन्धकका रूपमा पनि काम गरिसकेका छन् । यसरी उनले विभिन्न क्षेत्र र ठाउँमा

[१३] शोधनायक, पूर्ववत् ।

कार्य गरेकाले र विभिन्न अनुभव हासिल गरेकाले उनको जागिरे व्यक्तित्व पनि निकै प्रभावशाली देखा पर्छ ।

## ३.६ राजनितिक व्यक्तित्व

कार्कीले आफ्नो क्याम्पसे जीवनमा प्रगतिशिल विद्यार्थी संगठनमा समुहगत संलग्नता जनाएका थिए । आफ्नो प्राध्यापन कालको सुरुवातमा २०४५ सालतिर कार्की प्राज्ञीक समुह नामक स्वतन्त्र राजनीतिक संगठनमा लागेका थिए । लगभग ५ वर्ष सक्रिय रूपमा प्राज्ञीक समुहमा संलग्न रहेपछि उक्त समुहसँग पनि उनको संलग्नता टुट्न पुग्दछ । त्यसपछि उनी कुनै पनि राजनीतिक संगठनमा अवद्ध छैनन् र आफूलाई पार्टी भक्त भन्दा पनि देश भक्त हुँ भन्न रुचाउँछन।[१४]

## ३.७ बहुभाषिक व्यक्तित्व

नवराज कार्कीको मातृभाषा नेपाली हो । यो उनको साहित्यिक अभिव्यक्तिको प्रमुख माध्यम पनि हो । नेपाली भाषा उनको अभिव्यक्तिको सर्वाधिक सशक्त माध्यम हो भने स्वाध्ययनबाट अरु विभिन्न भाषामा पनि उनको ज्ञान त्यत्तिकै रहेको छ । उनको हिन्दी भाषामा पनि कविता लेखेका तथा भजनहरू गाएका छन् ।[१५]

उनी अंग्रेजी, हिन्दी, नेवारी भाषामा राम्रैसँग बोलचाल गर्न सक्दछन् । यसरी अंग्रेजी, नेपाली, हिन्दी र नेवारी जस्ता भाषामा राम्रो ज्ञान भएका कार्कीको यी भाषामा राम्रै दखल रहेको पाइन्छ । यसरी कार्कीको बहुभाषिक व्यक्तित्वको राम्रो परिचय पाउन सकिन्छ ।

## ३.८ अभिभावक व्यक्तित्व

नवराज कार्की एक कुशल अभिभावक हुन् । दुई छोरा तथा एक छोरीका पिता कार्कीले आफ्ना सन्तानका लागि उचित व्यवस्था मिलाएको देखिन्छ । आफ्ना सन्तानका लागि उनी अत्यन्त उत्तरदायी छन् ।[१६] कार्कीको दाम्पत्य जीवन पनि अत्यन्त सफल रहेको पाइन्छ । पति पत्नीमा हुनुपर्ने समभ्रुदारी र स्नेह भाव उनीहरूमा पाइन्छ । कार्की दम्पत्तिले आफ्ना जेठा छोरातर्फका दुई नातिहरू हेरेर छोरा बुहारीलाई काम गर्ने वातावरण मिलाइ दिएका छन् । त्यसबाट पनि उनको अभिभावकीय व्यक्तित्व छर्लङ्ग हुन्छ ।

---

[१४] ऐजन ।
[१५] ऐजन ।
[१६] श्रीमति शान्ता कार्की पूर्ववत् ।

## ३.९ विविध व्यक्तित्व

नवराज कार्कीको व्यक्तित्व उपर्युक्त क्षेत्र बाहेक अन्य क्षेत्रमा पनि संलग्न रहेको देखिन्छ । उनी ध्यान शिक्षकका रूपमा पनि सामान्य परिचित छन् । आफ्नै घरमा ध्यान प्रति इच्छा हुनेलाई उनी ध्यान अभ्यास पनि गराउँथे ।[१७] ध्यान, योगा प्रति समर्पित व्यक्तित्वहरू उनीबाट निकै प्रभावित र प्रेरित देखिन्छन् । यो पनि उनको व्यक्तित्वको अर्को महत्वपूर्ण पाटो हो ।

## ३.१० निष्कर्ष

नवराज कार्की नेपाली साहित्यका कथा र कवितालेखनतर्फ संलग्न रहँदै सामाजिक विकृति र विसङ्गतिका विरुद्ध आवाज उठाउने महत्वपूर्ण साहित्यिक व्यक्तित्व हुन् । साहित्यका अतिरिक्त अन्य क्षेत्रमा समेत उनको व्यक्तित्व उज्यालिएको भएपनि साहित्यिक व्यक्तित्वले अन्य व्यक्तित्वलाई ओझेलमा पारेको छ । समयावधिक हिसाबले हेर्दा झण्डै तीन दशकको जागिरे जीवन र तीन दशक भन्दा लामो उनको साहित्यिक क्षेत्रको साधना समानान्तर ढङ्गले अघि बढेको देखिन्छ तर उनको जागिरे जीवनले भन्दा साहित्यिक जीवनले उनलाई समाजमा परिचित गराउन सहयोग गरेको देखिन्छ । यसरी साहित्यिक व्यक्तित्वकै सेरोफेरोमा अन्य व्यक्तित्व घुमेकाले उनको साहित्यिक व्यक्तित्व प्रखर देखिन्छ । नेपाली समाज, राजनीति आदिमा रहेको विकृति, विसङ्गतिलाई कहिले अत्यन्तै प्रखर रुपमा त कहिले हाँस्यव्यङ्ग्यात्मक शैलीमा व्यक्त गरेका छन् । आफ्नो सिद्धान्त र वैचारिक पक्षलाई सगरमाथा जस्तो स्थिर र अडिग बनाएर नेपाली साहित्यका माध्यमबाट समाजमा व्याप्त भ्रष्टाचार, कुरीति, गरिबी, पश्चिमी सम्भयताको प्रभाव आदिको विरोध गर्दै आमूल परिवर्तनका लागि आवाज बुलन्द गर्ने प्रखर साहित्यिक व्यक्तित्वका रुपमा उनको समग्र व्यक्तित्व केन्द्रीत भएको देखिन्छ ।

[१७] शोधनायक पूर्ववत ।

## परिच्छेद चार

# सिलासिला कविता सङ्ग्रहको विश्लेषण

### ४.१ विषय प्रवेश

नवराज कार्कीको प्रिय विधाका रूपमा कविता विधा रहेको छ । हुन त उनको साहित्यिक जीवनको थालनी कथा विधाबाट भए तापनि पछि कार्की कथा विधामा भन्दा कविता विधामा नै बढि आकृष्ट भएको देखिन्छ । सुरुवाती दिनहरूमा उनले केही कथाहरू प्रकाशित गराएको भए तापनि हाल उनको कथा लेखन लगभग बन्द जस्तै भइको पाइन्छ । कार्कीका हालसम्म तीनवटा कविता सङ्ग्रह प्रकाशित भएका छन् । उनले रचना गरेका कविता, गीत र कथाहरूलाई सम्बन्धित विधा तत्त्वकै आधारमा विश्लेषण गर्नु वाञ्छनीय छ । त्यसैले यस परिच्छेदमा कार्कीले रचना गरेका कविता, गीत र कथाहरूलाई सम्बन्धित विधा तत्त्वका आधारमा विश्लेषण गरी उनको कृतित्वको अध्ययन गरिएको छ ।

विभिन्न विद्वानहरूले कविताका विभिन्न तत्त्वहरू बताएका छन् । ति निम्न प्रकार छन्:

विषयवस्तु, भाषाशैली, उद्देश्य, लय, दृष्टिविन्दु र विम्ब प्रतीक अलङ्कार

यिनै तत्त्वका आधारमा कार्कीका कविताहरूको विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

**सिलसिला** कवितासङ्ग्रह नवराज कार्कीको २०४० सालमा प्रकाशित प्रथम कवितात्मक कृति हो । । समकालीन कविहरूमा विशेषरुमा चिनिन पुगेका उनको प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा तत्कालीन अव्यवस्था, अस्तव्यस्तता एवं बेथितिप्रति गहिरो ढङ्गले विरोधका स्वरहरूलाई चित्रण गरिएको छ । तत्कालीन युगको मार्मिक आवाजलाई टिप्न प्रस्तुत कवितासङ्ग्रहमार्फत कवि सक्षम बनेका छन् । प्रस्तुत कवितासङ्ग्रहमा राजनैतिक विसमता एवं समाजिक विभेदताले निम्त्याएको कहालीलाग्दो दुर्दशापूर्ण परिवेशको बयान गरिएको छ । सर्वसाधारणहरू अधिकारबाट वञ्चित हुन पुगेका र त्यही आवाजलाई सजीवताका साथ पकडेर त्यसलाई कलात्मकता प्रदान गर्ने काममा कवि सफल बनेका छन् । तत्कालीन शासनको आडमा आफूलाई ठालु बनाएर अनावश्यक दुःख दिने व्यक्तिहरू माथि कविले बाघे झापट हानेका छन् । यिनै कुप्रवृत्तिहरूप्रतिको तीव्र

व्यङ्ग्य नै यस सङ्ग्रहका कविताहरूको प्रमुख स्वर हो । प्रस्तुत कवितासङ्ग्रहमा ४६ वटा मुक्तक आयामका र ३६ फुटकर आयामका कविताहरूको सङ्ग्रहमा गरिएको छ । कविता, मुक्तक तथा गीतहरूको विश्लेषण तिनका तत्त्वका आधारमा गरिएको छ

## ४.२. विषयवस्तु

**सिलसिला** कविता सङ्ग्रहको  कविताहरूमा कवि नवराज कार्कीले नेपाली समाजका विभिन्न पक्षहरूलाई विषयवस्तु बनाएका छन् । यस क्रममा उनले नेपाली राजनीति, साहित्य, संस्कृति लगायतका क्षेत्रबाट पनि कविताको विषयवस्तु लिएका छन् । कविले यस सङ्ग्रहका अधिकांश कविताहरूमा समकालीन समाजका विविध पक्षमा व्याप्त रहेका विकृति र विसङ्गतिलाई नै कविताहरूको विषयवस्तु बनाएका छन् । विवेच्य सङ्ग्रहमा रहेका कविताहरूको विषयवस्तुगत अध्ययन यहाँ क्रमशः गरिएको छ ।

**यस सहरका हाल खबरहरू** कवि नवराज कार्कीको पहिलो कविता सङ्ग्रह **सिलसिला** मा रहेका कविताक्रमको पहिलो कविता हो । यो कविता विदेशी चाल चलन, रीति रिवाज र संस्कृतिको बढ्दो प्रभाव र अनुकरणले बिथोलिँदै र बिग्रिदै गएको काठमाडौँ सहरको वास्तविक चित्र हो । एकातिर आफूलाई आधुनिक सभ्य र सम्भ्रान्त देखाउन विभिन्न अत्याधुनिक सर सामान भित्र्याउने मान्छे र अर्कातिर औषधि नपाएर थला परेको मान्छे यही सहरमा भएको विडम्बनापूर्ण अवस्थालाई कविले कविताको विषयवस्तुका रूपमा समेटेका छन् । डर लाग्दो आर्थिक अन्तरालका कारण तहसनहस भएको मानवीय यथार्थ खबरहरूलाई कविताको विषय बनाउँदै कविले त्यसप्रति व्यङ्ग्य प्रहार गर्ने काम पनि गरेका छन् । कृषि उत्पादन र अनुसन्धान लेखिएका ठूलाठूला पोस्टरमुनि कृषि प्रधान देशका कृषकलाई गहुँ मकै किन्न हिँडेको देखाउनुले कविको व्यङ्ग्य शक्तिको परिचय दिएको छ ।

**चिसो हिउँदसँगै** कवि नवराज कार्कीको **सिलसिला** कविता सङ्ग्रहमा सङ्कलित दोस्रो कविता हो । यस कवितामा कविले चिसो हिउँदसँग मान्छेको मन पनि चिसिने कुराको उल्लेख गरेका छन् । हिउँदको आगमनले कविले आफूलाई मात्र नभएर सम्पूर्ण प्रकृति जगत्मा नै समस्या ल्याएको कुरा यथार्थ किसिमले चित्रण गरेका छन् । चिसो हिउँदमा चराहरू चिर्बिराउन छाड्ने फुलहरू नफुल्ने र घाम जुन समेत निस्ताउने गरेको महसुस कविले गरेका छन् । हिउँद याम सीमित मान्छेहरूका निम्ति न्यानो भएपनि अशिकांश मान्छेहरू कठ्याङ्ग्रिने हिउँदमा चिसिएको मन लिएर बाँच्न बाध्य छन् । यस प्रकारको

प्राकृतिक परिवर्तनमा आर्थिक रूपले विपन्न रहेको समुदाय झनै बढी चिसिनु पर्ने तर्फ सङ्केत गर्दै वर्गीय समाजमा विद्यमान वर्गबोध तर्फ अभिमुख भएका छन् । यस्तै प्राकृतिक रूपले नै चिसो हुने हिउँदको विरोध गर्नु भनेको आर्थिक कमजोरीका कारण प्रकृतिको पनि प्रहार खप्न बाध्य पारिएको समुदायको पक्षको आवाज हो । यस कवितामा प्राकृतिक ऋतु परिवर्तनसँग आउने हिउँको मानव समाजमा पार्ने प्रभाव नै कविताको मुख्य विषयवस्तु बनेर आएको छ ।

**भानु ! तिम्रै कवितामा मात्र रह्यो कान्तिपुर** व्यङ्ग्यात्मक कविता हो । यस कवितामा कवि कार्कीले आजको कान्तिपुर एकताका भानुभक्तले वर्णन गरे झैँ शान्त, सुन्दर र सुसभ्य नरहेको कुरा उल्लेख गरेका छन् । कविले यस कवितामा भावीको लेखा, हातका रेखा जस्ता कुराहरूमा विश्वास गरेर श्रम नगर्ने नेपाली प्रवृत्तिप्रति एकातिरबाट प्रहार गरेका छन् भने अर्कातिरबाट कान्तिपुर (काठमाडौँ) सहरमा बढ्दै गएको आर्थिक विभेद र त्यसको मारमा परेका जनताको अवस्था तथा बढ्दो सामन्तवादी प्रवृत्तिप्रति दृष्टि दिएका छन् । जनतामाथि शोषण गर्ने र सानासाना कुरामा पनि विदेशीको मुख ताक्ने सरकारी नियतिप्रति पनि कविको आपत्ति रहेको छ । यस कवितामा कविले नेपाली साहित्यको भक्ती धाराका, सशक्त कवि भानुभक्त आचार्यले रचना गरेको 'अलकापुरी कान्तिपुरी नगरी' कवितामा देखाएको कान्तिपुर र सहरको सुन्दरतामा देखिन थालेको कुरूपतालाई विषयवस्तु बनाएका छन् ।

कवि नवराज कार्कीको **सिलसिला** कविता सङ्ग्रहमा रहेको 'आफ्नै भाग्य : आफ्नै पाखुरा' कविताको विषयवस्तु भाग्यवादी प्रवृत्तिमा अडेको छ । कविले यस कवितामा भावीको लेखा, हातको रेखा जस्ता कुराहरूमा विश्वास गरेर श्रम नगर्ने नेपाली प्रवृत्तिमाथि चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । अरुको मुख ताक्ने नेपाली प्रवृत्तिप्रति कविको आपत्ती रहेको छ । आफ्नै देशमा भएका पर्याप्त सम्भावनाहरूलाई चिन्नुको साटो सियोदेखि जहाजसम्मका सबै चिजविजहरू विदेशबाट नियार्त गर्नु पर्ने हाम्रो बाध्यता र भाग्यमा नै यस्तै रहेछ भनेर पाखुरा सुताएर बस्ने भाग्यवादी प्रवृत्तिप्रतिको असहमति यस कविताको विषयवस्तु हो ।

**गीत जो व्याथा भएको छ** शीर्षक कविताको विषयवस्तु वर्गीय समाजबाट लिइएको छ । यस कवितामा कविले वर्गीय समाजमा विद्यमान आर्थिक विभेदका कारण भत्किएका वा आगो नबलेका चिसा चुल्हाहरू, हाँसो लुटिएका ओठहरू, सपना भत्किएका आँखाहरू र

गाँसबासको हिसाव कहिल्यै नमिलेर मनको खुशी मनमा नै लुकाउन बाध्य पारिएका मानिसहरूका पीडा र समस्यालाई कविताको विषयवस्तु बनाएका छन् । कहिल्यै काम नगरे पनि सधै मीठो मसिनो खाने र राम्रो लगाउने वर्ग र सँधै काम गर्दा पनि कहिल्यै एक छाक खान, एकसरो लगाउन र ओत लाउन छानो पनि नभएको वर्गका विषयमा रहेको विभेदमा यस कविताको विषय अडेको छ ।

**समवेदना** शीर्षक कविताको विषय वस्तु पञ्चायतकालीन नेपाली समाजबाट लिइएको छ । यस कवितामा कसैको मृत्यु हुँदा वा कोही दुखमा पर्दाको बेदनालाई बाँड्नको निम्ति प्रयास गर्दै भनिने शब्दको व्याख्य गरिएको छ । पञ्चायतकालीन राज्य व्यवस्थाले जनतामाथि गरेको शोषण र त्यसका विरुद्धमा निस्किएको आवाजलाई रोक्नका लागि उसले गर्ने धरपडक र घेराबन्दीको प्रस्तुति यस कवितामा भएको छ । मानवीय संवेदनाको चिनारीका रूपमा रहेको शब्दलाई नै कैद गरिएको सन्दर्भ देखाएर यस कवितामा कविले तत्कालीन शासन प्रणालीको अन्याय, अत्याचार, शोषण र दमनका शृङ्खलाहरूलाई कविताको विषय वस्तुमा समेटेका छन् ।

**देउ किनारा थकित मनहरूलाई** शीर्षक कविताको विषय वस्तु गरिबीबाट उत्पन्न समस्यामा अडेको छ । कवितामा सारा मानिसहरू नै दुःख र कष्ट सहेर बाँच्न विवश भएको सन्दर्भ पनि आएको छ । कविताको यो सन्दर्भले कविताको विषयवस्तु जीवनको विसङ्गत पक्षतर्फ मोडेको छ । मान्छेले जति नै सुन्दर सपनाहरू बुने पनि उसले बुनेजस्तो यो संसार हुँदैन र जति सुकै आदर्शका कुराहरू गरे पनि गाँस, बास, कपास बिना उसको अस्तित्त्व यहाँ रहन नसक्ने कुरा कवितामा आएको छ । कविले यस कवितामा मानिसका दुखका गाथाहरू सुनाउँदै, आफ्ना रङ्गीन सपनाहरूले फाँटहरू सजाउनु अघि धर्तीमातासँग अडिनलाई आधार र बाँच्नलाई दाना पानीको निम्ति गरेको याचना यस कविताको विषयमा अटाएको छ ।

**'अनिश्चि भविष्य : अनिर्णीत यात्रा'** शीर्षक कवितामा कविले मानव जीवनका अनिश्चिताहरूलाई विषयवस्तुका रूपमा ग्रहण गरेका छन् । यसका साथै विवेच्य कविताले आधुनिकताको नाममा पुराना मूल्य, मान्यता र संस्कृतिलाई छोड्दै गरेको र नवीन मूल्य मान्यताहरू स्थापित नगरी सकेको मानव पुस्ताको अतिरिक्त यात्रा पनि कविताको विषय वस्तुमा समेटिएको छ । आफू र आफ्ना बचेराहरूका लागि चारा खोज्न र गुँड बनाउनका लागि उडेको चरो कुनै व्याधाको आक्रमणमा परी मर्न सक्ने सम्भावनालाई देखाउँदै त्यसका

माध्यमबाट मानव जीवन र यस्तै पुरानै प्रकृतिको गुँड बनाउन लागि परेको मानु चरो र नयाँ घर बनाउन चाहने बचेरो चराका माध्यमबाट कविले मानव पुस्ताका फरक फरक सोच र मूल्यलाई प्रस्तुत गरेका छन् भने नयाँ पुस्ताले निर्माण गर्न खोजी नवीन मूल्य कस्तो भन्ने कुरा स्पष्ट नभएको देखाएका छन् । यिनै सन्दर्भहरू नै यस कविताको विषय वस्तुका रूपमा आएका छन् ।

**संम्भिरहेछु बाडुकीहरूमा** शीर्षक कविता कविले ग्रामीण जीवनको शान्तिपूर्ण वातावरण र सहरी जीवनको कोलाहललाई विषय वस्तु बनाएका छन् । गाउँका सुनसान गोरेटाहरू पार गर्दै त्यहाँको स्वच्छ, शान्त र चिश्चल वातावरणलाई छोडेर सहर प्रवेश गरेका कविले सवारी साधनले भरिएको सहरको बाटो काट्दै गर्दा आफ्नो गाउँलाई सम्झना गरेका सन्दर्भहरू यस कविताको विषय वस्तुमा आएका छन् । अलमल्याउने बाटा सञ्जालहरू नभएको, जुन सुकै बेला ढुङ्गे धाराबाट सफा र स्वच्छ पानी बगिरहने, स्वच्छ र सफा हावा बहने आफ्नो गाउँलाई सहरी अस्तव्यस्तता, कोलाहल र भीड भाड तथा अभावहरूबाट सम्झँदै गरेको सन्दर्भ कवितामा आएको छ । त्यस्तै गरी गाउँमा विकास नभएको, विद्यालय, अस्पताल लगायतका विकासहरू नभएको र जीविकोपार्जनका लागि कृषि भन्दा बाहेकका कुनै पनि अवसर नभएका कारण संभि संभि बाँच्नु परेको सन्दर्भ अर्थात सहरी र ग्रामीण जीवनका अन्तराल नै यस कविताको विषयवस्तु बनेर अगाडि आएको देखिन्छ ।

कवि नवराज कार्कीको पहिलो कविता सङ्ग्रह **सिलसिला**मा रहेको **युग बोल्दैछ भित्र बाहिर** ले शासक वर्गको अन्याय र अत्याचारलाई आफ्नो विषय वस्तु बनाएको छ । यसका साथै शासक वर्गको अन्याय र अत्याचार भोग्न बाध्य पारिएको जातिले आफ्नो हक अधिकार प्राप्तिका लागि सचेत भएर लाग्नु पर्ने सन्दर्भ पनि कवितामा आएको छ । कविका अनुसार मान्छे सधैं अन्याय, अत्याचार र अन्धकारमा गुम्सेर बस्न सक्दैन । आफूहरूमाथिको त्यस्तो ज्यादती बढ्दै गएमा मान्छेले जस्तो सुकै विष्फोटको रूप पनि लिन सक्छ । यसरी जनता जागेको बेला, चेतना उठेको बेला त्यस्तो जनसागरले जस्तो सुकै परिवर्तन पनि ल्याउन सक्ने जिकीर कविले कवितामा गरेका छन् । निवेच्य कविताको विषय वस्तु सर्वसाधरण जनताका तर्फबाट शोषक सत्ताधारीलाई गरेको खबरदारिमा केन्द्रित रहेको छ ।

कवि नवराज कार्कीको **सिलसिला** कविता सङ्ग्रहमा सङ्गृहीत **राजा** शीर्षकको कवितामा राजतन्त्रात्मक व्यवस्थामा राजाको भूमिकालाई विषयवस्तु बनाइएको छ ।

जनताप्रतिको आफ्नो कर्तव्य, उत्तरदायित्व र जिम्मेवारी सही तरिकाले निर्वाह गर्ने व्यक्ति नै जनताको सच्चा राजा हुने सन्दर्भ यस कवितामा आएको छ । यस कवितामा राजाले माया, प्रेम र सद्भावले जनताको मन जित्न सक्नु पर्ने कुरा उठाइएको छ । जनताको समस्या आँशु पुछेर जनताको मन सम्हाल्न सकेमा उनीहरूको विश्वास जित्न सकिने र शासन सत्तामा टिकिरहन सकिने सन्दर्भ कवितामा आएको छ ।

**कृष्ण** शीर्षकको  कवितामा पौराणिक सन्दर्भलाई विषयवस्तु बनाइएको छ । कविले यस कवितामा भगवान् श्रीकृष्णको सारा जीवनको इतिवृत्त प्रस्तुत गरेका छन् । आमाको गर्भमा रहँदादेखि नै आमासँगै कैदी बनेका भनी पुराणमा व्याख्या गरिएका कृष्णको जन्म, आमाबाबुको मायाबाट बञ्चित भएको सन्दर्भ, उनको बाल्यकाल र उनले गरेका चमत्कारिक कार्यहरूको वर्णन यस कवितामा गरिएको छ । बाल्यवस्थाबाट नै आमाबाबुबाट विमुख भएर पनि उनी आफ्ना सच्चा कर्म र सत्यको हिमायती भएकै कारण सर्वत्र पुजनीय भएको कुरा कवितामा उल्लेख भएको देखिन्छ । सारमा यस कवितामा कविले पौराणिक पात्र श्रीकृष्णलाई वर्तमान युगीन परिवेश अनुसार सामान्यीकरण गरेर आम मान्छेको रूपमा चित्रण गरेका छन् र हरेक मानिसलाई कृष्ण जस्तै बन्नु पर्ने सन्दर्भ उल्लेख गरेका छन् । कवितामा आएको यही सन्दर्भ नै विवेच्य कविताको विषयवस्तु हो ।

वि.सं. २०४० को दशकको आरम्भिक समयमा नेपाली राजनीतिमा देखिएको अन्यौलतालाई विषयवस्तु बनाएर लेखिएको कविता हो  **यात्रा त अझै सूर भएकै छैन** । यस कवितामा कविले पञ्चायती शासन व्यवस्थाका विरुद्ध उठेको आन्दोलन २०३६ सालमा जनमत सङ्ग्रहमा टुङिएको र पुनः उही व्यवस्था रहेको सन्दर्भलाई कविताको विषयवस्तु बनाएका छन् । यस्तै गरी विशेषतः नेपालका बाम पार्टीहरूमा देखिएको पार्टी फुट्ने र फुटाउने रोग र नेतृत्व विहीनताको अवस्था तथा जनतामा कता र को तर्फ लाग्ने भन्ने अन्यौलतालाई यस कविताको विषयवस्तु भित्र समेटिएको देखिन्छ ।

फूल १, फूल २, फूल ३, र फूल ४ गरी चार परिच्छेदमा रचित **कविताको डालीमा चार थुङ्गा फूल** शीर्षकको कविताले फूललाई नारी सौन्दर्यको प्रतीकको रूपमा प्रस्तुत गरेको छ र कविताको विषयवस्तु यही नारी सौन्दर्यमा अडेको छ । कविताको पहिलो परिच्छेदमा काँढाबीच फुलेको फूल कविलाई अत्यन्त सुन्दर लागे पनि ओइलाउने डरले टिप्न नसकेको र टोलाएर हेरिरहेको प्रसङ्ग छ । कविताको दोस्रो परिच्छेदमा कविलाई फूलको अति माया लागेर पनि ‘म तिमीलाई मन पराउँछु, माया गर्छु’ भन्न नसकेको कुरा

उठाइएको छ । अनि तेस्रो र चौथौ परिच्छेदमा विभिन्न बाध्यता र प्रतिकूल परिस्थितिका कारण आफूले मन पराएको र माया गरेको फूल प्राप्त गर्न नसकेको कुरा उल्लेख गरिएको छ । यसरी विवेच्य कवितामा फूलका माध्यमबाट नारी सौन्दर्य र यौवनलाई कविताको विषवस्तु बनाएर प्रस्तुत गरिएको छ ।

**सहर** शीर्षक कविताको विषय वस्तु काठमाडौँ सहर हो । यस कवितामा कविले प्राकृतिक सुन्दरता र उत्पादन युक्त जमिन तथा पाटी पौवा र धर्मशाला अनि गौचर मासेर बनेको सहरले गुमाउँदै गएको मानवीय संवेदनाको प्रस्तुति एकातिर भएको छ भने अर्कातिर बढ्दो सहरी प्रदुषण कवितामा व्यक्त भएको छ । यस कवितामा शिक्षा, स्वास्थ्य, विजुली, यातायातजस्ता कैयौँ सुविधाहरूको अपेक्षा गरेर मान्छेहरूले सहरको निर्माण गर्छन् तर जब सहर सहरमा परिणत हुन्छ अनि बढ्दो प्रदूषण, महङ्गी, अभाव र स्वार्थका कारण मान्छेकै हित विपरीत देखा पर्न थाल्छ भन्ने सन्दर्भ विषयवस्तुमा अटाएको छ ।

**पानी** कविताको विषयवस्तु जीवन हो । यस कवितामा कविले जीवनलाई पानीजस्तै आकारहीन, परिभाषाहीन, स्वादहीन, नित्य चञ्चल र नवीन बनाउनु पर्ने सन्दर्भ प्रस्तुत गरेका छन् जस्ता सुकै विध्नबाधालाई पन्छाउँदै आफ्नो बाटो आफैँ बनाउँदै सागर भेट्न भएर सीमित आकार नबाँधिई निराकार हुँदै, साँघुरा परिभाषाहरूमा धमिलिए, पनि पुनः सङ्लिएर हिँड्न पानी जस्तै जीवनको अर्थलाई नै कविताको विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् ।

**यो माटोको कथा** कवितामा देशभक्तिको भावनालाई कविताको विषयवस्तु बनाइएको छ । यस कवितामा माटो देशको प्रतीक बनेर आएको छ । कविले यस कवितामा पुर्खाहरूको त्याग, तपस्या र बलिदानीबाट निर्मित र संरक्षित यो देश नै हाम्रो आधारभूमि भएको र यसले नै हाम्रो परिचय प्रस्तुत गरिरहेको सन्दर्भ प्रस्तुत गरेका छन् । इतिहासमा नेपाल राज्य सदा सर्वदा स्वाधीन र स्वतन्त्र रहेको सन्दर्भ प्रस्तुत गर्दै कविले त्यसलाई बचाई राख्नका लागि नेपालीहरूलाई गरेको अनुरोध कविताको विषयवस्तु बनेर आएको छ ।

कवि नवराज कार्कीको पहिलो कविता सङ्ग्रह 'सिलसिला' मा सत्रवटा फुटकर कविताहरू एउटा खण्डमा रहेका छन् भने अर्को खण्डमा केही मुक्तकहरू रहेका छन् । यी मुक्तकहरूले तत्कालीन नेपाली समाजको यथार्थका विभिन्न पक्षहरू, मानव जीवन, माया प्रेम आदिलाई आफ्नो विषयवस्तु बनाएका छन् ।

'केही मुक्तकहरू' खण्डको पहिलो क्रममा रहेको 'तिमीलाई एउटा प्रश्न' शीर्षक मुक्तकले आफूले प्रेम गरेको व्यक्तिलाई आफ्नो बनाउन नसकेको सन्दर्भ प्रस्तुत गर्दै विप्रलम्भ श्रृङ्गारलाई विषयवस्तु बनाएका छन् । 'मृत्यु' शीर्षक रहेको मुक्तक कवितामा कविले मृत्युको सत्यतालाई आफ्नो विषयवस्तु बनाएका छन् । ग्रामीण जीवन र सन्दर्भलाई विषय बनाएर लेखिएको मुक्तकको शीर्षक 'मनको कुरो' रहेको छ । यस सङ्ग्रहमा रहेको 'माया' शीर्षकको मुक्त माया र प्रेमको विषयमा लेखिएको छ भने 'यौवनको विगो' शीर्षक मुक्तकमा पनि प्रेमलाई नै विषय बनाइएको छ । 'स्वीकारोक्ति' शीर्षकमा रचना गरिएको मुक्तकले नेपालीहरूको अल्छिपनलाई आफ्नो विषयवस्तु अन्तर्गत समेटेको छ । नेपाली समाजमा बढ्दो द्वन्द्व, हत्याहिंसा, दण्डहीनता आदिलाई विषयवस्तु बनाएर रचना गरिएको मुक्तकको शीर्षक 'उल्टो सुल्टो' दिइएको छ । विवेच्य सङ्ग्रहमा रहेको 'दाडु' शीर्षक मुक्तकमा तत्कालीन राजनीतिक व्यवस्थालाई विषयका रूपमा उठाइएको छ । 'हिमाल' नामक मुक्तक नेपाली राष्ट्रियता वा नेपाल राष्ट्रलाई विषय बनाइएको रचना हो । जीवनलाई एउटा मालबाहक साधनका रूपमा प्रस्तुत गर्दै यसको संघर्षमय अवस्थालाई विषयवस्तु बनाएर रचना गरिएको मुक्तकको  शीर्षक 'जीवन' रहेको छ । 'कसले के भन्छ ?' मुक्तकमा मानवीय जीवनका विकृत पक्षलाई सम्बन्धका रूपमा प्रयोग गरिएको छ । मान्छेका विभिन्न रूपहरूलाई विषयका रूपमा प्रयोग गरिएको मुक्तक 'टाठा बाठा नेपाली' हो । विश्वास गरेर प्रेम गरेको व्यक्तिले विश्वासघात गर्दाको सन्दर्भलाई विषयवस्तु बनाएर लेखिएको मुक्तकलाई कविले 'दुर्घटना' शीर्षक दिएका छन् । सत्ता र शक्तिको लडाइँले गर्दा नेपाली जनताको अमन चयन र शान्ति सुरक्षा खोसिएको घटनालाई 'उपलब्धि' शीर्षक कविताले विषयवस्तु बनाएको छ । त्यस्तै नेपाली राजनीतिका खराव पक्षलाई विषय बनाएर लेखिएको अर्को कविता 'वास्तविकता' हो । त्यसमा कविले कुरा हैन कामलाई सम्मान र कदर गर्ने हो भने, मन्त्री होइन, मजदुरलाई समान गर्नु पर्ने कुरा उल्लेख गरेका छन् । 'सुख दुःख' शीर्षक रहेको मुक्तकले समाजमा रहेको वर्गीय विभेदलाई वस्तु सन्दर्भका रूपमा प्रस्तुत गरेको छ भने 'समानता' नाम रहेको अर्को मुक्तकले पनि वर्गीयतालाई नै उठाएको छ । 'मताधिकार' मुक्तकले जनताको मन पाएर चुनिएका व्यक्तिहरूले जनताको पक्षमा काम गर्न नसकेको सन्दर्भलाई उठाएको छ । नेपाली राजनीतिक क्षेत्रकै विकृतिलाई विषय बनाइएको अर्को मुक्त बूढो बाबुको अर्ति हो । 'विरक्ति' शीर्षक मुक्तकले एक्लो जीवनका अन्यास र पीडालाई वस्तुका रूपमा लिएको छ । 'याड' शीर्षक कविताले पनि वर्गीय

समस्यालाई नै उठाएको छ । 'नीति' नाम दिइएको सङ्ग्रहको अर्को मुक्तकले पनि राजनीतिक विकृति र विसङ्गतिलाई नै वस्तु सन्दर्भका रूपमा प्रस्तुत गरेको छ । यौन प्राकृतिक कुरा हो । मान्छेलाई गाँस, बास, कपास झैं यौनको पनि आवश्यकता हुन्छ । प्रकृतिप्रदत्त त्यही यौन चाहना पूरा गर्न रहर लागेको सन्दर्भ 'मन लागेको छ' नामक मुक्तकमा उठाइएको छ । 'राजनीति र जनता' शीर्षक मुक्तकले नेता र जनताको जीवनमा रहेका पृथकताहरूलाई विषयका रूपमा उठाएको छ । 'चोखो मीठो र 'मन्दिर बनाउँदैछु' शीर्षक मुक्तकहरूले माया र प्रेमलाई विषय वस्तु बनाएका छन् ।

यस प्रकार कवि नवराज कार्कीले आफ्नो पहिलो कविता कृति **सिलसिला** मा रहेका कविताहरूमा विभिन्न पक्षहरूलाई विषयवस्तुका रूपमा लिएका छन् । यी कविताका विषय वस्तु यथार्थमा अडेका छन् । समाज, संस्कृति, धर्म राजनीति, माया, प्रेम आदि विविध पक्षमा रहेका यथार्थ विकृति र विसङ्गतिबाट यस सङ्ग्रहका कविताहरूले विषयवस्तु टिपेका छन् ।

## ४.३ भाषाशैली

कवि नवराज कार्कीले आफ्नो पहिलो कविता सङ्ग्रह **सिलसिला** मा सरल र सरस भाषालाई कलात्मक रूपले प्रस्तुत गरेका छन् । कविता कृतिमा विषयवस्तु प्रस्तुतिको माध्यमका रूपमा लिइने भाषा र त्यसको तौर तरिका वा कलात्मकताको मापनको आधारका रूपमा लिइने शैलीलाई महत्त्वपूर्ण मानिन्छ । विवेच्य सङ्ग्रहमा कविले तत्सम र तद्भव र आगन्तुक तिनै स्रोतका भाषिक रूपको यथोचित प्रयोग गरेका छन् । तद्भव शब्दहरूको प्रयोग र प्रचुरताले भाषालाई सम्प्रेष्य र सुबोध्य बनाउने काम गरेका छन् । यस सङ्ग्रहको भाषिक पक्षलाई हेर्दा कवि कार्की दैनिक प्रयोगमा आउने बोलचालका शब्दहरूलाई नै लिएर त्यसको कलात्मक संयोजन गर्न खप्पिस छन् भन्ने कुराको छनक प्राप्त हुन्छ । कवि कार्कीको कालिगढी संक्षिप्त भएर पनि कति शिल्पी र कलात्मक छ भन्ने कुराको पुष्टिका लागि निम्न लिखित कविताशंलाई हेर्न सकिन्छ :

चोटहरू तिखो छिनाकै भए पनि

मायै मायामा दिनाले

ढुङ्गो पनि मूर्ति बनेर मुस्कुराउँछ (पृ. ४२)

उल्लिखित कविताशंमा रहेको सरल भाषा र कलात्मक शैलीले कवि कार्कीको भाषाशैलीय विन्यासको क्षमताको परिचय प्रस्तुत गरेको छ ।

कवि नवराज कार्कीको यस सङ्ग्रहमा रहेका सबै कविताहरू गद्यमा लेखिएका छन् तर पनि कवितात्मकताका हिसावले जोडदार छन् । सरल नेपाली भाषाको प्रयोग उनको भाषिक विशेषता हो । विवेच्य कविता सङ्ग्रहमा केही हदसम्म आगन्तुक शब्दको प्रयोग पनि देखिन्छ । 'प्यासेन्जर', 'कन्डिसन', 'लार्ज साइज', 'होटल', 'रेष्टुराँ' आदि आगन्तुक शब्दको प्रयोग विवेच्य किवता सङ्ग्रहमा भएको देखिन्छ । यी आगन्तुक शब्दहरूले कविताको भाषालाई कलात्मकता प्रदान गर्नमा सहयोग गरेका छन् । कविको मुख्य विशेषता भनेको व्यङ्ग्यात्मकता हो । उनको यस विशेषताले कविताको भाषिक पक्षमा पनि प्रभाव पारेको देखिन्छ । उनी व्यङ्ग्यका लागि वर्णदेखि वक्रोक्तिको प्रयोग गर्छन् जसले निर्वाह गरेको हुन्छ र कवितामा कलात्मक मूल्य थपेको हुन्छ भाषामा सरलता, सरसता र सुबोध्यता तथा शैली सङ्ग्रहको भाषाशैलीय वैशिष्ट्य हो ।

## ४.४ उद्देश्य

**सिलसिला** कविता सङ्ग्रहका कविताहरूलाई आधार वा उनका कविताको मुख्य उद्देश्य भनेको सामाजिक यथार्थको प्रस्तुति र सुधारिएको समाजको परिकल्पना हो । सामाजिक यथार्थलाई प्रस्तुत गर्ने सन्दर्भमा उनले नेपाली समाजको विविध पक्षमा रहेका विकृति र विसङ्गतिलाई यथार्थ रूपले प्रस्तुत गरेका छन् र तिनमाथि व्यङ्ग्य प्रहार गरेका छन् । उनी यथार्थको प्रस्तुतिमा बढी मात्रामा राजनीतिक यथार्थ र यसका विकृति तथा विसङ्गतिमा केन्द्रित रहेका छन् भने माया प्रेम, यौन आदि पनि उनका कवितामा व्यक्त भएको देखिन्छ । यस हिसाबले हेर्दा कवि कार्कीका कविताहरूको मुख्य उद्देश्य भनेको सुधारिउको प्रगतिशील समाजको निर्माण गर्नु हो । त्यसैले उनका कवितामा प्रगतिवादी चिन्तनको अभिव्यक्ति पाइन्छ । उनले आफ्ना कविता सहरी जटिलता र ग्रामीण सरलतालाई पनि देखाएका छन् ।

यस सङ्ग्रहको पहिलो कविताले सहरी जीवनको जटिताहरूको यथार्थ प्रस्तुतिलाई आफ्नो उद्देश्य बनाएको छ । यस कविताले मानवीय संवेदना गुमाउँदै गएको र हुने खाने र हुँदा खाने मानिसहरूका बिचमा दिनप्रति दिन बढ्दै गरेको आर्थिक दुरीको यथार्थ रूप प्रस्तुत गर्दै त्यसप्रतिको व्यङ्ग्यलाई कविताको उद्देश्य बनाएको देखिन्छ । सहरी जीवन

अर्थात कान्तिपुर (काठमाडौँ) सहरको प्राचीन रूप नेपाली साहित्यका चर्चित कवि भानुभक्त आचार्यले आफ्नो कवितामा लेखेको जस्तो नभएको भन्दै यस सङ्ग्रहको दोस्रो कवितामा पनि सहरी जीवनको यथार्थ प्रस्तुति नै कविताको उद्देश्य बनेर आएको छ । विभिन्न शीर्षकका सत्रवटा कविता र केही मुक्तकहरू गरी दुई खण्डमा विभाजित भएका यस सङ्ग्रहका कविताहरूको अध्ययन गर्दा यी कविताहरूको विरोध, सामाजिक असमानताप्रति आक्रोश, देशको विकराल चित्रण, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक खराव प्रवृत्तिहरूको चित्रण, व्यक्तिगत जीवन, माया प्रेम आदि क्षेत्रका नकारात्मक पक्षको अभिव्यक्ति गर्दै तिनीहरूप्रति व्यङ्ग्य गर्नु रहेको देखिन्छ । कवि कार्की सामाजिक र व्यक्तिगत क्षेत्रमा रहेका विकृति र विसङ्गतिलाई यथार्थ रूपले प्रस्तुत गर्दै सुधारिएको समाज निर्माणको पक्षमा आफ्नो अभिमत प्रकट गर्ने कवि हुन् । विशेष गरी देश र जनतालाई केन्द्रमा राखेर तिनीहरूको पक्ष पोषण, गर्दै कविता कृतिको रचना गर्ने यी कविको विवेच्य सङ्ग्रह हो । यसै कुराको पुष्टि गरेको छ । यस सङ्ग्रहमा रहेका केही कविताहरूले वर्गीय समाजका यथार्थतालाई प्रस्तुत गर्दै वर्ग विहीन समतामूलक समाज निर्माणका पक्षमा पनि वकालत गरेका छन् । यस सङ्ग्रहमा रहेको **गीत जो व्याथा भएको छ** कविता नेपाली समाजमा विद्यमान यही वर्गीय असमानतालाई प्रस्तुत गर्दै त्यसको विरोध गर्ने उद्देश्यका साथ लेखिएको कविता हो । पञ्चायती काल खण्डमा लेखिएका यस सङ्ग्रहका कविताहरूको मुख्य उद्देश्य भनेको नेपाली समाज र जीवनका विविध पक्षमा व्याप्त खराव प्रवृत्ति र आचरणप्रति व्यङ्ग्य गर्नु र समाज सुधारको सन्देश प्रक्षेपण गर्नु हो ।

## ४.५ लय

कवि नवराज कार्की मुक्त छन्दमा कविता रचना गर्ने व्यक्तित्व हुन् । उनका सबै कविता कृतिहरू गद्यमा नै रचना गरिएको देखिन्छ । उनको पहिलो कविता सङ्ग्रहका रूपमा नेपाली साहित्यका पाठकहरू सामू आएको **सिलसिला** कविता सङ्ग्रह पनि यही गद्य लयमा नै संरचित रहेको छ । गद्यमा लेखिएका भए पनि उनका कविताहरु निकै लयात्मक किसिमका छन् । गद्य, कवितामा लय सिर्जनाका लागि आवश्यक मानिने आवृत्ति, प्रवाह, विराम, आधात र हरफ तथा अनुच्छेद योजनाको उचित संयोजन भएको देखिन्छ । यही कारणले गर्दा नै उनका गद्य कविताहरु सुन्दा पढ्दा निकै मिठा लाग्छन् ।

विवेच्य सङ्ग्रहमा रहेका कविताहरूमा कविले कतै कतै अनुप्रास संयोजनबाट लयको सिर्जना गरेका छन् । यसको उदाहरण -

आउने भए हाम्रो भएर आइज

आउने भए राम्रो भएर आइज

हिमाल तताउन नसकिँदो रैछ (पृ. ५)

हिउँद घपाउन नसकिदो रै छ ।

उल्लिखित कविताशंको पहिलो श्लोकमा 'तताउन' र 'धपाउन' शब्दबाट मध्यानुप्रासको योजना गरिएको छ भने 'नसकिँदो रै छ' पदावलीको आवृत्तिबाट लय सिर्जना गरिएको छ । यस्तै दोस्रो पंक्तिमा 'आउने भए' र 'भएर आइज' पदावलीले दुई-दुई पटक आवृत्ति गरी 'हाम्रो' र 'राम्रो' बाट अनुप्रासको योजना गरिएको छ । यस प्रकार कविले गद्य लयमा कविताको सिर्जना गरेर पनि लयको विष्टताका लागि अनुप्रास र आवृत्तिको योजना गरेका छन् । जसले कवितालाई लयात्मक बनाउने कार्य गरेका छन् । यस्तै गरी यस सङ्ग्रहमा रहेको 'गीत जो व्याथा भएको छ' शीर्षक कवितामा कविले 'जाम बाटो काशीको घर न ठेगाना म सुकुम्बासीको' (पृ. १०) भन्ने लोक गीतको पनि प्रयोग गरेका छन् । यस्तो प्रकारको प्रयोगले कवितालाई सङ्गीतमय बनाएको छ र लयात्पादन गरेको छ ।

गद्य कवितामा लय सिर्जनाको मुख्य आधार भनेको आवृत्ति नै हो । उनले यस सङ्ग्रहका कवितामा वर्ण, अक्षर देखि लिएर पद र पदावलीसम्मको आवृत्तिबाट लय सिर्जना गरेका छन् । पदावलीय स्तरको आवृत्तिको उदाहरण माथि नै दिई सकिएको छ । यहाँ आवृत्तिको अर्को उदाहरण प्रस्तुत छ -

ज्यादै पाकेको छु

ज्यादै भोकाएको छु

ज्यादै तिर्खाएको छु (पृ. १४)

माथि प्रस्तुत गरिएको उदाहरणमा 'ज्यादै' पदको तीन पटक आवृत्ति भएको छ भने 'छु' को पनि तिनै पटक आवृत्ति भएको देखिन्छ । यस्तै 'क' को पाँचपटक र 'ए' को दुईपटक आवृत्ति भएको छ । यस सङ्ग्रहका अधिकांश कवितामा कतै न कतै कुनै न कुनै

रूपले यस प्रकारको आवृत्ति भएको देखिन्छ । यसकारण लय संरचनाका हिसावले विवेच्य कविता सङ्ग्रहक गद्य कविताहरू सफल रहेका छन् ।

## ४.६ दृष्टिविन्दु

कवितामा कविका भाव, विचार, अनुभूति, वस्तु आदिलाई पाठक सामु उपस्थित गर्ने तरिकालाई दृष्टिविन्दु भनिन्छ । कृतिमा प्रथम वा तृतीय पुरुषमध्ये कुन सहभागीको केन्द्रीयतामा वस्तुको प्रस्तुति गरिएको छ र वस्तुसँग त्यसको के कस्तो सम्बन्ध छ भन्ने कुराको जानकारी दृष्टिविन्दुको पहिचानबाट हुन्छ । 'म' 'हामी' समाख्याताका रूपमा भएको छ भने त्यो प्रथम पुरुष दृष्टिविन्दु हुन्छ भने समाख्याता ऊ त्यो, तिनी, उनी अर्थात् कुनै नामधारी पात्र आएको छ भने त्यो तृतीय पुरुष दृष्टिविन्दु हुन्छ । कवि नवराज कार्कीको विवेच्य कविता सङ्ग्रहको समाख्याता दुवै प्रकृतिको रहेको देखिन्छ । ऊ कुनै कवितामा प्रथम पुरुषका रूपमा उपस्थिति भएर कविताको वस्तु सन्दर्भ व्यक्त गरेको छ भने कुनै कवितामा आफू बाहिर नै बसेर घटना तथा वस्तुको तटस्थ प्रस्तृति गरेको देखिन्छ ।

सङ्ग्रहको पहिलो क्रममा रहेको कविता आन्तरिक अर्थात् प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ । यस कविताको समाख्यान कविता समाख्याता, कवितामा नै बसेर काठमाडौँ सहरका हाल खबरहरू सुनाई रहेको छ । कविताको समाख्याता आफैं व्यक्ति बनेर आफू नै कवितामा उपस्थित भएर वा त्यसभित्र नै बसेर वस्तु सन्दर्भ प्रस्तुत गरेको छ ।

विवेच्य सङ्ग्रहको दोस्रो क्रममा रहेको कवितामा पनि प्रथम पुरुष दृष्टि विन्दुको नै प्रयोग भएको देखिन्छ । कवि नवराज कार्कीको यस सङ्ग्रहमा रहेको 'भानु ! तिम्रै कवितामा मात्र रह्यौ कान्तिपुर' द्वितीय पुरुष दृष्टिविन्दुमा लेखिएको कविता हो । यस कवितामा समाख्याता आफू कतै उपस्थित छैन र नेपाली साहित्यका आदि कवि भानुभक्त आचार्यलाई 'तिमी' भनी सम्बोधन गर्दै कविताको विषय वस्तु पस्केको छ । विवेच्य कविता सङ्ग्रहमा रहेको अनिश्चित भविष्य अनिर्णीत यात्रा कविता बाह्य वा तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ । यस कविताको समाख्याता कविता भन्दा बाहिर नै बसेर नेतृत्व असल नपाएर अलमलिएका नेपाली जनताका कथाहरूलाई काव्यिक वस्तुका रूपमा अगाडि प्रस्तुत गरेको छ । यस प्रकार कवि नवराज कार्कीको विवेच्य कविता सङ्ग्रहमा रहेका कविताहरूको समाख्याता प्रथम, द्धितीय र तृतीय तिनै पुरुषका रूपमा देखिएको छ । यसकारण यसमा विभिन्न दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

## ४.७ विम्ब, प्रतीक, अलङ्कार

**सिलसिला** विम्ब, प्रतीक तथा अलङ्कार जस्ता कलात्मक पक्षहरूको संयोजन गरिएका कविता तथा मुक्तक सङ्ग्रह गरिएको पुस्तकाकार कृति हो । कुनै पनि विषय वस्तु घटना आदिको बारेमा पाठकको मस्तिष्कमा सजीव चित्र उपस्थित गराउन प्रयोग गरिने भौतिक तथा मानसिक जगतको विम्बहरूले यस सङ्ग्रहका कविताहरू पनि सजिएका छन् । वि.सं. २०४० मा प्रथम पटक प्रकाशित यस सङ्ग्रहका कविताहरूमा समकालीन समयका बेथिति, विकृति, विसङ्गति तथा कविका विचार, भोगाइ र अनुभूतिलाई प्रस्तुत गरिएको हुँदा यसमा प्रयोग भएका विम्बहरू पनि तिनै कुराको स्पष्ट छाप पाठकमा पार्ने प्रकृतिका रहेका छन् । यसमा ग्रामीण र सहरी क्षेत्रका विभिन्न स्थान, प्रकृति जगतका भौगोलिक भूभागहरू जस्ता कुरा प्रकट गर्ने भौतिक विम्बहरू प्रयोग भएका छन् भने इतिहास र पुराणका कुरालाई प्रकट गर्ने विम्बहरू पनि प्रयोग भएका छन् । यसरी विविध प्रकारका विविध विम्बहरूको प्रयोगले यस संग्हका कविताहर स्पष्ट सजीवन बनेका छन् भने प्रतीकको सामान्य प्रयोग पनि यहाँ पाइन्छ । कविले समसामयिक समयका विभिन्न विकृति र विसङ्गतिलाई साङ्केतिक रूपमा व्यङ्ग्य र विरोध गर्न प्रतीकहरूको साहारा लिएका भए पनि तिनको जटिल र दुर्बोध्य भने भएको पाइँदैन ।

अलङ्कारको प्रयोग **सिलसिला** कवितासङ्ग्रहको एक महत्त्वपूर्ण पक्ष हो । शब्द र अर्थ अलङ्कारका विविध रूपहरूको प्रयोग यस सङ्ग्रहका कविताहरूमा पाइन्छ । कवि कार्की मूलतः गद्य कविताको रचना गर्ने सर्जक हुन् । यसैले उनका कवितामा प्रयोग भएका शब्द अलङ्कारहरू पनि कविताको गद्य संरचना र त्यसबाट उत्पन्न हुने लयलाई सुहाउने प्रकारको नै छ । अनियमित रूपमा भएको अन्त्यानुप्रासको प्रयोग, अनुप्रासका अन्य स्वरूपहरूको प्रयोग, श्लेश आदि यस सङ्ग्रहका कवितामा प्रयोग भएका अलङ्कारहरू हुन् । अर्थालङ्कारको प्रयोग पनि यी कवितामा पाइन्छ । उपमा, रूपक, दीपक आदि त्यसका नमूनाहरू हुन् ।

यस प्रकार विम्ब, प्रतीक तथा अलङ्कारको सहज स्वस्फूर्त प्रयोगले **सिलसिला** सङ्ग्रहका कविताहरूलाई सुन्दर मधुर र पठनीय बनाएको पाइन्छ ।

**भानु ! तिम्रै कवितामा मात्र रह्यो कान्तीपुर** नामक कवितामा भानुभक्तले आफ्नो पालामा देखेको अलकापुरी कान्तीपुरीलाई नवराज कार्कीले प्रस्तुत कवितामा भानुभक्तलाई सुर्यको प्रकाश सँगै तुलना गरेर आज त्यो अवस्था नदेख्दा खेद प्रकट गरेको देखिन्छ ।

सारङ्गिको पेट लिएर

पटुका कसेका छन् तिनीहरु

फगत गाँस र बासका लागी

अनसन बसेका छन् तिनीहरु

जुलुस हिँडेका छन् तिनीहरु

प्रस्तुत कवितांशमा भोक, शिक्षा, राजगार, अधिकार, राजनीतिको लागि कोही बाध्य भएर त कोही स्वातस्फूर्त रुपमा सडकमा उत्रिन्छन् भन्ने कुरालाई देखाइएको छ । यहाँ सारङ्गीले बाध्य/गरिब वर्गको प्रतिनिधित्व गर्दछ । जुलुसले स्वतस्फूर्त निस्कने आवजलाई प्रतिनिधित्व गर्दछ । सारङ्गी, पटुका जस्ता प्रतिकात्मक प्रयोगले कवितामा समाजमा व्याप्त बरोजगार समस्यालाई उजागर गरेको देखिन्छ ।

कहिले नालापानीमा झैं मुहान सुकाइन्छ

कहिले युद्धभूमिमा झैं नाका बन्दी लगाइन्छ

प्रस्तुत कवितांशमा नालापानीमा झैं र युद्धभूमिमा झैं भनी उपमाको प्रयोग भएको छ । आफूहरु माथिको अन्याय अत्याचार जस्तो ज्यादती बढ्दै गएमा मान्छेले जस्तोसुकै विस्फोटको रुप पनि लिन सक्छ । यसरी जनता जागेका बेला चेतना उठेका बेला त्यस्तो जनसागरले जस्तो सुकै परिवर्तनपनि ल्याउने सक्ने कुरालाई माथिको हरफले बुझाउँछ ।

## ४.८ निष्कर्ष

**सिलसिला** कवि नवराज कार्कीका गद्य फुटकर कविता र मुक्तकहरूको सङ्ग्रह हो । वि.सं. २०४० मा प्रथमपटक प्रकाशित यस सङ्ग्रहका कविताहरूलाई कविको विचार, अनुभूति देशका जल्दाबल्दा समस्या विकृति तथा विसङ्गतिका पक्षहरूलाई विषयका रूपमा उठाएका छन् । नेपाली जनजीवनमा प्रचलित शब्द तथा तिनको सरल प्रकारको संयोजनले यी कविताहरूको भाषाशैली पनि सरल र सुबोध्य प्रकारको बन्न पुगेको छ भने समसामयिक

समयमा रहेका/देखिएका अनेकौ प्रकारका कमजोरीहरूको व्यङ्ग्य विरोध गर्ने, राम्रा पक्षको समर्थन तथा अनुसरण गर्ने अनि सभ्य र सुन्दर समाजको निर्माण गर्ने कविको उद्देश्य कवितबाट स्पष्ट रूपमा अभिव्यक्त भएको छ । आयामको दृष्टिले फुटकर तथा संरचनाको दृष्टिले गद्य स्वरूपमा रहेका यी रचनाहरूमा बाह्य भन्दा आन्तरिक लयको सशक्तता रहेको छ । पुस्तकदेखि पाठसम्म नै विषयवस्तु तथा भावको सही सम्बोधन गर्न सक्ने शीर्षक चयनको सामर्थ्यले कवि र कृति दुवैलाई सफल बनाएका छन् भने विम्ब, प्रतीक तथा अलङ्कारजस्ता कलात्मक पक्षको समुचित प्रयोगले कविता कृतिहरू सुबोध, सरस र पठनीय बनेका छन् । समग्रमा कवि कार्कीको यो सङ्ग्रह सुन्दर र पठनीय रहेको छ ।

## परिच्छेद पाँच

# मनभित्रको आँधि कविता सङ्ग्रहको अध्ययन

### ५.१ परिचय

**मनभित्रको आँधि** कवि तथा गीतकार नवराज कार्कीको फुटकर कविता तथा गीतहरूको सङ्ग्रह गरी प्रकाशित गरिएको कविता सङ्ग्रह हो । वि.सं. २०५३ मा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रथमपटक प्रकाशित यो पुस्तकाकार कृति डिमाइ आकारका पाठका ७६ तथा अन्य छ गरी कुल ८२ पृष्ठमा विस्तरित छ । यस कृतिको गाताबन्दीको अग्रभागमा फिका खैरो रङ्गको पृष्ठ भूमिमा कालो सेतो र रातो रङ्ग मिश्रित भूमरीको आकृति तथा माथि पट्टि कालो रङ्गमा सिर्जना अनि रातो रङ्गमा सजेनुको नाम रहेको छ भने पछाडिपट्टिको गालाबन्दीमा सेतो पृष्ठभूमिको बीचमा कालो रङ्गमा पुस्तक प्रकाशन गर्ने प्रतिष्ठानको लोगो रहेको छ । उक्त प्रकाशनले नै प्रकाशकीय लेखेको तथा विषय सूची र पाठ समेतमा कविता र गीतलाई यसले छुट्टाछुट्टै प्रस्तुत गरेको छ । यस विश्लेषणमा कृतिभित्र रहेका कविता तथा गीतहरूलाई तिनका तत्त्वका आधारमा तल प्रस्तुत गरिएको छ ।

### ५.२ विषयवस्तु

विषयवस्तुले कृतिभित्र कुन सन्दर्भ र के कुरा रहेको छ भन्ने कुरालाई जनाउँछ । यस कृतिका विभिन्न कविता र गीतहरूले विभिन्न विषयवस्तु र सन्दर्भलाई ग्रहण गरेको पाइन्छ । अतः कृतिभित्र रहेका प्रत्येक कविता तथा गीतको विषयवस्तुलाई छुट्टाछुट्टै रूपमा तल प्रस्तुत गरिएको छ ।

**अनुत्तरित प्रश्न** संसारको विचित्रतापूर्ण सृष्टिकर्ताको खोजी गरिएको कविता हो । संसारका जीव वनस्पतिको जीवनचक्र मात्रलाई हेर्दा त्यो सामान्य जस्तो देखिए पनि यससँग जोडिन आउने कुराको सम्पूर्णता रहस्यमय हुन्छ । हामी जन्मने, बाँच्ने मर्ने तथा रमाउने हरेक कुराको संयोग मिलाउने कुनै शक्ति वा कर्ता रहेको छ र यो को हो भन्ने विषय नै यस कविताको विषय हो । कवितामा यसै विषयसँग सम्बन्धित घाम र जूनको तारतम्य मिलाउने स्रष्टा फुलफूलमा रङग र स्वाद भर्ने कलाकार प्रकृति तथा प्राणीका विविध छटा भर्ने कालिगढ अनि मान्छेको मनमस्ष्किमा रोमाञ्चित तुल्याउने कुतकुती भर्ने परम तत्त्व को

वा के हो भनेर प्रश्न गरिएको छ साथै यो अज्ञात शक्तिलाई परम तत्त्व ले सम्बोधन गरेर ईश्वरीय शक्तिको आभास प्रदान गरिएको छ ।

**एकपल्ट आफैसित** जीवनप्रतिको उच्च आकाङ्क्षा र विचार तथा भोगाइको भिन्नताको विच भएको ठूलो खाल्डोका कारण उत्पन्न मानसिक तनावलाई आफैसँग प्रश्नात्मक अभिव्यक्ति गरिएको कविता हो । यस कवितामा एक्लै जन्मिने सङ्घर्ष गर्ने तथा मर्ने नियति भएको दार्शनिक चिन्तन पुर्खाले बचाइ दिएको छविलाई बचाएर राख्नु पर्ने बाध्यता तथा विशिष्ट कार्यका रूपमा केही गर्न नसकेको जिन्दगीको वितृष्णालाई देखाइएको छ । यसमा एकातिर केही गर्न नसकेको चुन्थो देहसँग असन्तुष्टि प्रकट गर्दै मानसिक विचलन सहितको रौद्र रूप प्रकट गरिएको छ, आफ्नै गल्ती र अनुमेण्यतालाई नकारिएको छ भने अर्कातर्फ जीवनमा एक्लै सङ्घर्ष गर्नु पर्ने वास्तविक यथार्थलाई बुझेर अझै केही गर्न प्रेरणा प्रदान गरिएको छ । यसरी केही गरुँ भन्ने सोच हुँदाहुँदै पनि केही गर्न नसकेको तथा अतृप्त इच्छा बोकेर हिडेको कवि मनले आफैलाई कार्यका निम्ति प्रेरित र जागरुक बनाउँदै कुनै बेला प्रश्न अनि कुनै बेला ऊजा प्रकट गरिएको यस कवितामा कवि मनको छटपछिलाई विषयका रूपमा प्रस्तुत गरिएको छ ।

सामान्य रूपमा तीव्र गतिको हावाका रूपमा चिनिने 'हुरी' लाई विभिन्न सन्दर्भमा प्रतीकात्मक अर्थ लगाउने कार्य  कविले **हुरी** कवितामा गरेका छन् । मूलत : परिवर्तनको द्रुत ज्वारलाई 'हुरी' ले सङकेत गरेका कविले युगको मागलाई सम्बोधन गर्ने अपेक्षा लिएर क्रान्तिकारी परिवर्तनका साथ अगाडि बढ्दा यसले कहिले आताङ्कारी र कहिले विध्वङ्स-कारी नाम पाएको उल्लेख गरेका छन् । वास्तविक परिवर्तनको चाहना मान्छेको अन्त : हृदय वा 'मनुवा' मा हुने र यो परिवर्तनको आह्वान युगले गर्ने हुँदा कसैले चाहेर नरोकिने कुरा यस कवितामा व्यक्त भएको छ । अत : युवाको मागलाई बुझेर परिवर्तित समयलाई आत्मसात् गर्दै अगाडि बढ्नु पर्ने विचारलाई यस कवितामा प्रस्तुत गरिएको छ भने हुरी सरी बढेको परिवर्तनको गतिलाई रोक्न खोजेमा विध्वङ्स हुने कुराप्रति पनि सचेत गराइएको छ । नित्य चलिरहने परिवर्तनको हुरीलाई यसमा स्वीकार गरिएको छ ।

मान्छेले निर्माण गरेका नीति, नियम, शास्त्र, विधि आदिलाई मान्छे सञ्चालन र नियन्त्रणको मानदण्ड बनाई मान्छेमाथि गरेको स्वतन्त्रताको हनन् किन गरियो भन्ने जिज्ञासा नै **जिज्ञासा** कविताको विषयबन्न पुगेको छ । हरेक मान्छेमा विविधता हुन्छ र एउटै मान्छेमा पनि समय, परिवेश अनुकूल भिन्नता हुन सक्छ । यही मान्छे मान्छे बिचको र समयले बनाएको भिन्न स्वभावका कारण नै मान्छेले आफ्नो अस्तित्त्व र पहिचान बनाएको हुन्छ । तर आज कतिलाई सामाजिक बनाउने, कतिलाई नैतिकवान र असल बनाउने, कतिलाई आदर्श बनाउने नाममा विधि र आदर्शका लगामले मान्छेलाई डोर्याएर थिलथिलो बन्नगएको छ । मानवीय स्वतन्त्रताप्रतिको कविको आग्रह यस कविताको विचारको रूपमा रहेको छ । कविले यहाँ राम्रो र असल बनाउने विभिन्न बाहनामा शास्त्र र नीतिले नथिल्थिल्याउन आग्रह गरेका छन् ।

नेपालको राजधानी काठमाण्डौमा बढेका अनेक प्रकारका कुकृत्य र विकृतिले उब्जाएको तिखो गन्धलाई कवि नवराज कार्कीले **अचेल यस्तै छ काठमाडौँ** कविताको विषय बनाएका छन् । काठमाडौँमा सकारात्मक चिन्तन, सोच तथा व्यवहार केही नरहेको, खालि लुटपाट, षडयन्त्र महँगी र तिगडम् मात्र रहेको कुरालाई व्यङ्ग्य गरेका छन् । घुषरखोरी र कुकृत्यले मानिसहरूले कालोधनबाट आलिसान भवन निर्माण गरेका तथा यस्ता मान्छेहरूले घरमा तास/जुवाको खालमा बसेर पूजामा बसेको सन्देश पठाउने अनि कार्यालयमा जान झेलका बैठकमा बसेर व्यस्त भएको सन्देश पठाउने गर्नाले कुनै पनि सेवाग्राहीले सेवा नपाएको गुनासो कविले यहाँ गरेका छन् । यसरी विनाकारण व्यस्त हुने तथा जाल, झेल र षडयन्त्र मात्रको खेती हुने काठमाडौँको कटुयथार्थलाई कलात्मक रूपमा गरिएको सजीवीकरण कविताको विषय रहेको छ ।

**शायद तपाईंले पनि चिन्नु भएको होला** राष्ट्रलाई क्षति पुऱ्याएर व्यक्तिगत स्वार्थमा लागेकाहरूका कारण सज्जनहरूको बनेको हविगतलाई प्रस्तुत गरिएको कविता हो । यसमा शासन तथा पहुँचमा पुगेका सीमित मान्छेहरूले मोज मस्ती गरेको तर देशको चिन्ता गर्ने सच्चा नागरिकहरू सहज ढङ्गले व्यवहार चलाउन नसकेको र मानसिक रूपमा विचलित भै गल्ली गल्लीमा हिडेको कुराको चर्चा गरिएको छ । यसका साथै अझैसम्म पनि देशलाई सुधार गर्न सक्ने सम्भावना रहेको र पुननिर्माणमा लागि परेर उन्नत राष्ट्र बनाउन मिठो सपना बोकेर इमान्दारहरू हिडिरहेको कुरा पनि कवितामा प्रस्तुत गरिएको छ । रुग्न शरीर,

झुत्रो पहिरन र सुन्दर सपना बोकेर हिडेको यही देशभक्त पात्रको विचार नै प्रतीकात्मक रूपमा कविताबाट व्यक्त भएको छ ।

**लाहुरेको चिठी** कवि नवराज कार्कीको लाहुरे हुन विदेशिएका नेपालीहरूको पीडा तथा तत्क्षणमा आएको जन्मभूमिको यादबारे प्रस्तुति गरिएको कविता हो । जीवन जिउने क्रममा लाहुरे भएर मलाया आदि स्थानमा अर्काका निम्ति लड्न पुगेका नेपालीहरूको त्यो कार्य रहर नभएर बाध्यता भएको कुरा यस कवितामा अभिव्यक्त गरिएको छ । यसरी अर्काको भूमिमा उर्जाशील जीवन नष्ट गरेका अनि तन उता भए पनि र मायालु मनहरूलाई सम्झदै व्यतीत भएको विषयमा यो कविता रचना भएको छ ।

**'नयाँ वर्षको कुरा'** बेथिति र असङ्गत पक्षको मात्र विकास हुँदै गएको हाम्रो समाजमा उत्साह आउनु पर्ने नयाँ वर्षको अवसरमा हामीमा कस्तो भावना आइ रहेको छ भन्ने कुरा देखाइएको कविता हो । सामान्यतया नयाँ वर्षलाई एउटा अवसरको रूपमा लिइन्छ । यसलाई नयाँ कार्यको थालनी गर्ने समय, उत्साह र जाँगरका साथ नयाँ योजना बुन्ने समयका रूपमा लिइन्छ । तर कुनै उपलब्धि प्राप्त गर्न नसकिने, दुःख, ठेस हन्डर तथा थप ऋणमात्र प्राप्त हुने हाम्रो देशमा नयाँ वर्षले नयाँ ऊर्जा नल्याएर उमेर र जवानीमा बुढ्यौली मात्र ल्याउने गरेको दुःख यसमा रहेको छ । यसरी नयाँ वर्षको विशेष दिनमा पनि खुशी हुन नसकेको/नपाएको पीडादायी अनुभूतिलाई यस कवितामा विषयका रूपमा उठाइएको छ ।

**'कविको आँखा'** कवि अन्य सामान्य मानिसभन्दा भिन्न नयाँ सिर्जना गर्न सक्ने, अविश्वासका बिचमा विश्वास उमार्न सक्ने, न्याय, इमान तथा प्रेमको विशाल भण्डार बोकेको मान्छे भएको कुरा अभिव्यक्त गरिएको कविता हो । यसमा कुनै वस्तुलाई हेर्ने कविको दृष्टि अन्यको भन्दा विशिष्ट हुने र यही विशिष्ट क्षमताका कारण ऊ सत्य, प्रिय र दूरदर्शी भएको कुरा स्पष्ट पारिएको छ । रवि नपुगेको ठाउँमा पनि कवि पुग्न सक्छ भने झै समस्याका बिचमा समाधानको बाटो पहिल्याउन सक्ने, ज्ञानको ज्योति र खुशीको वर्षा वर्षाउन सक्ने भएकाले कविलाई न्याय तथा सत्यजस्ता सत् पक्षको प्रसारण गर्ने दूत मानेर सबैले वरण गर्नु पर्ने बताइएको छ । यस प्रकार कविको आखा विशिष्ट, दूरदर्शी, सम्मान र अनुशरण योग्य आँखा भएको विषयलाई कविको आँखा कवितामा उठान गरिएको छ ।

**ऊ** वर्तमानमा देखिएका 'महापण्डितहरू प्रति व्यङ्ग्य गरिएको कविता हो । वर्तमान समयमा आफ्नो स्वभाव र व्यवहार अरुलाई कत्तिको पाच्य भएको छ भन्ने कुराको ध्यान नदिई आफूलाई सर्वश्रेष्ठ घोषित गर्दै र उपदेश दिँदै हिड्ने 'ऊ' हरूको सक्कली रूप के हो र यसले समाजमा कस्तो गन्ध फैलाइ रहेको छ भन्ने कुरा यसमा प्रस्तुत गरिएको छ । दिनभरि उपदेश छाँटेर हिड्ने कथित बुज्रुकहरू साँझ पर्न नपाउँदै भट्टीमा पसेर पिउने गरेको तथा बाँकी खातामा पुनः बाँकी थप गर्दै खुट्टा बटादै बाहिर सडकमा निस्कने गरेको यथार्थ 'ऊ' कवितामा नङ्ग्याइएको छ । यस्ता दुगृन्धित 'ऊ' हरूको बिगबिगीका कारण तिनीहरूबाट अरु मानिस टाढा बस्न नसकेको प्रकारात्नरले 'ऊ' हरू गन्ध छर्दै अरुका सामु आइ पुग्ने गरेको कुराको चिन्ता यस कवितामा गरिएको छ ।

**रगत, पसिना र देश** एउटा नागरिकको देशप्रतिको अगाध आस्था तथा नेपाली हुनुको गौरवलाई प्रकट गरिएको कविता हो । पुर्खाले रगत र पसिना बगाएर अस्तित्त्ववान बनाएको यस देशका वन, पाखा, पहाडी पत्थर तथा उर्वर फाँटहरूलाई आत्मीय र आफ्नै ठान्ने कविले यस्तो विविधतामय देश आफ्नो हो भनेर चिनाउँदा गौरवको अनुभूति गरेका छन् । यस देशका प्राकृतिक सौन्दर्य, रीतिथिति, परम्परा तथा राष्ट्रिय चिन्हहरू अनि राष्ट्रियताका प्रत्येक प्रतीकहरूले नेपालीपनलाई अझ प्रगाढ बनाएको अनुभव कविको रहेको छ । यसरी आफूमा देश र देशमा आफू पाउने कविले राष्ट्रिय विविधता र राष्ट्रियताप्रतिको प्रेमिल विचार यस कवितामा अभिव्यक्त गरेका छन् ।

**आजको मान्छे** अर्न्ततहमा नकारात्मक र दमित भावना बोकेर बाह्य तहमा सर्वज्ञ भई टोपल्ने आजका मान्छेहरूको प्रवृत्तिलाई व्यङ्ग्य गरिएको कविता हो । वास्तवमा विधि, नियम, जिम्मेवारी, दायित्व तथा आफ्नो हैसियतको बोध गर्न नसकेको आजको मान्छे पहिचानको कुनै कसीमा मूल्याङ्कित र मायापन योग्य हुन नसकेको कुरा यस कवितामा प्रष्ट्याइएको छ । कुनै ज्ञान नै नबोकेर पनि सबै कुरा जान्ने झैं गर्ने आजको मान्छेले सहरवासीलाई खुशी, गाउँबासीलाई दुःखी, कर्मचारीलाई भ्रष्टाचारी तथा बटुवालाई भिखारीको बिल्ला भिराउने गरेको चरित्रलाई यसमा देखाइएको छ । यसका साथै दोषजति अरुका भागमा हालिदिएर ज्ञान र गुणको जस आफ्ना पोकामा कुम्ल्याउन आतुर मान्छेको सच्चा चित्र यहाँ उतारिएको छ । समग्रमा समाजलाई नकारात्मक बाटोमा धकेल्ने प्रयास गरिरहेको विकृत मानसिकता बोकेको मान्छेको नाङ्गो चरित्रको विषयलाई यस कवितामा उठाइएको छ ।

**अज्ञात भय** वर्तमान समयमा हराउँदै गएको विश्वासको वातावरण र संवेदनाले मानिसलाई आतङ्कित बनाएका कारण तथा नियमितका असुन्दर पक्षका कारण उत्पन्न भयलाई संयोजन गरी एकसाथ प्रस्तुत गरिएको कविता हो । मानिसका सबै मित्र तथा सबै मन मिल्ने साथी मात्र नहुनु सामान्य हो तर नजिकका भनिएका मित्रहरू तथा आफन्तहरूले नै पनि खुट्टा तान्न सक्ने भय यहाँ कविमा रहेको छ । यस्तै गरी जिन्दगीको बाटो सधैँ एकनास नहुने, कहिले एक्लै हिड्नु पर्ने त कहिले उकाली ओरालीका सङ्घर्षमय यात्रा गर्नु पर्ने नियतिको डर पनि कवितामा उत्तिकै रहेको पाइन्छ । अतः कसैसँग झगडा नगरी र सत्रुता नबढाइकन पनि तथा जिन्दगीको यात्रामा रमाउँदै हुँदै जिउने क्रममा सधै अज्ञात भयले थिचिरहने कविमनलाई यस कवितामा कार्कीले विषयका रूपमा प्रस्तुत गरेका छन् ।

**'एउटा मौन नियन्त्रण'** भाषाले अभिव्यक्त हुन नसकेको तर भावमा प्रष्ट पढ्न सकिने गरी पलाएको कुनै नव जोडीको प्रेमिले मौन अभिव्यक्तिलाई व्यक्त गरिएको कविता हो । परम्पराको अन्तसम्म सँगै रहने चाहना हुँदा हुँदै पनि र त्यो चाहनालाई शब्दमा साट्न नसकि रहदा पनि ती जोडीले लामो र सुन्दर भविष्यको कल्पना गर्दै एकले अर्कोलाई आँखाले पढेर, एकले अर्कोलाई निरन्तर आमन्त्रण गरेको पाएर संयोगमा डुबेको क्षणलाई यसमा कविले कलात्मक अभिव्यक्ति गरेका छन् । यस भावलाई कविले प्रकृतिको सुन्दर रचना र स्रष्टाको विशिष्ट सिर्जना भन्दा कम नभएको उल्लेख गरेका छन् । मन र नयनले गरेको भोगलाई अनन्तसम्म मिठो र पुनः पुनः भोक जगाइ रहने एक प्रकारको तृष्णाको रूपमा रहेको उल्लेख गरेका छन् । यसरी श्रृङ्गारिक भावको मिठो कल्पनालाई कविले यस कवितामा विषयको रूपमा चयन गरेका छन् ।

**'यो जिन्दगीको कथा'** योजना अनुसार सन्तुलित ढङ्गमा सञ्चालन गर्न नसकेको आफ्नो विगतप्रतिको चरम असन्तुष्टि प्रकट गरिएको कविता हो । कविले यस कवितामा आफ्नो विगतको इतिहासका कुनै पनि अवशेष राख्न चाहेका छैनन्, ती सबैलाई कहिल्यै प्राप्त गर्न नसकिने गरी नष्ट गर्न चाहेका छन् । यस्तो भए पनि भविष्यप्रतिको कविको आशा भने मरेको छैन । यसैले कवितामा उनले कालो विगतलाई किनारा लगाएर सुन्दर भविष्यको जगहाल्ने दृढता देखाएका छन् । यसरी जिन्दगीको अव्यवस्थित इतिहासबाट पाठ सिकेर सुन्दर र व्यवस्थित भविष्य निर्माण गर्ने अठोटलाई कविले यस विषयको रोजाइ बनाएका छन् ।

**'यौन चाहना'** कुनै एक व्यक्तिले आफ्नो प्रेमी वा प्रेमिकाप्रति व्यक्त गरेका/गर्न चाहेको भावनालाई अभिव्यक्त गरिएको कविता हो । आफूले मन पराएको प्रेमिले जोडीलाई जहिल्यै आँखामा राख्न वा देखि रहन चाहेको, केही भन्न मन लागि रहेको तथा सम्बन्धित उही व्यक्तिकै आकृति आँखामा नाचि रहेको कल्पना यस कवितामा रहेको छ भने मनमनले उसैलाई जीवनको सहयात्रीका रूपमा पनि रोजी सकेको छ । यसरी मन मनै आफ्नो बनाइ सकेको र दिलमा सजाइ सकेको भए तापनि त्यो भावना व्यक्त भै नसकेको कुनै यात्राको श्रृङ्गारिक भावनालाई यस कविताको विषयका रूपमा प्रस्तुत गरिएको छ ।

**'करोडौ मुटुको ढुकढुकी'** नेपालको राष्ट्रिय भावनाले ओतप्रोत भएको गीत हो । यसमा नेपाल भएर नै नेपाली भएको तथा नेपाली भएर नै नेपाल भएको देश र देशवासीको दोहोरो सम्बन्ध देखाइएको छ । नेपाली रीति, संस्कृति, भूगोल तथा प्रकृति अति नै उत्कृष्ट र मनमोहक भएको उल्लेख यसमा छ भने यही सुन्दरतापूर्ण विविधताका बिचमा हामी नेपाली रमाएर बाँचेको सन्दर्भलाई यहाँ प्रस्तुत गरिएको छ । यसरी नेपालका राष्ट्रिय, जातीय, सांस्कृतिक धार्मिक तथा ऐतिहासिक गौरवका विषयलाई कलात्मक अभिव्यक्ति गीतमा विषयका रूपमा आएको छ ।

**'तिम्रो माया कति लाग्छ भनूँ'** श्रृङ्गारिक विषयमा लेखिएको गीत हो । एक अर्कालाई प्रेम गर्ने जोडीहरूमा एकले अर्कालाई कति माया गर्दछन् र कति समर्पित भएका हुन्छन् भन्ने कुरा यसमा देखाइएको छ । रातको आकाशमा ताराभन्दा बढी माया आफ्नो मायालु जोडीलाई गरेको बताउने एक पात्रले फूलमा मायालुलाई देख्ने र सपनामा मायालुलाई देख्ने मात्र होइन आँखामा पनि हरपल मायालु कै छाया घुमेको अनुभूत गरेको छ । यति हुँदाहुँदै प्रत्यक्ष भेट्न नपाएर छट्पटाएको जोडीले आफूँले चाहेकोलाई भेट्न नपाउने भाग्य भनेकै के हो भनेर भाग्यमाथि प्रश्न गरेको छ । यसरी मायालुप्रति समर्पित श्रृङ्गारिक भावना नै यस गीतको विषय बनेको छ ।

**'जन्मेको ठाउँ'** जन्मे हुर्केको ठाउँ चटक्क छोडेर कुनै अपरिचित नयाँ घरलाई 'आफ्नो भन्दै जानु परेको सन्दर्भमा नव विवाहित चेलीको माइती देश वा जन्म स्थानप्रति समर्पित पीडादायी भावलाई प्रस्तुत गरिएको गीत हो । कवि/गीतकारले यहाँ जन्मे हुर्केको ठाउँमा ताना गोता तथा साथीसँगी छोडेर जान गाह्रो भएको नव विवाहित चेलीको अनुभूति र मनस्थितिलाई प्रस्तुत गरेका छन् । माइती बिर्सन नसकेको, बितेका दिन सम्झँदै रुनु परेको तथा नियतिले नै यस्तो बनाउन बाध्य पारेको चेलीको जीवन कहानी स्रष्टाले यहाँ

समाख्याता चेलीका माध्यमबाट अभिव्यक्त गरेका छन् । यसरी विवाहपछिको नयाँ संसारमा पुगेकी चेलीको त्यस नयाँ संसारमा समायोजन भै नसकेको अनि माइतीकै यादले सताइ रहेको विचलित मनस्थितिलाई कार्कीले विषयका रूपमा प्रस्तुत गरेका छन् ।

**जीवन साँचेको मैले** यौवन अवस्था प्राप्त गरेकी एक युवतीले आफ्नो मन मिलेको प्रेमीसँग जोवन र मन साटासाट गर्ने भावना अभिव्यक्त गरेको गीत हो । यसमा उक्त युवतीले आफ्नो जोवन उही प्रेमी (हजुर) सँग हाँस्न, खेल्न र बोल्न साँचेको बताएकी छे । यसका साथै उसले आफ्नो बाल्यकाल थाहै नपाइ बितेको तर यौवन प्राप्त गर्दै जाँदा फूलजस्तै मन फुलेको, अनुभूति व्यक्त गरेकी छ । यसरी यौवन बढेकी एक युवतीले आफ्नो रोजाइको मान्छे खोजेर मनका भावना व्यक्त गर्न छट्पटी देखाएको श्रृङ्गारिक भावको अभिव्यक्त यस गीतमा रहेको छ

**निर्मल विश्वास** गीतकार नवराज कार्कीको देश भक्तिको भावनाले ओतप्रोत भएको गीत हो । यस गीतमा शरीरमा ऊर्जा, जोस र जाँगर भएको युवाले आफ्नो देशप्रति माया ममता देखाउँदै आफ्नो सम्पूर्ण शक्ति यही देशको निर्माणका निम्ति खन्याउने प्रतिबद्धता व्यक्त गरेको छ । आफूलाई नै यो धरतीको छोरो ठान्ने युवाले हिमालको काखमा बीरको वंश भएर जन्मन पाएकोमा गर्वको अनुभूति गरेको छ । उसले आफ्नो शक्तिमा नेपालको वरदान रहेको ठानेको छ । यसैले देशका निम्ति आफ्नो शक्ति र साहस प्रयोग नगरे आफ्नो अस्तित्त्व नै निरर्थक हुने ठानेको छ । यसरी सम्पूर्ण रूपमा आफ्नो आस्था र जीवन देशभक्तिमा समर्पित गरेको देशभक्त युवाको यही भावमा रित्तिने, सिद्धिने निर्मल विश्वास र प्रतिबद्धता गीतको विषय बनेको छ ।

**ढोकानिर उभिएर** आफ्नो मनको कुरा बुझिदिने मायालु सँगै नभएको अवस्थामा छटपटिएको/की मायालु जोडीको भावना अभिव्यक्त भएको गीत हो । विप्रलम्भ श्रृङ्गारक भावमा रहेको यस गीतमा उक्त एक्लो प्रेमीले मायालुको सम्झनामा आँखाको डिलैमा आँशु छचल्काएको छ । रातदिन उसैलाई सम्झदै मायालुको माँया मुटुसँग जोखेको छ । आगो भर्भराउँदा र बाडुली लाँग्दा उही मायालु आएको ठान्ने मायालु जोडीले बाटो हेरेको तर निरास भएको तथा मनको कुरा बुझ्ने मायालुको अभावमा एक्लो जीवन बिताउन पनि नसकेको पीडाको अभिव्यक्ति यस गीतमा रहेको छ । यसरी आफ्नो मायालु जोडी साथै नरहेको अवस्थामा उसैको खोजीमा छटपटिएको पीडित प्रेमी मनको अभिव्यक्तिले यस गीतमा विषयको कार्य गरेको पाइन्छ ।

**'तिमी आकाशकी तारा'** आफूले मन पराएकी युवती (प्रेमिका) प्राप्त गर्न नसकी प्याकुल बनेको एकतर्फी माया गर्ने प्रेमीको अख्यारोदन भएको गीत हो । यसमा आफूँलाई कमजोर ठानेको प्रेमीले बास्था नगर्ने टाढाकी प्रेमिकालाई आकाशकी तारा भएको र कहिल्यै छुन नसकेको कुरा व्यक्त गरेको छ । सँगै हाँस्ने बोल्ने चाहना राखेको प्रेमीले प्रेमिकालाई नपाउँदा उसलाई अमीर र आफूलाई फर्किएर (निर्धन) का रूपमा पाएको छ भने उसैको गीत गाउँदै तथा पीडामा छटपटिदै रहने बताएको छ । यसरी वास्तविक रूपमा प्रेमिका प्राप्त गर्न नसकेको उसले सपनामा भए पनि उनलाई भेट्ने कुरा यस गीतमा गरेको छ र आफूलाई उक्त प्रेमिका प्राप्त गर्न नसक्ने निरिह, पीडित तथा कमजोर एक पक्षीय प्रेमीका रूपमा उपस्थापित गराएको छ ।

**'मायै नलाको भय'** मायालु जोडीबाट धोका खाएको प्रेमीले आफ्नो विगतदेखि पछुताएको अभिव्यक्ति भएको गीत हो । विगतमा मायालुका झूठा चिल्ला बोली पत्याएर प्रेममा फसेको एक व्यक्तिले धोका खाएपछि वर्तमानमा मनमा कुरा खेलाउँदै रुनु परेको सन्दर्भ रहेको यो गीतमा बल्लमात्र मायालुको कपट व्यवहारलाई चिन्न सकेको छ । यसैले यस्तो अल्पकालीन माया नलाएको भए जालमा फसेर तड्पिनु र रुनु पर्ने थिएन भन्दै आफ्नो सोझो पनसँग पछुताएको छ । मनमा कपट राखेर हाँसी हाँसी कसैले मूर्ति छोएर मायाको कसम खाँदा मख्ख परेको ऊ वर्तमानमा आइ पुग्दा माया नै नलाएको भए हुने थियो भन्ने निष्कर्षमा पुगेको छ । यही एकल प्रेमीको पीडित अभिव्यक्ति नै गीतको विषय बनेको छ ।

**'लाग्थ्यो हराउँ जस्तै'** संयोग र वियोगका विविध अनुभूति सँगालेको एक प्रेमीको प्रेमप्रति नै समर्पित कथा प्रस्तुत गरिएको गीत हो । यसमा गीतमा प्रेमिकामा हराएको प्रेमि प्रेमजीवनको सुरुमा मिठो माया पाएर स्वर्गीय आनन्दको अनुभूत गर्दै विविध तुलना र कल्पनाका साथ हराएको विचमा प्रेमिकाबाट खास राम्रो प्रतिक्रिया नपाउँदा अलमलिएको तथा झस्किएको अनि फेरि प्रेमिकाबाट स्वीकृति पाएर प्रेम मै हराएको कहानी रहेको छ । यस्तो लामो कथा भोगेको 'म' ले कहिल्यै पनि 'तिमी' को दुःखको कारण नबनु भन्ने कामना गरेको छ । उसको चाहना जहिल्यै प्रेमिकाकै अनुरागमा हराउने रहेको छ । यसरी प्रेमिल विगतको मिठो कल्पनामा पुन पुन जिउन र हराउन चाहने कुनै पक्षको अभिव्यक्ति गीतको विषय बनेको छ ।

**'मनको पीर'** नियतिमाथि विश्वास गर्दै जिन्दगीमा सबै सुख दुःखहरू हाँसेर पचाउन सक्नु पर्ने कुरालाई प्रस्तुत गरिएको गीत हो । यसमा जिन्दगीमा धेरै कुरा त्यहोर्नु पर्ने हुन्छ, त्यस बिचमा कहिले हर्ष त कहिले चोट प्राप्त हुन सक्छ  अनि कहिले जस र कहिले अपजस आइ लाग्न सक्छ भन्ने कुरालाई जिन्दगी कै नियतिको रूपमा देखाइएको छ । यस्ता राम्रा नराम्रा दुःखन्त सबैखाले अनुभूतिलाई सरासर गरेमा मात्र सजिलो जीवन बाच्न सकिन्छ, खोजेको सोचेको ठाउँमा पुग्न सकिएन भनेर हरेस खानु हुदैंन भन्ने कुरालाई मुखरित गरिएको छ । यसरी आशावादी विचार बोकेर जीवन बाँच्नु पर्छ भन्ने कुरा गीतको विषय रहेको पाइन्छ ।

**वरदान** ईश्वर तथा आमाबाट प्राप्त सबैभन्दा ठूलो कुरा जीवन नै हो र बाँकी कुरा आशिर्वादको आशामा नभएर कर्ममा विश्वास गर्नु पर्छ तथा कर्मशील बन्नु पर्छ भन्ने कुरालाई प्रस्तुत गरिएको गीत हो । यसमा आमाबाट आफूले जीवन प्राप्त गर्दा कर्म गर्ने इन्द्रिय, शरीरलाई चलायमान गर्ने रगत, आफू बाच्ने संसार तथा हुर्किउन्जेल उही आमाकै दुध समेत प्राप्त गरेको कुरालाई प्रस्तुत गरिएको छ । यसरी सबैभन्द महत्त्वपूर्ण कुराहरू प्राप्त गरिसके पछि फेरि अरु कुरा माग्न नहुने न्याय र सत्यको आशिष प्राप्त भए आफै गरेर रगंनुपर्ने कुरालाई यस गीतको विषय बनाइएको छ ।

**तिमी अधनकी जून** एउटा असल मायालु जोडी मध्ये एकले अर्को प्रति गरेको समर्पण मायाको सम्मान गर्दै त्यही गुणको वर्णन गरिएको गीत हो । यसमा आफ्नो मायालुलाई दुःख चोट पर्छ कि भनेर आफू जस्तै दुःखमा पर्दा पनि पीडा लुकाउने र मायालुको अगाडि हाँसि रहने मायालुको चर्चा गरिएको छ । यसमा आफ्नो मायालु कै निम्ति मुटु मिचेर पीडा पिएर तथा आँसु लुकाएर मायालुको अगाडि अधरमा जून लाएर मायालुका सम्पूर्ण प्रस्तावको स्वीकार गर्दै मुस्कुराउने गरेको नमूनालाई प्रस्तुत गरी सच्चा प्रेमिको प्रेम संसारलाई श्रृङ्गारिएको रूपमा प्रस्तुत गरिएको छ ।

**सपनीको गीत** एउटा व्यक्तिले सधै मन पराएर पनि प्रेमको प्रस्ताव राख्न नसकेको कुनै युवतीलाई सपनीमा देखेको कुरा प्रस्तुत गरेको गीत हो । यसमा उनै मन पराइएकी मायालु (?) लाई अरु बेला देखेजस्तै देखेको तर केही बोल्न चाहेर पनि नसकेको कुरा प्रस्तुत गरिएको छ । यसरी पुरानो चिनजान भएर पनि बोल्न नसक्दा नयाँ प्रीत लाए झै भएको अनि फरक बाटो भएका कारण प्रेमको सम्भावना नभए पनि मन परेको कुराको व्याख्या पनि यसमा गरिएको छ । यसरी फरक बाटो लिएर पनि मन परेकी मायालु (?) युवतीप्रति

समर्पित भावका सपना समेतमा देखेर त्यसैलाई गीत बनाएको कुरालाई यस गीतको विषय बनाएको पाइन्छ ।

**'जानु कतै छैन'** जिन्दगीदेखि नै आशा मारेर विना गन्तव्यको यात्रामा त्यसै भौतारिएको एकल यात्रीको भावना प्रस्तुत गरिएको गीत हो । यसमा जिन्दगी एकदम कठोर र निरस रूपमा भोगि रहेको त्यस व्यक्तिले जीवनको यात्रापथमा घुम्तीमात्र पाएको, साइत र सगुन विना हिडेर अपसकुन परे झैं भएको, यात्रापथमा भेटिएका मान्छे र प्रत्येक कुरा आफ्ना खिलावमा पाएको अनुभूत गर्दै आफू पनि केही एक व्यक्तिको भोगाइको अनुभूति यस गीतको विषयका रूपमा रहेको पाइन्छ ।

**'कहाँ राखूँ'** राष्ट्रियताप्रतिको भाव सञ्चारित भएको गीत हो । यसमा गीतकारले आफूलाई जन्म दिने गौरवपूर्ण तथा प्रिय भूमि (धरती) को मायाँलाई कसरी सगाँलेर राख्ने भन्ने कुराको अभिव्यक्ति गरेका छन् । आफ्नो धरतीको अगाध स्नेह पाएको अनुभूति गर्दै यसका प्राकृतिक तथा संस्कृतिक पक्षको वर्णन समेत गर्न भ्याएका गीतकारले आफूले पाएको मायाँ सगाँलेर राख्ने तथा आशिर्वाद माग्दै दुःखमा पनि हाँसेर बाँच्ने प्रण गरेका छन् । यसैले आफ्नो प्रिय जन्म भूमिप्रति समर्पित राष्ट्रियताको भाव नै गीतको विषय बनेको छ ।

**ख्यालख्यालैमा माया बस्यो** आफू हिड्ने बाटामा घर भएकी एक युवतीसँग बढेको सन्निध्य तथा प्रेंम सँग सम्बन्धित श्रृङ्गरिक गीत हो । यस गीतमा गीतकार त्यस युवतीको मीठो मुस्कान तथा नरम बोली व्यवहार प्रति आसक्त भएका छन् भने युवती पनि व्यस्त छदाँ समेत समय दिएर बोली व्यवहार गर्नुले आकर्षित भएको थाहा हुन्छ । यही दोहोरो बानीले आफ्नो नाममा ढिलो हुँदा समेत अल्मलिन थालेका उनले युवतीलाई आफूप्रति प्रेम भए नभएको भने सोध्न सकेका छैनन् र गीतमा पनि सोध्न मन लागेको कुरामात्र बताएका छन् । यसरी बोटो हिड्ने क्रममा बोल्दाबोल्दै माया जोडिन पुगेको सन्दर्भलाई गीतकारले गीतको विषय बनाएका छन् ।

**तिमी फेरी मेरै बाटोमा** भरिपूर्ण युवतीका प्रेमिल भावना कुनै युवकतिर तेर्सिदा बिलखबन्दमा परेको युवकको मनस्थितिको अभिव्यक्ति गरिएको गीत हो, यहाँ युवती युवकको बाटोभरि छाइदिएर सम्झनाको अगाँलोमा बेरिएकी छे, नभेट्ने र विर्सन खोज्दा अगाडि आइदिएकी छे अनि घरीघरी मन चिमोटि रहेकी छे । युवतीको यस्तो व्यवहारबाट हैरान भएको युवकले उसलाई विर्सन त सकेको छैन नै स्वीकार गर्न र अन्य केही गर्न

सकेको छैन । यसरी कसैको प्रेमको जालमा फसेको युवकको अर्न्तमनको भाव यस गीतको विषय बनेको छ ।

**नबोले नबोल भै गो** प्रेमिबाट बेवास्था गरिएकी पीडित प्रेमिकाको गुनासो भरिएको गीत हो । आफ्नो समस्या नसुन्ने र बुझ्न नखोज्ने प्रेमिले तर्किँदै हिडेको तथा नबोलेकोमा रिसाएकी प्रेमिकाले उसलाई बैगुनी भनेकी छे । आफ्नो दुःख आफै भोग्ने साहस गर्दै आफूलाई नियतिबाट ठगिएकी सम्झिने उसले प्रेमिलाई बेवास्था गरे पनि गर भन्दै घुर्कि लगाएकी छ । यसरी प्रेम पीडित प्रेमिकाको दुःखको अभिव्यक्ति यसमा विषय बनेको छ ।

**सिमल भूवा जस्तै** एकबाट प्राप्त हुने जिन्दगीमा दुःख पीडा भए तापनि हासीँ खुसी भएर बाँच्नुपर्ने कुराको अभिव्यक्ति गरिएको गीत हो । जीवन जिउने बाटो सिधा र सामान्य मात्र हुदैँन । यस बीचमा धेरै बाधा र अफ्ट्याराहरू आउन सक्छन् चोट र दुखाइहरू आउन सक्छन तर यस्ता नकारात्मक पक्षलाई मात्र मनमा राखेर आसन्तोष गरियो भने एकबारको जुनी पनि व्यर्थ हुन्छ । त्यसैले यस जुनीमा नै आनन्द लिनुपर्छ जीवन जस्तै यौवन पनि एक पटकमात्र आउने हुँदा त्यसबाट प्राप्त गर्न सकिने सुख भोग पनि गर्नु पर्छ भन्ने कुरालाई यस गीतको विषय बनाइएको छ ।

**निराश नहुनु है** अरुको सुख देखेर र आफूलाई दुःखी ठानेर मनमा वितृष्ण जगाउन लागेका नेपालीहरूलाई यही देशका राम्रा पक्षहरूमा रमाउन तथा आफै कर्मशील भएर उन्नति गर्न प्ररेण प्रदान गरिएको राष्ट्रगीत हो । यसमा निराशाउन्मुख त्यस्ता व्यक्तिहरूलाई जीवन सधै एकनास नहुने बताउदै जहाँ नकारात्मक पक्षहरू हुन्छन् । त्यहाँ सकारात्मक कुराहरू पनि हुन्छन् भन्ने कुरा सम्झाइएको छ । यसैले राष्ट्रका सन्दर्भमा पनि आफ्नो राष्ट्र भनेको आफ्नै हो, यसलाई कुनै बेला पनि बिरानो ठानेर निराश हुनु हुदैन भन्ने कुरा यसमा देखाइएको छ । यसरी प्रत्येक कुराका सकारात्मक पाटाहरूलाई हेरेर आशावादी जीवन बाँच्ने प्रेरणा दिनेकुरा यस गीतको विषय बनेको छ ।

**क्षमा गर माया गरे झै** प्रेम जीवनमा अपेक्षित चाहना पूर्ण गर्न नपाएर वा प्रेमिको गलत व्यवहारबाट रिसाएकी प्रेमिकालाई फकाउने प्रयासका साथ लेखिएको गीत हो । यसमा मायालुसँगका आफ्ना बोली व्यवहारमा नजानिकन नै कुनै गल्ती भएको भएको भए पनि प्रेमिले क्षमा मागेको छ तर उनी (प्रेमिका) सँग प्रेम गर्नु नै गल्ती भयो भन्ने भनाइले उसको क्षमामा व्यङ्ग्य समेत रहेको पाइन्छ । प्रेमिले यस क्रममा जस, गुण तथा जीवनका

उज्याला पाटाहरू प्रेमिकाप्रति समर्पण गर्दै चोट, दुःख दोष, पीडा जस्ता अध्यारा पक्षहरू आफूले लिएको छ । अनि नरिसाउन र मन नदुखाउन आग्रह गर्दै माया गरे झै क्षमा गर्न आग्रह गरेको छ । प्रमिकासँगको यही क्षमा मगाइको सन्दर्भ नै यस गीतको विषय हो ।

**अपमान र अपेक्षा** सुरुमा प्रेम गरेर पछि मन नमिलेपछि एक अर्कासँग असन्तुष्ट बनेका प्रेमि प्रेमिकामध्ये एकले अर्कालाई लगाएको आरोपलाई प्रस्तुत गरिएको गीत हो । यसमा विगतको प्रेमजोडीले अनजानमा नभएर नियतवस नै आफूलाई अपमान र उपेक्षा गरेको बताइएको छ । आफ्नो चाहना र खुसीको विपरित मायालुले अनुहार र नियत बदलेर कसम खाइखाइकन पनि तिरस्कार, बदनाम र बेइमान गरेको प्रति गुनासो तथा रिस यस गीतमा प्रस्तुत गरिएको छ ।

**'मायामा बदनामी हुन्छ भने'** निर्मल  मायालाई उच्च महत्त्व प्रदान गर्दै र समाजले त्यसलाई नराम्रो ठाने बेवास्था गर्दै अगाडि बढ्न मायालुलाई प्रेरणा प्रदान गरिएको गीत हो । यसमा घात, घृणा तथा अपराधहरूलाई स्वीकार गर्न हुदैन र बदनाम नै गर्नु पर्दछ तर स्वच्छ मायामा कसैले बदनामी गर्न खोज्दछ भने त्यससँग डराउनु हुदैन भन्ने विचारलाई प्रस्तुत गरिएको छ । यसैले मायामा पाप, श्राप, क्रूर, ईष्या, आघात, धोका जस्ता कुलुषित भावना राख्नु हुदैन, यस्तो स्वच्छ मायाप्रतिको खिलावमा उत्रने, विरोध गर्ने र ईर्ष्यामा जल्नेहरूसँग डराउनु पनि हुदैन भन्ने कुरालाई यस गीतको विषय बनाइएको छ ।

**सपना सजाउने रहर** धोकेवाज प्रेमिकाको प्रेममा फस्न पुगेको पीडित प्रेमिको आर्तनादले भरिएको गीत हो । यसमा प्रेमिकाको सुरुवाती कुरामा विश्वास गरेर प्रेमिले अरु कसैको कुरा सुनेको छैन र झूट कुराहरूलाई पनि पत्याएको छ, यसैकारण उसले प्रेमिका 'तिमी' को हो ? के हो ? आदि भनेर आन्तरिक पक्षको खोजी पनि गरेको छैन । तर धोका खाएपछि मात्र प्रेमिकाको नाटकलाई चिनेको उसले आफ्ना सपना तुदिएको अनि जीवन बगर भएको महसुस गरेका छ । साथै आज प्रेमिकाको व्यवहारले आजीत भएको अवस्थालाई कमजोरी नठान्न चुनौती पनि दिएको छ । यसरी बिचमा नै अलपत्र परेको प्रेमको सपना सजाउने रहर नै यस गीतको विषय बनेको छ ।

**पापै पो लाग्ला** प्रेमिको हात समाएर आधाबाटो डोरिएर बीचमा नै छोडिएर अफ्ट्यारोमा परेकी घायल प्रेमिकाको गीत हो । आफ्नो प्रेमिले आफूलाई बीच बाटोमा ल्याइ पुऱ्याएर पत्थर बनेर हिडेपछि एक्लिएकी उक्त प्रेमिका यस गीतमा रुनु न हाँस्नुको दोधारमा

परिकी छे । उसले अन्तरमा रहेको प्रमीलाई पाप लाग्ने डरले श्राप दिन सकेकी छैन भने आफू कमजोर देखिन सक्ने डरले रुन पनि सकेकी छैन । साथै प्रेम जीवनको बाटोमा निकै अगाडि बढि सकेकी हुँदा उसलाई बिर्सन पनि सकेकी छैन । यसरी प्रेम पीडित कुनै नारीको अन्यमनस्क भाव यस गीतको विषय बन्न पुगेको छ ।

**चाहना भूल भयो कि** ? कसैलाई बिनाकारण मन पराएर र सो कुरा उसका अगाडि राख्न नसकेको पात्रको छटपटी प्रस्तुत भएको गीत हो । अकारण मन पराएपछि गल्ती गरे कि भनेर आत्तिएको प्रेमी पात्रले गीतमा जीवनमा हजारौँ बाधा, व्यथा र पीडाहरू आएको उल्लेख गरेको छ । यसरी भित्रभित्रै आहात भएको पात्रले मन पराएको अर्को पात्रलाई आफ्नो कुरा अभिव्यक्त गर्न खोज्दा भने बोली अडाकिएको छ । यसरी एक पक्षीय प्रेममा डुब्न पुगेको प्रेमिको आत्मिक आवाज यस गीतको विषय बनेको छ ।

**सुख कस्तो होला** ? जिन्दगीको अनवरात यात्राबाट थकित यात्रीले हरप्रकारका आश्रय खोज्दै अभिव्यक्त गरेको भाव रहेको गीत हो । यसमा सुख दु :ख, घाम, पानी आदिका प्रभाव सहदै र पचाउदै जीवन यात्रा गर्ने क्रममा कतै ओत र आडलाग्न नपाएको यात्रीको तिर्सना रहेको छ । दर्शन, नियति तथा श्रृङगरिकता जस्ता दृष्टिबाट व्याख्या गर्न सकिने यस गीतमा गीतकारको जुनी जाने डर, बास बस्ने ठाउँको रगेजी, आफूबाट बरपियल भागेको जस्ता सन्दर्भको संयोजनको पक्षलाई हेर्दा गीत बढी श्रृङ्गार केन्द्रित रहेको देखिन्छ । यसरी ओत, छाँया तथा वास खोज्दै हिडेको यात्रीको सुख प्राप्त गर्ने चाहनाको अभिव्यक्ति नै 'सुख कस्तो होला ?' गीतको विषय बनेको छ ।

**हृदयका तारहरू** जिन्दगीको यात्रामा प्राप्त हुने सुख दुःख तथा संयोग वियोगका क्षणहरूलाई समेटिएको गीत हो । यसमा जीन्दगी भोग्दै जाँदा कति संभावना र मनहरू टुट्दै जाँने त कति संभावनाहरू जोडिदै जाँने कुराको उल्लेख गरिएको छ । वास्तविक रूपमा आफ्नो बारे सबैभन्दा बढी जानकारी हुने आफै हुने हुँदा आफूबाट टाढा भाग्न नसकिने कुरा गीतमा व्यक्त गरिएको छ भने आफ्नै पहिचान र वैशिष्ठ्य भएको मान्छे हुलको बीचमा पनि एक्लै हुने कुरा पनि व्यक्त गरिएको छ ।

**मायाको गीत** स्वत : प्रवाहित हुने तथा सबै मान्छेमा कुनै न कुनै रूपमा रहने माया बारे बर्णन गरिएको. गीत हो । यसमा माया भन्ने चिजको स्वभाव तथा विशेषताको वर्णन गर्नुको साथै मायाको उपेक्षा गर्नेको हाल त देखाइएको छ । पानी जस्तै बग्दै र सर्दै

जाँने हुँदा यसलाई थुनेर राख्न नसकिने अनि रूप पनि नदेखिने कुरा यसमा गरिएको छ भने मायाबाट निरपेक्ष रूपमा टाढा बस्न नसक्ने उल्लेख गर्दै यसलाई पाप भन्नेहरूलाई बैरी समेत भनेर यस गीतमा भनिएको छ । यही माया तत्त्वको वर्णन र विशेषता नै यस गीतको विषय बनेको छ ।

**धेरै आए तिमी आइनौँ** आफ्नी मायालुलाई पर्खेर बस्ने कुनै प्रेमिले मायालु नआइदिदा उनीप्रति प्रकट गरेको गुनासो भएको गीत हो । यस गीतमा उसले मायालु तिमी सधै हिड्ने बाटोमा पर्खेर बस्दा पनि उनी नआएकोले आफ्ना मनमा भरिएका कुरा बाहिर ल्याउन नपाएको चिन्ता देखाएको छ । यसरी सुख दुःखका कुरा साटासाट गर्न चाहेका बेला बाटामा अनेकौं मान्छे हिड्दा पनि उनीमात्र निठुरी बनेर बिसिएको वा त्यो बाटो नहिडेको र आफू भोक निन्द्रा गुमाएर चिन्तामा डुबि रहदा पनि खुसी नदिएको प्रति गुनासो यसमा गरिएको छ । यसरी प्रेमिका भेट्न नपाएको दुःखको प्रकटीकरण यस गीतको विषय बनेको छ ।

**एउटा गीत तिम्रो** आफ्नो प्रिय मायालुको चुर्लुम्म डुबेको की कुनै मायालुले उसकै समययामा गुन्गुनाएको आलाय भएको गीत हो । यसमा उक्त मायालुले जुनसुकै बेलामा आफ्नो मायालुको सौन्दर्य र मायामा डुब्दै जाँदा आफूलाई नै विर्सिएको छ भने आफूलाई नै हराएर अर्को पात्रमा आँफू पाउदा प्रेम के हो भन्ने समेत भुलेको छ । यसरी संयोगको प्रेमको उत्कर्षमा पुगेको कुनै पात्रको आफ्नो जोडीप्रतिको संवेवित अनुरागको अभिव्यक्ति यस गीतको विषय बनेको छ ।

**माया लाउन धर्ती साँधुरो छ** प्रेममा डुबेको कुनै व्यक्तिले आफ्नो मन परेको मान्छेलाई संसारकै प्रिय ठानेको तथा हरपट आखैमा राख्न चाहेको कुराको अभिव्यक्ति भएको गीत हो । मायालाई सर्वश्रेष्ठ ठान्ने क्रममा उसले दया माया राख्नका निम्ति सिङ्गो धर्ती साँधुरो ठानेको छ भने आकाशलाई धेरै टाढा ठानेको छ अनि विकल्पका ठाउँहरूमा आफ्नै आँखा, मन, विपन, सपना, नजर र जिन्दगीलाई देख्दैं त्यहीं बस्न अनुनय गरेको छ । यसरी कहिल्यै नभेटिने प्यासको रूपमा मायालाई व्याख्या गर्दै उसैसँग सधैं रमाउने चाहनाको अभिव्यक्ति यस गीतको विषय बनेको छ ।

**तिमीसँग बिताएका दिन** कुनै प्रेमिकाको साथमा र त्यतीत गरेका आफ्नो जीवनका विगतका पानाहरूलाई अभिव्यक्त गर्ने प्रेमीको आवाज भएको गीत हो । यस गीतमा समाख्याताले प्रेमिकाको साथ भोगेको अनुभूतिलाई यसमा व्यक्त गरेको छ । यो प्रेमिल

जीवनमा उनै मायालुलाई एकमात्र प्राप्ति र तृप्ति ठानेर खोज्दै हिड्दा भोको, प्यासी र उदासी बनेको तथा अपमान र बदनाम समेत सहेको कुरा व्यक्त गरेको छ । उनै प्रेमिकाको साथमा थुप्रै रोएका, थुप्रै हाँसेको, अन्य थुप्रै कुरालाई बिरानो बनाएको उल्लेख गर्दै पात्रले विगतको यी सबै कुराको लेखाजोखा समेत आफूसँग नभएको कुरा गीतमा व्यक्त गरेको छ । यसरी प्रेमिका प्राप्त गर्न भौतारिएको र प्राप्त गरि सके पछि विताएका क्षणहरूको अभिव्यक्ति यस गीतको विषय बनेको छ ।

**दुःखले आर्जेको माटो** राष्ट्रिय भावनाले ओतप्रोत भएको गीत हो । गीतमा पुर्खाको ठूलो दुःखले आर्जेको माटोलाई आफू मरेर पनि सुरक्षा र स्वतन्त्रता प्रदान गर्नु पर्ने तथा बैरीलाई छुन र बिटुल्याउन दिनु नहुने कुरालाई अभिव्यक्त गरिएको छ । जीवन मरणको सवाल नै मात्र देशलाई बनाएर धेरै कष्ट र सङ्घर्ष गरेर अस्तित्त्ववान् बनाएको यो मुलुकको हिमालदेखि तराइसम्मको माटो एउटै तथा यो माटोका नेपाली साभा फूलबारी भएको कुरा उल्लेख गरिएको यस गीतमा नेपाल देशलाई हिजोको गर्व, आजको मर्म तथा भोलिको नासो भनिएको छ । यसरी एकताको सूत्र आस्थाको केन्द्र तथा कर्मको सार्थकता खोज्ने भूमिका रूपमा रहेको नेपालको भक्तिभाव यस गीतको विषय बनेको छ ।

**म राष्ट्रप्रेमी नेपाली** नेपालको आस्था तथा नेपाली भएर जन्मन पाउनुको गौरब तथा एक सचेत र जिम्मेवार नागरिकको दायित्व समेतको गुणगान गरिएको गीत हो । यस गीतमा नेपाललाई चन्द्र, सूर्यको ध्वजा भएको, हिमाली सौभाग्य भएको, हिमाल, पहाड, तराइ तथा फाँट सहितको अखण्ड रस्वतन्त्र देशका रूपमा चिनाइएको छ भने नेपालीलाई राष्ट्रप्रेमि स्वाभिमानी स्वतन्त्रताको पारख गर्दै स्वतन्त्र रूपमा हुर्केको, शान्तिको पुजारी, न्यायको छहारी तथा विकास गर्ने ऊर्जा बोकेको शक्तिशाली वीर जातिका रूपमा चिनाइएको छ । यसरी गौरव पूर्ण इतिहास र विशेषता बोकेको नेपालमा यसको उचाइ र मइत्तालाई सदा कायाम राख्ने नागरिकको रूपमा जन्मन पाउँदा नेपालीले गरेको गौरवगान गीतको विषय बनेको छ ।

## ५.३ भाषाशैली

भाषाशैली कुनै पनि रचना सिर्जनालाई विश्लेषण गर्दा हेनु पर्ने महत्त्वपूर्ण पक्ष हो । यसमा भाषाले अभिव्यक्तिको माध्यमको कार्य गरेको हुन्छ । भने शैलीले अभिव्यक्तिको तरिकाको कार्य गरेको हुन्छ । यसै कारण कुनै पनि कृतिको भाषा र शैलीलाई एकै ठाउँमा

अध्ययन विश्लेषण गर्ने गरेको पाइन्छ । सिर्जनामा भाषाको मुख्य विभेदकका रूपमा गद्य र पद्य स्वरूप रहेको हुन्छ । सामान्यत : कविता विधामा पद्यभाषा र अन्य विधामा गद्य भाषा रहने भए तापनि मुक्त छन्दका कविता समेतमा गद्यभाषाकै प्रयोग भएको हुन्छ । यस बाहेक भाषा शास्त्रीहरूले एकै भाषाभित्र पनि अनेकौँ प्रकारहरू रहने बताएका छन् । सिर्जनाविद्यामा प्रयोग गर्ने तथा अन्यत्र प्रयोग गर्ने सन्दर्भमा भाषालाई मूलरूपमा दुई भेदमा छुट्याएको पाइन्छ । तर्कभाषा र काव्यभाषा । तर्कभाषा मानवका आधारित सोझो र अभिधामूलक हुन्छ भने काव्यभाषा विचलित, लक्ष्य तथा व्यङ्ग्य अर्थ पनि प्रदान गर्ने अनि विम्ब, प्रतीक अलङ्कार आदिले युक्त कलात्मक र लयात्मक हुन्छ । **मनभित्रको आँधी** सङ्ग्रहभित्रका कविता गीतको अध्ययन विश्लेषणका सन्दर्भमा हेर्दा पनि सर्जकले दोस्रो (काव्य भाषा) को प्रयोग गरेको पाइन्छ । यस सङ्ग्रहका कविताहरू मुक्त छन्दमा रचिएका हुनाले द्विपदी वा चतुष्पदीय श्लोकढाचाको प्रयोग तथा अन्त्यानुप्राप्त सहितको भाषाको प्रयोग गरेको पाइदैन । पद्यपि विचलन युक्तल, पद पदावली तथा वाक्यात्मक एकाइभन्दा तल्ला तहमा मञ्जन अनि अनियमितरूपमा अनुप्रासका विविध भेद सहितको काव्य भाषाको प्रयोग कार्कीका कवितामा रहेको छ । गीततर्फ हेर्दा भने स्थाई र अन्तरासहितका आफ्नै विशिष्ट संरचनाको पहिचालना गरिएका उनका रचनामा त्यही अनुरूप आनुप्रासिक भाषाको प्रयोग रहेको छ । जनजीवनमा प्रचलित सरल, सहज, र सम्प्रेष्य शब्द चयनले बोधमा जटिलता आएको छैन । यति भएर पनि सहज र सम्प्रेष्य भाषामा नै प्रयोग गरिएका विम्ब प्रतीक आदि आलङ्कारिक पक्षको संयोजनले कृतिका रचना कलात्मक र काव्यभाषामय बनेका छन् । सारमा सापेक्षित रूपमा सर्जकको भाषिक कला कवितामा भन्दा गीतमा अझ सामर्थ्यवान बनेको भए पनि सम्पूर्ण रचनाहरू विचलित संरचनाका भैकन पनि सरल सरल भैकन पनि मधुर र कलात्मक भाषाले युक्त बनेका छन् ।

शैलीले सिर्जनात्मक सामग्रीलाई अभिव्यक्त गर्ने तौर तरिकालाई जनाउने गर्दछ । प्रत्येक व्यक्तिको जीवन भोगाइ र व्यवहारको आफ्नो र छुट्टै तरिका भए जस्तै भाषिक रचना प्रस्तुति गर्ने शैली पनि भिन्न भिन्न हुन्छ । यसै अनुसार नवराज कार्कीको यस सङ्ग्रहमा भएका कविता गीतको शैलीगत विशिष्टता आफ्नै प्रकारको रहेको छ । उनले यस सङ्ग्रहका रचनामा विषय वस्तु तथा सन्दर्भ अनुसार कतै वर्णनात्मक एवं कतै व्याख्यात्मक शैलीलाई अङ्गीकार गरेका छन् । यस्तै कुनै रचनामा विषय वस्तुको सूत्रात्मक प्रस्तुति पनि कविले गरेका छन् ।

**मनभित्रको आँधी** कविता सङ्ग्रह भित्रका गीत कवितामा भएको सरल र कलात्मक भाषाको प्रस्तुति गर्ने आफ्नै विशिष्ट शैलीले सिङ्गो कृति भाषाशैली विन्यासका दृष्टिमा सुन्दर ललित र उपयुक्त बनेको छ, सङ्ग्रहको कलात्मक उचाइलाई बढाउन थप टेवा पुऱ्याएको छ ।

## ५.४ उद्देश्य

हरेक विधाका साहित्यिक कृतिको सिर्जना उद्देश्य मूलक ढङ्गले गरिने हुँदा साहित्यक सिर्जनाका पछाडि प्रत्यक्ष वा परोक्ष रूपमा कुनै न कुनै प्रकारको उद्देश्य अन्तर्निहित हुन्छ (खगेन्द्र लुइटेल, २०६२, पृ. १०) ।

उद्देश्यले के प्रयोजनका निम्ति कसैले केही गर्छ भन्ने कुरालाई बुझाउँछ । यसैले कुनै न कुनै कार्यको उद्देश्य रहन्छ नै अथात उद्देश्य विनाको कुनै पनि कार्य हुदैन । साहित्यको सिर्जना प्रतिभावान् सर्जकले आफ्नो प्रतिभालाई सार्जजनिकरण गर्न र आनन्द आदिको प्राप्तिका निम्ति गर्ने सिर्जनात्मक कार्य भएकाले सामान्यत : साहित्य सिर्जनाको उद्देश्य पनि त्यस अनुसार नै रहने गर्दछ । यस बाहेक आफ्नो सिर्जनात्मक प्रतिभाको उपयोगद्वारा प्रकाशन गरिएका कृतिहरूलाई मूल्यमा साटेर जीविका गर्ने स्रष्ठाहरू पनि हुन्छन्  अर्थात सहित्य सिर्जनाको उद्देश्य जीविकोपार्जन पनि हुन सक्छ । तर आफ्ना सिर्जनामा प्रयोग गरिने विषय वस्तुको रोजाइले पनि स्रष्ठाको लेखनको उद्देश्यलाई सङ्केत गर्दछ जुन उद्देश्य माथि लखिए भन्दा भिन्न समाजको रूपान्तरणमा सहयोग पुऱ्याउने, व्यक्ति र समाजलाई सही गन्तव्यतर्फ डोऱ्याउने, अन्तरमा लुकेका भावनालाई प्रस्फुटित गर्ने वा अन्य त्यस्ता पक्षसँग सम्बन्धित रहेको हुन्छ । **मनभित्रको आँधी** कविता सङ्ग्रहको विश्लेषण गर्ने सन्दर्भमा यसमा पनि स्रष्ठाको विषय वस्तुगत रोजाइका आधारमा देखिन आएको उद्देश्यको पक्षलाई निरूपण गर्ने प्रयास गरिएको छ ।

**मनभित्रको आँधी** कविता सङ्ग्रंह विषय वस्तुगत विविधता भएका कविता र गीतहरूको सङ्ग्रह हो । यसैले कवि कार्कीले विभिन्न रचनामा विभिन्न उद्देश्य लिएको पाइन्छ । यस अन्तर्गत परिमाणत्मक दृष्टिले यस सङ्ग्रहका रचनाहरू कविमा भएको प्रेमप्रतिको श्रृङ्गारिक भावनाको प्रकटीकरण गर्ने उद्देश्यबाट प्रेरित भएका देखिन्छन् । युवा युवती वा प्रेमी प्रेमिका बीचको संयोग अनि यो संयोगमा भएको एव अर्काका भावना साटासाट गर्ने तथा सपनाको सुन्दर संसार सजाउने कल्पनाको अभिव्यक्ति उनका यस्ता

रचनामा रहेका छन् । यस्तै गरी आफ्नो मन परेको की व्यक्तिलाई आफूसँगै नपाएर भएको विरक्ति तथा तड्पाइको स्थितिका साथै प्रेमी वा प्रेमिकाले धोका दिएर जिन्दगीको यात्रा बरबादीको बाटोतर्फ लागेको अवस्थाको अभिव्यक्ति पनि यी रचनाहरूमा पाइन्छ । कवि कार्कीले उल्लिखित विषयको प्रस्तुतिद्वारा निर्मल र स्वच्छ प्रेम गरेर सुन्दर जीवन जिउनु पर्ने कुराको सन्देश प्रेषित गरेका छन् । यस बाहेक राष्ट्र भक्ति, नेपालप्रतिको गौरव आदिका गाथा पनि कविले यस सङ्ग्रहमा अटाएका छन् । यस्ता रचनाहरूमा भौगोलिक, सांस्कृतिक, जातीय, धार्मिक, आदिको विविधताले युक्त यस देशको अस्तित्त्व र अखण्डताको रक्षार्थ जहिल्यै एकताबद्ध हुनुपर्ने कुराको प्रेरणा कविले प्रदान गरेका छन् । यसैगरी समाजमा रहेका अन्याय, अत्याचार, विकृति विसङ्गति आदिको भण्डाफोर र विरोध गर्दै सभ्य, सुन्दर तथा उन्नत मुलुक बनाउन पर्ने कुराको प्रस्तुति पनि रचनाहरूमा रहेको पाइन्छ ।

समग्रमा हेर्दा कवि नवराज कार्कीले **मनभित्रको आँधी** कविता सङ्ग्रह भित्रका गीत तथा कविताका माध्यमबाट गौरव पूर्ण भूमि नेपालमा जन्मिएका हामी नेपालीले राष्ट्रियताको रक्षा गर्दै आपसी सद्भाव तथा प्रेमपूर्ण सभ्य जीवनको भागमा अगाडि बढ्नुपर्ने कुराको सन्देश प्रेषण गर्नुलाई उद्देश्यका रूपमा लिएको पाइन्छ ।

## ५.५ लय

ध्वनिको उच्चारण गर्दा उत्पन्न हुने साङ्गीतिक गुञ्जन लय हो । साहित्यका सन्दर्भमा कविता गायन वा वाचनको विशिष्टता भएको विधा भएका कारण यसको विन्यासमा लयको अत्यन्तै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कुन कविता कति छिटो वा ढिलो वाचन गर्ने भन्ने कुरा त्यसमा उपयुक्त हुने लयमा निर्भर रहन्छ । कवितालाई लयात्मक बनाउन छन्द अलङ्कार, प्रवाह, गति, यति, विराम, आधात, आदिको महत्त्वपूर्ण भूमिका रहन्छ । सिर्जनाको (विशेषत कविताका) पद्य र रचनालाई लयात्मक बनाउन समान लमाइ भएका हरफहरू तथा समान वणनमात्रायुक्त छन्द ढाचाको आयोजना हुने हुँदा तिनमा बाइय लयको प्रवाह रहेको हुन्छ भने योजनाका साथ वाक्य र अनुच्छेद मञ्जन गरिने भएको कारण त्यसमा अन्त : लयको प्रवाह रहेको हुन्छ ।

**मनभित्रको आँधी** सङ्ग्रहमा कविता र गीतहरू सङ्गृहीत छन् र यी संरचनागत भिन्नताका साथ प्रस्तुत भएका छन् । यस भित्रका फुटकर कविताहरू गद्य वा मुक्त छन्दमा रहेका छन् । अत : यिनमा समान लमाइको हरफ ढाँचा तथा निश्चित हरफको श्लोक (

अनुच्छेद योजना) रहेको छैन । यस्ता कविताको गति, यति तथा पठन पनि पद्य कविताको भन्दा भिन्न हुन्छ । यसैले लामो लय र अनुप्रासिकताको डुबाइ नभएर इनमा आन्तरिक प्रवाह सहितको झङ्कृति रहेको हुन्छ । वाक्यका अंशमा भएको मञ्जन विशिष्ट पद तथा पङ्क्ति योजना अनि अनियमित अनुपास र आवृतिले यस्ता कविताको लय सिर्जना गरेको हुन्छ । यसै अनुसार यस सङ्ग्रहमा सङ्ग्रहीत कविताको लय सिर्जना गरेको हुन्छ । यसै अनुसार यस सङ्ग्रहमा सङ्गृहीत कविताहरू गद्य कविता अनुकूलको अन्त : लयमा प्रवाहित भएका छन् । यस सङ्ग्रह भित्र रहेका गीतहरू भने गीतकै विशिष्ट ढाँचा वा संरचनामा आबद्ध रहेका छन् । स्थायी र अन्तराको विशिष्ट योजना तथा आवृत्ति तिनमा भएको हरफको लमाइगत आयोजना तथा अनुप्रास आदीको प्रयोगले यस सङ्ग्रहका गीतहरूलाई गेयात्मक र लयात्मक बनाएको छ । यसैले वाह्य गति, यति, गायन आदिको कलात्मक संयोजन रहेका यी गीतहरूमा आन्तकिता अतिरिक्त बाह्य लय पनि सशक्त रूपमा प्रवाहित भएको पाइन्छ । यसरी गीत र कविता गरी कविताको उपविधात्मक विविधताका साथ प्रस्तुत गरिएका यस सङ्ग्रहका रचनाहरू संरचनागत रूपमा पनि भिन्न रहेका छन् भने तिनमा रहेको लय उत्पन्न गर्ने पक्ष र लयात्मक स्थिति पनि भिन्न नै रहेको छ ।

## ५.६ दृष्टिबिन्दु

कृतिमा समाख्याता र पाठको दूरी कति छ भन्ने कुरालाई निर्धारण गर्ने तत्त्व दृष्टिबिन्दु हो । लेखक स्वयं पाठमा उपस्थित भएको छ वा अन्य कुनै समाख्याताको निर्माण गरी पाठको समाख्यान गर्न लाएको छ भन्ने कुरा त्यसको दृष्टिबिन्दुले बताउछ । यसैले दृष्टिबिन्दुले कृतिलाई पाठक पमक्ष उपस्थित गर्ने पद्धतिको निर्माण गरेको हुन्छ । कविताका सन्दर्भमा कविका भाव, विचार अनुभूति, बस्तु आदिलाई पाठकसम्म पुऱ्याउने पद्धतिको निर्माण दृष्टिविन्दु गर्दछ । मुख्य रूपमा यसका दुईवटा प्रकारहरू रहन्छन् । लेखक, कवि स्वयँ कृतिमा उपस्थित भएर वा म हामी जस्ता प्रथम पुरुष वाचक सर्वनामको प्रयोग भएका रचनामा प्रथम पुरुष दृष्टिबिन्दु भएको भनिन्छ । यस्तो कृतिलाई कविप्रौढोक्तिसिद्ध कथन ढाँचा भएको कृति पनि भनिन्छ । यस्तै लेखक कवि कुनै पनि कृतिमा स्वयँ उपस्थित नभई कुनै यात्रालाई समाख्याताका रूपमा उपस्थित गरेर समाख्यान गर्ने पद्धति तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोगको पद्धति हो । यसमा ऊ, त्यो, तिनी आदिजस्ता सर्वनामको प्रयोग भएको हुन्छ । यसलाई कविनिबद्धवस्तु प्रौढोक्तिसिद्ध कथन ढाँचा पनि भनिन्छ । 'मनभित्रको

आधीँ' कविता सङ्ग्रहभित्र भएका रचनाहरूमा पनि यिनै ढाँचाको कस्तो प्रयोग भएको छ भन्ने कुरालाई यहाँ हेरिएको छ ।

**मनभित्रको आँधी** कविता सङ्ग्रहमा प्रथम तथा तृतीय गरी दुबै प्रकारका दृष्टिबिन्दुको प्रयोग गरिएको कविता तथा गीतहरू सङ्गृहीत भएका पाइन्छन् । यी रचनाहरूमध्ये कतिपयमा कवि स्वयं समाख्याताका रूपमा पाठमा ओर्लीएका आर्लिएका छन् भने कतिमा समाख्याताको रूपमा दोस्रो (नाम धारी र अमूक पात्रसमेत) लाई उपस्थित गराएका छन् । कविले दृष्टिबिन्दुको चयन गर्दा पाठको निश्चित विषयवस्तुमात्रलाई भने आधार बनाएका छैनन्  अर्थात जसरी म हामी जस्ता प्रथमपुरुषवाचक सर्वनामको प्रयोग सहितका प्रथमपुरुष वा कविप्रौढोक्तिसिद्ध कथनढाँचाका कविता गीतहरूमा विषयगत विविधता छ त्यसै गरी तृतीयपुरुष वा कविनिबद्धवक्तृप्रौढोक्तिसिद्ध कथन ढाँचा भएका गीत कविताको पनि विषयगत विविधता रहेको पाइन्छ । यसो भए पनि कवि नवराज कार्कीमा प्रथमपुरुष दृष्टिबिन्दुको प्रयोग प्रति बढी लोभ भएको कुरा उनले यस सङ्ग्रहका अधिकांश रचनामा गरेको सही दृष्टिबिन्दुको प्रयोगबाट प्रष्ट हुन्छ । सङ्ग्रहको कविता खण्डमा अनुत्तरित प्रश्न, जिज्ञासा अचेल यस्तै छ काठमाडौं तथा गीत खण्डमा निर्मल विश्वास तिमी अकाशकी तारा, लाग्थ्यो हराउँ जस्तै जस्ता कविताहरू प्रथम पुरुष दृष्टिबिन्दुमा रचना गरिएका उदाहरणहरू हुन् भने कविताखण्डका कविको आँखा, नयाँ वर्षको कुरा, बनफूल आदि तथा गीत खण्डका मायाको गीत, सुख कस्तो होला ? निराश नहुनु है आदि जस्ता रचना तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको उदाहरणहरू हुन् ।

**मनभित्रको आँधी** कविता सङ्ग्रहलाई दृष्टिबिन्दु वा कथन ढाँचा का दृष्टिले समग्ररूपमा हेर्दा दुबै प्रकारका ढाँचाको प्रयोग भएको पाइन्छ । यी दुबै प्रकारको कथन ढाँचा प्रयोग गरेर कुशलतापूर्वक कवि कार्की पाठसँग पाठकको सम्बन्ध स्थापना गर्न सक्छन् भन्ने कुरालाई यसले स्पष्ट पारेको छ ।

## ५.७ विम्ब प्रतीक र अलङ्कार

सर्जकका सिर्जनालाई कलाले भरेर उच्च कोटिका तुल्याउन प्रयोग गरिने साहित्यका तत्त्वहरूमा विम्ब प्रतीक तथा अलङ्कारहरू पर्दछन् । कविता विधाको आफ्नो छुट्टै कलात्मक वैशिष्ठ्य हुने हुँदा यस विधामा विम्ब, प्रतीक तथा अलङ्कारको पक्षले झनै ठूलो महत्त्व राख्दछ । यिनीहरूमध्ये विम्बले छायाँ प्रतिच्छाया वा मानसिक चित्रलाई बुझाउछ । यसले

अनेक ढङगले प्रयोग हुनसक्ने तथा शब्दका सन्दर्भबाट निर्माण हुने तत्त्वका रूपमा कार्य गर्दछ । यसैले इन्द्रियजन्य अनुभूतिको शब्दिक प्रतिनिधित्व गर्ने तथा एक वा कमभन्दा बढी इन्द्रियद्वारा अनुभव गर्न सकिने बस्तुलाई विम्ब भनिन्छ । रूप, शब्द, गन्ध, स्वाद, स्पर्श, स्मृति, स्वप्न आदि बाट ग्रहण गरिने विम्बहरू हुन सक्दछन् । यस्तै गरी प्रतीकले साङ्केतिक वा प्रतीकात्मक रूपमा अभिव्यक्त गरिने सङ्ग्यानलाई जनाउँछ । सबै विम्बहरू मूर्त हुने र प्रतीक चाहीँ अमूतसम्म पुग्ने हुँदा यसले विम्बबाटै विशेषीकृत जस्ता यसका प्रकारहरू रहेका हुन्छन् । काव्यलाई कला प्रदान गर्ने अर्को पक्ष अलङ्कार हो । यसले रचनामा आमूषण वा गहनाको कार्य गर्दछ । कृतिको संरचना र अर्थसमेतमा चम्तकार प्रदान गर्न प्रयोग हुने अलङ्कारका मूख्यतः शब्दालङ्कार र अर्थालङ्कार गरी दुई भेद हुने भए तापनि ती भित्र पनि अनेक भेदहरू रहेका हुन्छन् । मनभित्रको आधीँ कविता सङ्ग्रहमा सङ्गृहीत कविता गीतमा भएका जस्ता कलात्मक पक्षलाई सङ्क्षदेमा हेर्ने कार्य यहाँ भएको छ ।

**मनभित्रको आधीँ** कविता सङ्ग्रह विम्ब प्रयोगका निकै राम्रो सङ्ग्रहका रूपमा रहेको छ । यसमा गीत तथा कविताहरूमा विभिन्न विम्बहरूको प्रयोग सम्बन्धित पाठको विषयवस्तु अनुरूप गरेको पाइन्छ । यिनीहरूमध्ये प्रकृतिजगतको वर्णन तथा देशको गौरवगानको विषय भएका रचनाहरूमा प्रकृतिकै जून घाम, फल, फूल, खगोल, विभिन्न ऋतुहरू, पशुपक्षी अनि नेपालका विभिन्न हिमाल, पहाड, तराइ, नदी आदिलाई विम्बहरूको प्रयोग भएको छ । यस्तै देश भक्तिकै भावनात्मक अभिव्यक्ति प्रस्तुत गरिएका अनि प्रेम विषयक श्रृङ्गारको प्रयोग भएका गीत कविताहरूमा मुटु, धड्कन, दृष्टि, गर्व, दुःख आदिजस्ता व्यक्तिको भावनात्मक सम्बन्धसँग सम्बन्धित विम्बहरूको प्रयोग गरेको पाइन्छ । कार्कीले विम्बप्रयोगको कौशललाई प्रस्तुत गरेको नमुनाका रूपमा तत्त्वको अशं हेर्न सकिन्छ :

सिमलको भुवा जस्तै हावासँग जिस्कीजिस्की

बरु आकाशिए हुन्छ फुक्का भएर

ढकमक फक्रिएर माभ्र बसन्तमा

शिरीषको फूलसरी भने हुदैन (कार्की २०५३: ५६)

यी हरफहरूमा कविले सुन्दर जीवन बाँच्न तथा दुःखी र निराशी नबन्न प्रेरणा प्रदान गर्ने सन्दर्भमा प्रकृतिजगतका विभिन्न विम्बहरूलाई प्रस्तुत गरेका छन् ।

'मनभित्रको आधीँ' सङ्ग्रहमा विभिन्न प्रतीकहरूको पनि प्रयोग गरेको पाइन्छ । कवि कार्कीका गीत कविताहरू भाषिक जटिलता अनि सम्प्रेषणको कठिनाइमा नफसेका कारण प्रयुक्त प्रतीकहरू पनि जटिल र दुबोध्य छैनन । यस्तै गरी उनका रचनाहरू आवश्यक स्थानमा मात्र सीमित प्रतीकहरूको प्रयोग गरिएका वा प्रतीकैप्रतीकको जञ्जालबाट मुक्त रहेका छन् । प्रतीको प्रयोग भएका उनका रचनामा हेर्दा क्रान्ति तथा परिर्वतनको सङ्केत गर्न 'हुरी' (पृ.५) जीवनको सुन्दरतम पक्षलाई सङ्केत गर्न 'सुन' (पृ.६) जीवनको असुन्दर पक्षलाई सङ्केत गर्न 'फलाम' (पृ.७) जस्ता सरल र प्रचलित प्रतीकहरूको प्रयोग गरेको पाइन्छ ।

कवि कार्कीको प्रस्तुत कविता सङ्ग्रहका रचनालाई सुन्दर बनाउन अलङ्कारको पक्षले पनि उत्तिकै महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । कविले यी रचनाहरूमा अलकारका विभिन्न प्रकारहरूको सुन्दर संयोजन गरेका छन् । शब्दालङ्कार अनुप्रास, श्लेष अनि अनुप्रासका पनि अन्त्यानुप्रास, नृत्यानुप्रास, लाटानुप्रास जस्ता विभिन्न प्रकारको प्रयोग यी रचनामा पाइन्छ । यस्तै रचनाको अर्थबाट प्रकटित हुने अर्थालङ्कारका प्रकारहरू पनि यस सङ्ग्रहरूमा प्रयोग भएका छन् । यस सङ्ग्रंहमा प्रयोग भएका यस्ता अर्थालकारहरूमा बस्तुको साधर्म्य देखाउदाँ बन्ने उपमा, उपमेयमा उपमानको आरोप गर्दा बन्ने रूपक, प्रस्तुतमा अप्रस्तुतको सम्भावना देखाउदा बन्ने उत्प्रेक्षा समान धर्मद्वारा प्रस्तुत र अप्रस्तुतको सम्बन्ध देखाउदा बन्ने दीपक, शङ्का उत्पन्न गर्ने सन्देह, प्रस्तुतमा बढी गुण देखाउने त्यतिरेक आदि पर्दछन् । कविले गरेको अनुप्रासको प्रयोगको नमुनाको रूपमा तलको हरफलाई हेर्न सकिन्छ ।

बगी जाने खोलासित बोलूँबोलू जस्तो

ढुङ्गासित पनि दिल खोलूँखोलूँ जस्तो (कार्की, २०५३ : ४०)

**मनभित्रको आँधी** सङ्ग्रहमा प्रयोग भएका विम्ब, प्रतीक तथा अलङ्कारबारेको माथिको चर्चाले ती पक्षहरूको प्रयोगमा कविको सक्षमतालाई तथा उक्त प्रयोगले सङ्ग्रहलाई बनाएको मधुरता, कोमलता एवं लालित्यको बारे प्रष्ट बनाएको छ ।

## ५.८ निष्कर्ष

**मनभित्रको आँधी** कवि गीतकार नवराज कार्कीको वि.स.२०५३ मा तत्कालीन ने.रा.प्र.प्र बाट प्रकाशित फुटकर कविता अनि गीतको सङ्गालो हो । यस सङ्ग्रहमा परिमाणत्मक दृष्टिले कम गद्य कविता तथा बढी गीतहरू रहेका छन् । बढीजसो प्रेमका संयोग तथा विप्रलम्भ श्रृङ्गारको प्रयोग गरिएका र देशभक्तिको भावले भरिएका रचनाहरूको अधिक्य यस सङ्ग्रहका रचनामा पाइन्छ । तापनि समग्रंतामा हेर्दा भने कविले विषयवस्तुगत विविधतालाई यसमा अटाएका छन् । कविताको विश्लेषण गर्न प्रयोग हुने विषयवस्तु लगायत शीर्षकको उपयुक्तता, भाषाशैलिय विन्यास, उद्देश्यपूर्णता, लय, कथन ढाँचा विम्ब प्रतीक अलङ्कारजस्ता तत्त्वहरूको कसीमा राखेर हेर्दा कार्कीका यस सङ्ग्रहको कविता गीत सरल, सहज, सम्प्रेष्य, सार्थक र राम्रा रहेका पाइन्छन् । यो जोखाइको तराजुमा अझ गीतले गुणात्मक र परिमाणात्मक दुवैपक्षको भार बढी लिएको पाइन्छ । समग्रमा कवि कार्कीको यस सङ्ग्रहले नेपाली साहित्यको कविता विधाको सिर्जनात्मक मूल्य र गुण पनि उत्तिकै उचाइमा रहेको छ ।

# परिच्छेद छ

# एक दनक कविता सङ्ग्रहको अध्ययन

## ६.१ परिचय

**एक दनक** कविता नवराज कार्कीको हास्यव्यङ्ग्य कविता सङ्ग्रह हो । वि.सं. २०५९ मा पहिलो पटक प्रकाशित भएको यस सङ्ग्रहमा तेइसवटा फुटकर आयामका र एकतीसवटा मुक्तक आयामका गरी जम्मा ५४ वटा कविताहरू सङ्गृहीत रहेका छन् । डिमाइ आकारका ६६ पृष्ठहरूमा विस्तारित भएको यस सङ्ग्रहमा 'प्रार्थना', **आफ्नो धोको आफैँ पुऱ्याऊँ**, 'यो देशमा', 'शहीदको नाम', 'क्या गजबको देश छ', **पहिले र अहिले**, 'एउटा विनम्र अनुरोध', 'भाँच्यौ बाबु', 'मैयाँको अध्यावधि', 'अनि पो बल्ला प्रजातन्त्र', 'हाम्रो अड्डामा', 'सांसदहरूको गीत', 'उहाँ', 'आजको नेपाल', 'देश-देशप्रेमी', 'यहाँ', 'राष्ट्रिय योजना', 'राष्ट्रिय विकास', 'राष्ट्रिय सहमति', 'कुर्सी', 'देश विकासको प्रस्ताव', 'बिगबिगी छ बाँदरहरूको' र 'महाभोज' शीर्षक कविताहरू रहेका छन् । यस्तै प्रस्तुत सङ्ग्रहका अन्य कविताहरूमा -'नेता र रिमोट कन्ट्रोल', 'यस्तो पाठ सिकाउनोस् कि भाइसाप्...', 'चतुमानजी', 'होनहार नेताको अन्त्य', 'पुरस्कार', 'राष्ट्रिय प्रहसन', 'क्या फसाद छ यो सहरमा', 'एउटा आपत्तिको सूचना', 'रौँ', 'तिमी नभएत म', 'नीति', 'वास्तविकता', 'बूढो बाबुको अर्ती', 'मताधिकार', 'विडम्बना', 'नेताजीलाई सुझाव', 'शैक्षिक अवस्था', 'अभिभावकका कुरा', 'आयोगहरूको आयोग', 'डुब्न लागेको देश', 'गनाएको राजनीति' 'जनता-नेता संवाद', 'नेपालको विकास', 'अभिशाप्त देश', 'मन्त्री हुने छाँट छ', 'धुर्ने साथी : अनिदो रात', 'श्रीमतीको अठोट', 'फेटा काटेर पेटीकोट', 'हाम्रो आयात निर्यात', 'पुर्खा र हामी', 'एउटा यस्तो यथार्थ' र 'बीभत्स सत्य' रहेका छन् । यसमा रहेका कविताहरूले नेपालको सामाजिक, आर्थिक, धार्मिक र राजनीतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई विषयवस्तु बनाउँदै तिनीहरूप्रत तिखो व्यङ्ग्य प्रहार गरेका छन् । यस सङ्ग्रहमा रहेका कविताहरूलाई शीर्षक विषयवस्तु भाषाशैली, उद्देश्य, लय, दृष्टिविन्दु र विम्ब, प्रतीक अङ्कार जस्ता कविता तत्त्वका आधारमा अध्ययन तथा विश्लेषण गर्ने कार्य यहाँ गरिएको छ ।

## ६.२ विषय वस्तु

समसामयिक युगका चर्चित कवि नवराज कार्कीले आफ्नो ५४ वटा लामा छोटा कविताहरूको सङ्ग्रह **एक दनक** मा यसै कालखण्डमा नेपाली समाजको विभिन्न क्षेत्रमा देखिएका विकृत घटनाहरूलाई व्यङ्ग्य गरेका छन् । यसका लागि उनले नेपाली समाजमा दैनिक जसो घट्ने घटनाहरूलाई कविताको विषयवस्तु बनाएका छन् । उनको प्रस्तुत कविता सङ्ग्रहका कविताहरूको विषयवस्तुलाई छुट्टा छुट्टै रूपले अध्ययन गर्ने कार्य यहाँ भएको छ -

**प्रार्थना** शीर्षकको मुक्तकमा नेपाली नेताहरूमा देखिएको स्वार्थी प्रवृत्तिलाई विषय वस्तु बनाइएको छ । यसमा हिन्दूहरूका आराध्यदेव पशुपतिनाथको प्राथृना गर्दै यो देश (नेपाल) तिम्रै भएकाले यसलाई तिमी जे सुकै गर हामी त हाम्रै भलो भर्छौ भनेको सन्दर्भलाई कविताको विषय वस्तु बनाइएको छ ।

**आफ्नो धोको आफैँ पुऱ्याऊँ** शीर्षक कविताले नेपाली राजनीतिक क्षेत्रबाट विषय वस्तु ग्रहण गरेको छ । यस कवितामा विदेश भ्रमणमा लैजान सँधै कचकच गर्दै आफ्नो श्रीमान्लाई मन्त्री बन्न भनी रहने श्रीमतीको गन्थन विषय वस्तुका रूपमा आएको छ । श्रीमान् मन्त्री बन्ने कुनै सम्भावना नदेखेपछि श्रीमती आफैँ राजनीतिमा लागेर मन्त्री बन्ने श्रीमान् समेतलाई सरकारी खर्चबाट विदेश सयर गराउने उद्घोष पनि यसको विषयवस्तुसँग जोडिएर आएको छ ।

**यो देशमा** मुक्तक आयामको कविताले शिक्षा जस्तो पवित्र कुरा व्यापार बनेको, नेपाली समाजमा मानवीय संवेदना हराउँदै गएको, सेवा, धर्म र मानवता जस्ता कुराहरू पैसा कमाउने माध्यम बनेको तथा समाजका मानिसहरू आफ्नै भलो मात्र सोच्ने गरेको जस्ता सन्दर्भहरूलाई काव्यात्मक विषय बनाएको छ । समाजमा मानिसहरू मानवता गुमाएको र स्वार्थी प्रवृत्ति भएकाहरू नै असल बनेको कुरा पनि यस कविताको वस्तुका रूपमा आएको छ ।

यस कवितामा कविले सहिदको नाम बेचेर सहिदको नाम भजाएर ठगी खाने भाँडो बनाएर आफू मोटाकाहरूलाई देखेर सहिदले व्यर्थै भेटेछु भनेर गरेको पश्चाताप बोधलाई कविताको विषय बस्तु बनाएका छन् । यस कविताले नेपालमा सहिद (सव) र गातिकमाथि राजनीति गर्ने प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गरेको छ ।

यस कविताको नेपाली समाजमा बढ्दै गएको गरिबीलाई विषय वस्तु बनाएको छ । विकासको कुरा गर्ने मानिसहरू भएको, विश्वको अग्लो शिखर सगरमाथा भएको देश नेपालमा गरिवी भने दिनप्रतिदिन बढ्दै गएको यो गजबको बन्दै गएको भन्दै कविले देश विकासको स्थानमा रहेकाहरूलाई व्यङ्ग्य गरेका छन् । हुन पनि नेपाल विश्वको दोस्रो गरिबव देश बनेको छ । देशमा रहेको गरिबीको यही डरलाग्दो सन्दर्भलाई यस कविताले आफ्नो विषय वस्तु बनाएको छ ।

**पहिले र अहिले** शीर्षक रहेको यस कवितामा कविले नेपालको कर्मचारी प्रशासन व्याप्त घोसखोरीलाई विषयवस्तु बनाएका छन् । पहिलेका कर्मचारीहरू जागिर खान कार्यालय जाने तर आजकाल उनीहरू भ्रष्टाचार गरेर कार्यालयलाई ध्वास्त पार्न त्यहाँ जाने गरेको सन्दर्भ यस कवितामा आएको छ । पहिलेका भ्रष्ट कर्मचारीहरूले लुकी लुकी घुस खाने तर अहिलेका कर्मचारीहरू खुलमखुला खान थालेको कुरा कवितामा व्यक्त भएको छ । यसरी यस कवितामा कविले पहिलेका कर्मचारी र अहिलेका कर्मचारीको आचरणमा देखिएको पृथकतालाई कवितात्मक वस्तु बनाएर प्रस्तुत गरेका छन् ।

यस कविताको विषयवस्तु नेपाली राजनीतिका नेता र मन्त्रीहरूको आचरणबाट टिपिएको छ । नेपालमा प्रजातन्त्र बहाली भएपछि हिजो हात्तीछाप चप्पल पड्काएर हिँड्ने नेताहरू मन्त्री भएपछि अकुत सम्पत्ती आर्जन गर्ने, विदेश सचर गर्ने घुस खाने, कमिसर र भत्ता लिने गर्दै धनी बनेको नेपाली राजनितीकको यर्थाथ पक्ष यस कवितामा विषय बस्तु बनेर आएको छ । मन्त्री हुँदा सरकारी सेवा सुविधाले गर्दा मोटोघाटो देखिने नेताको शरीर मन्त्री पद खुस्कदाँ दुब्लाउने गरेको यथार्थ पनि यसका बस्तुसँग जोडिएर आएको छ ।

यस कविताले आन्दोलनका नाममा हुने तोडफोडको विषयलाई आफ्नो सम्बल बनाएको छ । नेपालीहरू आन्दोलन भनेपछि तोडफोड र भाँचकुच मात्रै बुझ्ने, घरका अफिसका अन्य भवनहरूका रेलिङ् फ्यालकुर्सी लगायत फोर्ने मिल्ने बस्तु जति सबै फोर्नु नै हो भन्ने बुझ्छन् । तर निर्माण भन्ने कुरामा उनीहरू कहिल्यै अगाडि सर्दैनन् । यस्तो पाराले के को देश विकास हुन भन्ने अशय प्रस्तुत गरेको यस कविताले आन्दोलनकारी मानिसहरूका गलत वा ध्वाशाँत्मक आचरणलाई आफ्नो विषय बस्तु बनाएको छ ।

**मैयाँको मध्यावधि** शीर्षक रहेको **एक दनक** कविता सङ्ग्रंहको नवौं क्रममा रहेको कवितामा प्रौढावस्थामा रहेका पुरुष र नारीका बिचको समझदारीलाई कविताको विषय बनाइएको छ । यस कवितामा चालीस वर्ष पुग्नै आँटेकी एकल महिलालाई जीवनले आधा उमेर पार गरी सकेको अब एक्ला एक्लै जिन्दगी काट्न कठिन हुने भएकाले सँग सँगै बाँच्नका लागि पुरुषले अनुरोध गरेको सन्दर्भ आएको छ । चालीसको हाराहारीलाई जीवनको मध्यवधिका रूपमा प्रस्तुत गरिएको यस कविताले व्यङ्ग्यत्मक रूपमा पचासको दशकको आरम्भतिर नेपाली राजनीतिमा सभ्य नपुग्दै हुने मध्यावधि निर्काचन सत्ताको तानातानी जस्ता सन्दर्भलाई पनि विषयवस्तु रूपमा देखाएको छ ।

**अनि पो बल्ल प्रजातन्त्र** शीर्षकको कवितामा कवि नवराज कार्कीले २०४७ सालमा नेपालका आएको बहुदलीय प्रजातान्त्रिक व्यवस्थाले निम्त्याएका विकृति र विसङ्गतिलाई विषयवस्तु बनाएका छन् । उनले यस कवितामा प्रजातन्त्र भनेको नेपाली राजनीतिका नेताहरूको कारण वर्षेपिच्छे चुनाव गर्ने र कुनै पनि सरकारलाई दीगो हुन नदिने, महङ्गी र भ्रष्टचारका विगविगी हुने, सत्ता र सम्पत्तीका लागि जे पनि गर्ने पाउने व्यवस्थाका रूपमा प्रस्तुत भएको कटु यर्थाथलाई काव्यात्मक वस्तुका रूपमा प्रस्तुत गरेका छन् । यस्तै गरी लाग्यो समयसमग्र विरङ्कुशताको माया परेका नेपाली जनताको युक्तिका लागि भनेर भएको आन्दोलन र त्यसको उपलब्धिका रूपमा स्थापित भएको प्रजातान्त्रिक व्यवस्था पनि सीमित व्यक्तिहरू सम्पन्न बनेको सेवा र सुविधा प्राप्त गरेको र धेरै जनताहरू महङ्गी, भ्रष्टचार अस्थिर शासन प्रणाली आदिको पारमा परेकोले यहाँ प्रजातन्त्र आएको छैन भन्ने भावलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्नका लागि कविले त्यसै अनुकूलको विषयवस्तुलाई यस कवितामा प्रयोग गरेका छन् ।

यस कवितामा कविले नेपालको प्रशासनिक व्यवस्थामा रहेका कर्मचारीहरूको भ्रष्टाचारी प्रवृत्तिलाई कविताको विषय वस्तु बनाएका छन् । यसका लागि उनले अयुक अड्डा (सरकारी कार्यालय) मा भएका तीनवटा हाकिमका आचरणलाई सन्दर्भ बनाएका छन् । त्यस कार्यालयमा भएको पहिलो एउटा हाकिम बूढो र मोटो शारीरिक सरचना भएको र कार्यालय प्रयोजनका लागि सरकारले उपलब्ध गराउने सम्पूर्ण स्रोत साधनहरू आफ्नो व्यक्तिगत प्रयोगका लागि घरमा लैजाने प्रवृत्तिको भब्एको जानकारी कविले कवितामा दिएका छन् । त्यसै अर्को हाकिम भ्रष्टचारको युद्धा लागेर अदालत धाउँदै गरेको नेतावाद र कृपावादमा लिप्त हुने चकडिवाज शैली भएको कुरा पनि कवितामा आएको छ । अर्को

हाकिम बहातवाला छ तर पनि निमित्ति भएर काम गरीरहेको उसले आफ्नै सालो मन्त्री भएकाले आश नै कार्यालयको हाकिम हुनु पर्ने जिकिर गरी रहने प्रवृत्ति भएको छ भनिएको छ । यसरी विवेच्य कविता कर्मचारी तन्त्रमा रहेको फोहरी प्रवृत्ति र चिन्तनलाई आफ्नो मूल विषय वस्तु बनाएको छ ।

**संसदहरूको गीत** कवितामा बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा सांसदहरूले गर्ने भ्रष्टाचार र ठूला र साना नेताका विचमा रहेको पदीय संरचना वा शक्तिको अन्तरका कारण उनीहरूले रहेको आर्थिक अन्तरलाई कविताको विषयवस्तु बनाइएको छ । यस कवितामा जनताको सेवा गर्ने भनेर सांसद भएकाहरू जनसेवाको कुरै नगरी आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्ने मतिमा लागेको सन्दर्भमा कविताको विषयमा समाविष्ट भएर आएको गाउँबाट चुनाव जितेर आएका साँसदहरूले पैसा कमाउन र काठमाडौं घर बनाउन नसक्दाको विरहको गीत यस कविताको विषयमा एकातिर छ भने अर्कोतिर आफूजस्तै सबैलाई भ्रष्टचारी देख्ने र यो देश नेपाल नै भ्रष्टचारहरूको अखडा भएको कुरा पनि यसको विषयवस्तुमा अन्तर्निहित छ ।

यो छुट्टा छुट्टै शीर्षकमा लेखिएको मुक्तक आचरमको छोटो कविता हो । **उहाँ १ र २** शीर्षक रहेका मुक्तक कविताहरूको विषयवस्तुगत समनता र आचमगत लधुताका आधारमा यी दुबै कविताको एकमुष्ट शीषक उहाँ १,२ राखिएको छ । यस कविताले कर्मचारी प्रशासनको अर्कमन्यतालाई आफ्नो विषयवस्तुमा समेटेको छ । सरकारी तलब सुविधा लिएर जनताको सेवा गर्ने भनेर बसेका कर्मचारीहरू कति बेला कार्यालयमा नबस्ने र पैसा वा सम्पती कमाउन तथा भ्रष्टगतिविधिहरूमा मात्र सङ्लग्न भई रहने प्रवृत्ति यस कविताको मूख्य विषयवस्तु बनेर आएको छ ।

यस कविताले २०५२ सालदेखि २०६३ सालसम्म नेपालमा भएको सशस्त्र युद्ध र त्यसबाट शान्ति सुरक्षा तथा अमन चयनमा परेको प्रभावलाई आफ्नो विषय वस्तु बनाएको देखिन्छ । विश्वमा शान्ति क्षेत्रका रूपमा आफ्नो परिचय बनाउँदै गरेको देश नेपालमा राज्य पक्ष वा विद्रोही पक्षका युद्धात्मक गतिविधिले आक्रान्त पारेको सन्दर्भ यसको विषय हो । यसका साथै बहुदलीय प्रजातन्त्रका अकर्मन्यता, नातावाद कृपावाद आदिको ऋदर तथा योग्यता, दक्षता र क्षमताको अनाहा पनि यसको विषयमा समेटिएको छ ।

**कुर्सी** शीर्षकको यस कवितामा कविले चारवटा खुट्टा हुने, निर्जिव, बस्नका लागि निर्माण गरिने काठको साधनलाई विषयका रूपमा प्रस्तुत गरेका छन् । कविको यो प्रयोग ध्यान्यात्मक रहेको छ । कवितामा रहेका ध्वन्यात्यककै तहबाट यसको विषयवस्तु निधारण गर्न सकिने अवस्था यस कवितामा रहेका छ । नेपाली राजनीतिकमा सक्तिय रहेका नेता वा कर्मचारी प्रशासनमा सहभागी भएका मानिसहरू पद भनेपछि हुरुक्कै हुने र त्यसमा लिसो टाँसिए झै छोड्न नसक्ने सन्दर्भ यस कवितामा रहेको छ । र त्यही पदलाई यहाँ कुर्सीको विषय सन्दभमार्फत प्रस्तुत गरिएको छ । निर्जीव भएको हुनाले कुर्सी जे गरे पनि बोल्न सक्दैन यसलाई प्रयोगकर्ताले आफ्नो इच्छा अनुसार प्रयोग गर्न सक्छ ठिक यसै गरी नेपाल राज्यको प्रयोग भई रहेको कुराको उद्घाटन यस कवितामा भएको छ ।

यस कवितामा देशको विकास गर्ने योजना बनाउने, कार्यन्यपन गर्ने, अनुगमन र प्रस्ताव तयार गर्ने स्थानमा रहेका नेपाली नेताहरूको गतिविधिहरूलाई विषय बनाइएको छ । भाषण गर्ने बेलाचा र योजना बनाउने बोलामा महत्त्वाकाक्षी रूपले प्रस्तुत हुने नेपाली नेताहरूका कारण विश्व सूचना र समाचार। प्रविधि र विज्ञासले सम्पन्न भई सक्दा पनि नेपालमा भने अशिक्षा, बेरोजगारी, रोग, भोक, जस्ता समस्याहरू एकातिर छन् भने अर्कोतिर नेताहरू कमिसनको लोभमा परेर देश डुब्नै लागेको अवस्था छ । यस्तो बेलामा पनि उनीहरू सचेत नभएको र विदेशीका अगाडि झुकेको उद्योग, व्यापार सब चौपट भएको कृषि प्रधान देशमा कृषि व्यवसायका लागि आवश्यक पूर्वाधार तयार हुन नसकेको, सधैँ विदेशी अनुदान र ऋणका भरमा देश चलाउन परेको, यही विदेशी सहयोग पनि नेताले सम्पत्ती आर्जन गर्ने स्रोत बनेका, देश विकासको महत्त्वपूर्ण भूमिका खेल्ने युवा शक्ति वेरोजगारीका कारण विदेशिन बाध्य भएको आदि नेपाली समाजका यथार्थ घटनाहरू यस कविताको विषय वस्तु बनेर आएका छन् ।

मानवको आदि पुस्ताका रूपमा विज्ञानले दाबी गरेको एक प्राणी बाँदरका नकरात्मक क्रियाकलापलाई मुख्य विषय वस्तुका रूपमा प्रस्तुत गरिएको यस कवितामा ती क्रियाकलापहरूलाई नेपाली नेताका क्रियाकलापहरूसँग सादृश्यीकरण गरी देखाइएको छ । बाँदरहरू घर घरका धुरी धुरीमा प्रवेश गर्ने बाटो वा अनुभूति नमागीकन बाली खाने तथा नष्ट गर्ने, अर्कोको जन चाहना पुरा नगरेको तथा जनताहरूलाई दुःख दिने प्रस्तुत गरिएको छ । यस कुरालाई पुष्टि गर्नका लागि यसमा पौराणिक विषयलाई पनि प्रयोग गरिएको छ । पुराणमा लङ्काका बाँदरहरूले राम राज्यकै पालामा पनि सताएको सन्दर्भ वर्णित छ ।

यस कवितामा कवि नवराज कार्कीले ढलेको टौवामा छोडिएको पशुले मनपरी पराल खान पाए जस्तै गरी सत्ताधारीहरूले नेपाल राज्यको ढुकुटीमा मनपरी गरेको घटनालाई कविताको विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । जसरी ढलेको टौवाको पराल उठेपछि पशुटरुले मन लाग्दो रूपले पराल खान नपाई अङ्कलेर हालेको परालमा चित्त बुझाउनु पर्ने हुन्छ । त्यसै गरी सत्ता फुस्किएपछि नेताहरूले पनि राष्ट्रिय ढुकुटीमा मनपरी गर्न पाउँदैनन् भन्ने सन्दर्भ प्रस्तुत गर्दै कविले कवितामा नेपाली राजनीतिको विकृतिलाई कविताको विषय सन्दर्भका रूपमा अभिव्यक्त गरेका छन् ।

**नेता र रिमोट कन्ट्रोल** शीर्षक रहेको यस कविताको विषय वस्तु पनि विवेच्य सङ्ग्रहका अधिकांश अघिल्ला कविताहरू जस्तै नेपाली राजनीतिको विकृत रूपसँग जोडिएर आएको छ । यस कवितामा नेता र राजनीतिक दलहरूलाई चन्दा दिने, चुनावमा गुण्डाको रूपमा उनीहरूको चुनावी स्वार्थ पूरा गर्न सहयोग गर्ने आदि कारणले गर्दा व्यापारी वा गुण्डाहरूले रिमोट कन्ट्रोलले टेलिभिजन गर्दा व्यापारी वा गुण्डाहरूले रिमोट कन्ट्रोलले टेलिभिजन लगायतका विद्युतीय समाग्रीहरूलाई नियन्त्रण गरे जस्तै गरी प्रयोग गर्ने गरेको विषय अभिव्यञ्जित भएको छ ।

यो कविताको विषयवस्तु नेपाली समाजकै विकृत र विसङ्गत तथा कोही क्षेत्रबाट ग्रहण गरिएको छ । यसका लागि क्षि दिने गुरु, शिक्षक अर्थात मास्टरले शिक्षालयहरूमा आजको युग अनुसारको शिक्षा दिन नसको अवस्थाको चित्रण छ भने अर्कातिर आज नेपाली समाज दिन दिनै दुई नम्बरी, कालवजारी, घुसखोरी, तस्करी जस्ता फोहोरी सावृत्तितर्फ प्रवृत्त भई रहँदा नीति, नियम, सिद्धान्त र चिन्तनहरू कतै निकम्मा हुने त छैनन् भन्ने गम्भीर सामाजिक चिन्तालाई पनि देखाइएको छ । यस कविताको विषयवस्तुको केन्द्रमा नेपाली राजनीति र त्यसका नेताहरूका तथा प्रशासनिक हाकिमहरूका मालामाल हुने र रातारात ब्रह्मलुट पार्न चाहने प्रवृत्ति रहेको छ । यी सबै सामाजिक तथा राजनीतिक विषय वस्तुहरू ध्वन्यात्मक रूपले प्रस्तुत भएका छन् ।

कवि नवराज कार्कीको **एक दनक** कविता सङ्ग्रहमा सङ्कलित रहेको **चतुरमानजी** कविताले नेपाली साहित्यको क्षेत्रमा सक्रिय रहेका साहित्यकारहरूको आर्थिक अभावलाई विषय वस्तु बनाएको छ । यस कवितामा साहित्य लेखा कार्यमा सङ्लग्न रहेका व्यक्तिहरू कै रचनाहरू प्रकाशित गर्ने पत्र-पत्रिकाहरू र प्रकाशन संस्थाहरू धनी बन्दै गएको तर साहित्यकारहरूलाई उचित पारिश्रमिक तथा रोयल्टीको व्यवस्था नभएकाले उनीहरूको

जीवन आर्थिक सङ्कटमा फँस्दै गएको यथार्थ विषय वस्तुका रूपमा अगाडि आएको छ । लेखक तथा साहित्यकारहरूलाई राष्ट्रका तर्फबाट पनि कुनै व्यवस्था नभएको, नेपाल प्रज्ञा प्रतिष्ठान, साझा प्रकाशन जस्ता संस्थानहरूमा पनि व्यक्तिको क्षमताभन्दा पनि राजनीतिक आस्था र चाकडीका भरमा व्यक्ति नियुक्त गरने र कृति प्रकाशन गर्ने परिपाटी भएकाले पनि उनीहरूको जीवन अस्तव्यस्त बनेको यथार्थ पनि यस कविताको विषय वस्तुमा समेटिएको छ ।

यस कविताको विषयवस्तु नेपाली नेताहरूको आचरणमा केन्द्रित रहेको यस कविताले प्रजातन्त्रकालीन नेपाली राजनीतिमा सक्रिय रहेका नेता र सांसदहरूको फोहोरी, भ्रष्टचारी र आफैं कानुन बनाउने आफैले पालना नगर्ने तथा आफू अनुकूलन कानुनको निर्माण र व्याख्या गर्ने नाङ्गो यथार्थबाट आफ्नो विषय लिएको छ । राजनीतिमा लाग्ने व्यक्तिहरू समाजका हरेक क्षेत्रमा असफल भएका र चाकडी तथा चाप्लुसीका कारण पार्टीको नाममा लुट गर्ने कार्यमा सहमागी हुने गरेको कटु यथार्थमा यस कविताको वस्तु अडेको छ ।

**एक दनक** कविता सङ्ग्रहमा रहेको **पुरस्कार** शीर्षक कविताले पनि सङ्ग्रहका अन्य कविताहरूले झैं नेपाली समाजका विकृति र विसङ्गतिलाई नै आफ्नो विषयवस्तु बनाएको देखिन्छ । यस कवितामा कवि नवराज कार्कीले नेपाली समाज पुरस्कार जस्तो गरिमामय र सम्मानित कुरालाई दुरूपयोग गरी यसको साटा साट गर्ने र यसलाई अपमानित बनाउने कार्यमा लिप्त भएको सन्दर्भ मार्मिक रूपले प्रस्तुत गरेका छन् । नेपाल भौगोलिक रूपले सानो भए पनि यहाँ व्यक्तिपिच्छे विभिन्न पुरस्कारहरू प्रदान गरिने र आफूले आफूलाई पुरस्कृत गर्ने कार्य भईरहेको सन्दर्भ कविताको विषय वस्तुमा समेटिएको छ । त्यस्तै गरी भाईले दाईलाई, आमाले बालाई, सालीले भेनालाई, बुहारीले भाउजूलाई हुँदै आफ्नो परिवार र नाताभित्र नै एकले अर्कालाई पुरस्कार दिने र आफू सम्मानित वा पुरस्कृत भएको गर्ने प्रवृत्ति पनि यसमा व्यक्त भएको देखिन्छ । समग्रमा यस कविताले कुनै उल्लेखनीय कार्य गरे वापत प्रदान गरिने पुरस्कारलाई नेपाली समाजमा अपमानित गराउनका लागि भई रहेका विकृत पक्षहरूलाई आफ्नो विषयवस्तुभित्र समेटिएको छ ।

**राष्ट्रिय प्रहसन** शीर्षक कवितामा कवि नवराज कार्कीले देश र जनताको सुरक्षा र विकास गर्ने जिम्मा लिएका राज नेताका फोहोरी खेललाई विषय वस्तुका रूपमा प्रयोग गरेका छन् । राष्ट्र र राष्ट्रियताको भाषण गर्नेहरू आफ्ना व्यक्तिगत स्वार्थमा लिप्त भएर

देशको अस्तित्त्व नै सङ्कटमा पारेको र छेपारोले रङ फेरे झैं समय समयमा आफ्नो भूमिका, बोली र व्यवहार परिवर्तन गर्नेहरूले प्रहसन देखाइ रहने नेपाली समाजको यथार्थ यस कविताको विषय वस्तु बनेर आएको छ । इतिहासमा पुर्खाले आर्जन गरेको इज्जत र प्रतिष्ठा तथा निर्माण गरेको इतिहासलाई नै सङ्कटमा पार्ने गरी सञ्चालन भई रहेका गतिविधिहरू हेरेर हाँस्न बाध्य नेपालीहरूको पीडा यस कविताको विषय वस्तुमा अन्तर्निहित रहेको देखिन्छ ।

**क्या फसाद छ यो सहरमा** कविताको विषय वस्तु सहरी जीवनका अस्तव्यस्तताबाट लिइएको छ । सुखै सुखले बाँच्ने उद्देश्यले सहर पस्ने मानिसहरू सहरी जीवनमा प्रवेश गरी सकेपछि फसादमा परेको सन्दर्भ यस कविता अभिव्यक्त भएको देखिन्छ । विहान उठेदेखि राती सुत्नुभन्दा अगाडिको हरेक क्षण र पलमा मानिसहरू विभिन्न झमेलामा परेर दिन काट्न बाध्य भए पनि सहरमा गजबले बसियो भनेर भनेको सुन्दा अचम्म लाग्दो अनुभूति हुने कुरा कवितामा व्यक्त भएको छ । सहरका अस्तव्यस्तता, महङ्गी, भीडभाड, अप्राप्ति र अभाव, बन्द हड्ताल, जुलुस र घेराबन्दी, लगायतका विभिन्न कारणले मानिसहरू सहरमा फसादमा पर्ने गरेको सन्दर्भ नै यस कविताको विषय वस्तु आएको छ ।

**एउटा आपत्तिको सूचना** शीर्षक कविताले सङ्कटमा गएको नेपाली राष्ट्रियतबाट विषय वस्तु लिएको देखिन्छ । नेपालको इतिहासमा पुर्खाहरूले देखाएको बहादुरीले कहिल्यै आफ्नो स्वाभिमान नगुपाएको राष्ट्रको राष्ट्रियता अहिले आएर सङ्कटमा परेको छ । यस देशका नेताहरूको अकर्मन्यता र विदेशीको मुख ताक्ने प्रवृत्तिका कारण देश र जनताले भोग्नु परेको समस्याहरू यस कविताको विषय वस्तुमा आएका छन् । आफ्नो स्वाभिमान बन्धकमा राख्न बाध्य नेपाल र नेपालीको यथार्थ यस कविताको विषय वस्तुमा समेटिएको छ । रोग, भोक र शोकद्वारा पीडित नेपालीहरूको करुण सूचनालाई यस कविताले मुख्य विषय बनाएको छ ।

यस कविताको विषय वस्तु मानिसको शरीरका विभिन्न अङ्गमा प्राकृतिक रूपले आउने रौँलाई बनाइएको छ । मानव शरीरको टाउकोदेखि खुट्टासम्मका विभिन्न अङ्गमा प्राकृतिक रूपले विभिन्न समय र उमेरमा पलाउँदै जाने रौँलाई प्रतीक बनाएर समसामयिकतामा देखिएका विभिन्न चिन्तन र सिद्धान्त तथा भ्रम वास्तविकताको चिरफार गर्ने काम कविले यस कवितामा गरेका छन् । शरीरका कुनै रौँहरू देखिने र कुनै अङ्गका रौँहरू तिनको गोप्यतासँगै भूमिगत राजनीति गर्ने नेताजस्तै लुकेर बस्ने सन्दर्भ यस

कवितामा आएको छ । यसका माध्यमबाट कविले समाजमा लुकेर बसेका विकृति पक्षहरूलाई सङ्केत गरेका छन् । प्राकृतिक रूपले पलाउने झर्ने रौमा पनि फेसनको विगबिगी देखिएको र रौ पाल्नु पर्नेले फाल्ने तथा फाल्नु पर्नेले पाल्ने गरेको सन्दर्भ पनि यस कविताको विषय वस्तुमा अटाएको छ ।

वि.सं. २०३८ मा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको आयेजनामा सम्पन्न गाईजात्रा महोत्सवमा उत्कृष्ट पुरस्कार प्राप्त गरेका **बूढो बाबुको अर्ती**, **मताधिकार**, **नीति**, **वास्तविकको, विडम्बना, नेताजीलाई सुझाव, शैक्षिक अवस्था, अभिभावकका कुरा र आयोगहरूको आयोग** शीर्षक रहेका यस सङ्ग्रहमा सङ्ग्रहीत मुक्तक कविताहरूले नेपाली समाजको विविध पक्षमा रहेका विकृति र विसङ्गतिलाई विषय वस्तु बनाएर प्रस्तुत गरेका छन् । यी मुक्तक कविताहरूमा तत्कालीन नेपालको नीति नियम वा कानुनी व्यवस्था, राजनीतिक पार्टी र तिनका नेता, भ्रष्टाचार, घुसखोरी, शैक्षिक क्षेत्रका विकृति, विभिन्न आयोगहरूका विकृत पक्ष आदिलाई विषय वस्तु बनाएका छन् ।

कवि नवराज कार्कीको व्यङ्ग्य कविता सङ्ग्रहमा सङ्कलित रहेका **डुब्न लागेको देश'**, **गनाएको राजनीति**, **जनता नेता सम्वाद**, **नेपालको विकास - १ र २**, **अभिशाप देश**, **मन्त्री हुने छाँट छ**, **हाम्रो आयात - निर्यात**, **पुर्खा र हामी** र **एउटा यस्तो यथार्थ** शीर्षक रहेका मुक्तक कविताहरूलाई अन्य मुक्तकहरू अन्तर्गत राखेर विश्लेषण गरिएको छ । यी मुक्त कविताहरूले पनि सङ्ग्रहमा रहेका अन्य मुक्तकहरू झैं तत्कालीन नेपाली राजनीति र सामाजिक विकृतिहरूलाई विषय वस्तु बनाएका छन् । यसका साथै नेपालको पुर्खाले रचेको इतिहासमा आएको सङ्कट, नेताका फोहोरी आचरण, विभिन्न निकायमा व्याप्त भ्रष्टाचार आदि सन्दर्भ पनि यी मुक्तक कविताका विषयवस्तुमा आएका छन् ।

**घुर्ने साथी : अनिदो रात** कवितामा कविले रातीमा निदाउँदा घुर्ने साथीका कारण अनिदो बनेको रातका घटना, अनुभव र अनुभूतिलाई कविताको विषयवस्तु बनाएका छन् । यस क्रममा कविले आफ्नो एकदमै मिल्ने साथीसँग रात काट्नु पर्दा उसले .... **गटट.... धुरुरुरु....घ्यार्र... घ्यार्र** गर्दै घुरेको र त्यसबाट कविताको समाख्याता रात भर निदाउँन नसकेको सन्दर्भ कवितामा प्रस्तुत गरेका छन् । बाघजस्तो भयङ्कर कहाली लाग्दो तवरले घुर्ने उसको साथीको घुराई कुनै ड्राइभरले ट्रक स्टार्ट गरे जस्तो, इन्जिन तताए जस्तो, व्याक गिपर लगाए जस्तो र एक्सिलेटर लिए जस्तो आवाज निकाल्दै उसलाई किच्ला जस्तै गरी ऊ तर्फ नै आइ रहे जस्तो अनुभूति भएको घटना कविताको विषय वस्तुमा समेटिएको छ ।

यसरी यस कवितामा कविले घुर्ने साथीको कारण आफूले रातभर अनिदो नै हुनु पर्दा घटित भएको घटना, र त्यसको अनुभूतिलाई कविताको विषय वस्तुका रूपमा प्रयोग गरेका छन् ।

विवेच्य कविताका कविले आफ्नो सालाको विवाहमा दक्षिणा सहित प्राप्त गरेको फेतालाई आफ्नी श्रीमतीले काटेर पेटीकोट बनाएको सामन्य घटनालाई कविताको विषय वस्तुका रूपमा प्रस्तुत गरेका छन् । कविले आफूले समान पूर्वक प्राप्त गरेको फेटाको महत्त्व नबुझेर श्रीमतीले पेटीकोट बनाएको र त्यसले उसको संसकृति र मान प्रतिष्ठा र इज्जतमा आँच पुऱ्याएको अनुभूति गरेको सन्दर्भलाई विषय वस्तुमा समेटेका छन् । यस कवितामा कविले यो सामान्य घटनाका माध्यमबाट हराउँदै गएको नेपाली संस्कृति र बढ्दै गएको पाश्चात्य प्रभावलाई एकै साथ देखाएका छन् । त्यस कारण सङ्कटमा परेको नेपालीपन र त्यसप्रतिको चासो र चिन्ता नै यस कविताको विषय वस्तु बनेर आएको छ ।

कवि नवराज कार्कीको व्यङ्ग्य कविता सङ्ग्रह एक दनक मा सङ्ग्रहीत रहेका कविताहरूको क्रमको सबैभन्दा अन्त्यमा रहेको कविता वीभत्स सत्य हो । यस कविताको विषय वस्तु विकृत नेपाली राजनीतिबाट लिइएको छ । जसरी मानिस जति सुकै सभ्य र भव्य भए पनि वा बाहिर जतिनै श्रृङ्गार गरे पनि भित्र मानिस नाङ्गो र गन्हाउने हुन्छ ठिक त्यस्तै गरी नेपाली राजनीति, यहाँका राजनीतिक पार्टी र तिनका नेताहरूले जति सुकै व्यवस्था परिवर्तन भए पनि दुष्ट, भ्रष्ट र दुर्गन्धित हुन नछाडेको सन्दर्भ यस कवितामा आएको छ । शरीर सत्यता वा मानिसका प्रकृतिक गुण जस्तै बनेको नेपाली राजनीतिको विकृति र विसङ्गति नै यस कविताको विषय वस्तु हो ।

यस प्रकार विवेच्य सङ्ग्रहका कविताहरूमा कवि कार्कीले समसामयिक नेपाली समाज, राजनीति, नेता, शैक्षिक सघं संस्था वा शिक्षा प्रणाली, देशको नीति नियम वा कानुनी व्यवस्था, रसिद, न्यालय, सरकार र समग्रमा आम नेपालीहरूमा रहेका विकृति र विसङ्गतिहरूबाट नै विषय वस्तु लिएका छन् । यी विकृति र विसङ्गतिहरूबाट लिइएको विषय वस्तुलाई कविले व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् र सुधारिएको समाजको अपेक्षा गरेका छन् ।

## ६.३ भाषाशैली

भाषा र शैलीका बिचमा अन्योन्याश्रित सम्बन्ध हुन्छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिप को तरिका हो । कवितामा गद्य वा पद्य भाषाको प्रयोग गरी कविका आफ्ना आफ्ना शैलीमा विषय वस्तुको प्रस्तुति गरिएको हुन्छ । कविताको भाषा अन्तर्गत भाषिक संरचनाहरूका घटकहरूको अध्ययन हुन्छ भने तिनीहरूको संयोजन र प्रसतृतिको तरिका शैली अन्तर्गत अध्ययपन संयोजन र प्रस्तुतिको तरिका शैली अन्तर्गत अध्यन हुन्छ । कवि नवराज कार्कीको आफ्ना कवितामा सरल नेपाली भाषाको प्रयोग गरी गद्य कविताहरूको रचना गरेका छन् । उनले आफ्ना कविताहरूमा तत्सम, तद्भव र आगन्तुक तिनै स्रोतका शब्दहरूको प्रयोग गरेका छन् । मिनी स्कर्ट, फोटो, इन्टरनेट, जस्ता आगन्तुक शब्द र आपूर्ति, उद्योग जस्ता तत्सम शब्द उनले प्रयोग गरेका छन् । तद्भव शब्दहरूको प्रचरताले भाषाको सम्प्रेष्यता र सुबोध्य बढेको छ । दैनिक प्रयोगमा आउने बोलचालका शब्दहरूकै कलात्मक संयोजनमा कलाकारी प्रस्तुत गर्नु कार्कीको विशेषता हो । आगन्तुक शब्दको सङ्ख्या निकै न्यून छ । तत्सम शब्दहरूको संख्या आगन्तुक शब्दका तुलनामा बढी भए पनि ती बढी प्रचलित शब्दमध्ये नै भएकाले दुरुह छैनन् । लाठेमुङ्ग्रे, छलेङ्गजस्ता झर्रा शब्दले श्रुति पूप्ता बढेको छ । गद्य लयमा लेखिएका सबै कविताहरूमा गीतिमय अभिव्यञ्जना पनि रहेको छ । अन्त्यानुप्रास, अध्यानुप्रास र वृत्थानुप्रासको प्रयोग पनि उनका कवितामा प्रचुर नै पाइन्छ ।

बाँदरहरू धुरी-धुरीमा पुग्छन्
बाँदरहरू चुली- चुलीमा पुग्छन्
बाटो चाहिँदैन्, अनुमति चाहिँदैन
हानाबाट पस्छन्, ऱ्यालबाट पस्छन्

स्वभावाक्ति र अमिधाले मात्र कविता बन्दैन । कार्कीका कवितामा ध्वनि बक्रतादेखि प्रकरण वक्रता सम्म अभिव्यक्तिगत वक्रोक्ति प्रयोग गरिएको छ । व्यङ्गोक्ति उनका कविताको शक्ति हो । धेरै ओटा राष्ट्रिय योजना बनाएपछि नेपाल विश्वको दोस्रो गरिब देश बनेको छ अब देशलाई विश्वको प्रथम गरिब देश बनाउने एउटा भन्छन् । अर्थात् उनी जे भन्छन् त्यो बुझाउँदैनन् र जे बुझाउँछन् ठीक त्यसको उल्टो आशय बुझाउँछन् । उनले

पाठकलाई जे भन्नु छ त्यो उका कविताबाट बुझिन्छ तर जे उनी भन्छन् त्यो भने ठीक उल्टो हुन्छ ।

## ६.४ उद्देश्य

छोटा र चोटिला कविता लेख्न खप्पिस कवि नवराज कार्की एक दनक शीर्षक कविताकृतिमा व्यङ्ग्य कविका रूपमा उचाइएका छन् । यस कविता सङ्ग्रह उनले सामाजिक, राजनीतिक विकृतिलाई व्यङ्ग्य हानेका छन् । उनको कविताका विषयवस्तु राजनीति केन्द्री छ । यस हिसाबले देशको वर्तमान दुःखलाग्दो पछौटेपन र गरिबीको मूलकारणका रूपमा भ्रष्ट राजनीतिको विरोध गर्नु लेखकको उद्देश्य रहेको छ ।

उनका सबैजसो कवितामा देश केन्द्रमा रहेको छ । पहिलो कवितामा नेताको भ्रष्ट प्रवृत्ति र राम भरोसामा (पशुपती भरोसामा) चलिरहेको छ । जे नहुनु त्यही भइरहेको छ । सामाजिक, सांस्कृतिक, राजनीतिक, धार्मिक, आर्थिक आदि समाजका विविध पक्षहरूमा रहेकाविसङ्गतिपूर्ण यथार्थको प्रकटीकरण गर्ने यस सङ्ग्रहका कवितामा त्यसको आलोचना पनि तीब्र रूपले रहेको छ । पञ्चायत होस् वा प्रजातन्त्रकाल जहिले पनि नेताहरू आर्थिक रूपले समृद्ध बन्दै गएका र देश आर्थिक रूपले गरिबी र परनिर्भरताको चपेटामा परेको यथार्थ पनि कवितामा देखाइएको छ । यस हिसावले यस सङ्ग्रहका कवितामा आलोचनात्मक यथार्थवादी दृष्टिकोण प्रस्तुत भएको छ ।

प्रथम कविता प्रार्थनामा नै नेताहरूको द्रव्य पैसाचिक प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । राजनीति कमाउने जागिर बनेको छ । मन्त्री बन्ने, विदेश भ्रमण गर्ने र भत्तामा आएको रकम कुम्ल्याउने नेताहरूको प्रामिकता आफैमा व्यङ्ग्य बनेको छ । मानवता हराउँदै गएको र सबै मानिसहरू बढ्दो सहरीकरण र यान्त्रिक आधुनिकतामा अर्थ मानव बन्दै गरेको सन्दर्भ यो देशमा शीर्षक कवितामा आएको छ । शिक्षा, सेवा, धर्म, मानवताका नाममा मानिसहरू पैसाको लेनदेनमा लागिरहेका छन् र समाजमा मानिसको व्यापार भइरहेको छ । देशमा परिवर्तन ल्याउन र मानिसको जीवनस्तर समृद्ध बनाउन सङ्घर्ष गरेकोमा सहिद भएका मानिसहरूका सपना पूरा नभएको तर सहिदको नाम नै भजाएर आफू ठूला भएका नेताहरूले व्यक्तिगत स्वार्थ पूर्ती गरिरहेका छन् । 'शहिदको नाम' शीर्षक कविताको उद्देश्य यही हो । सगरमाथाको देश, बुद्धको देश भनेर देशलाई ट्रेडमार्क बनाउने तर देशका लागि केही नगर्ने नेता हुन् । राजनीतिलाई मात्र होइन कर्मचारी तन्त्रको भ्रष्टचारलाई पनि

व्यङ्ग्यप्रहार गरिएको छ । पहिले र अहिले शीर्षक कवितामा पनि कर्मचारीतन्त्रमा मौलाएको खुला भ्रष्टाचारको अनावरमा गरिएको छ । एउटा विनम्र अनुरोध शीर्षक कवितामा सपरिवार विदेश भ्रमण जाने नेता नेताकै आलोचना छ । राजनीतिक पार्टीमा पछि लागेर आफ्नो काम छाडी आन्दोलन तथा ध्वंसमा लाग्ने युवाको हराएको सिर्जनशीलताप्रति पनि तीव्र व्यङ्ग्यात्मक आलोचना उनले गरेका छन् ।

टेलिफोन नि भाच्यौ

साह्रै भाँच्न जान्ने रै छौ

के के भाँच्यौ भाँच्यौ

तर आफै बनाएर

सिन्को कहिल्यै भाँच्चौ

राजनीतिसँग जोडेर सांस्कृतिक विसङ्गति विकृतिप्रति व्यङ्ग्य गरेर कविले हास्यरसको प्रकटीकरण पनि गरेका छन् । हास्यव्यङ्ग्य कविताको माध्यमबाट राष्ट्रिय राजनीतिका विकृतिको भण्डाफोर गरी त्यसको सिर्जनात्मक आलोचना गरेको मैयाँको मध्यावधि शीर्षक कविताको उद्देश्य पनि त्यही हो । धनी र गरिबका बीचको खाडल बढि रहने र त्यही गरिबीको चित्र देखाएर पैसा कमादवे ठालुहरूको आलोचना गर्नु नै यस कविता सङ्ग्रहको उद्देश्य हो ।

कवि कुनै निश्चित बाद वा सिद्धान्तमा बाधिएर जीवनको मुक्ति देख्दैनन् । उनी सामाजिक विकृति र विसङ्गतिको अन्त होस भन्ने चाहिँ चाहन्छन् समाजमा रहेको धनी र गरिबीचको खाडल अन्त्य हुनु पर्ने, विदेशी, प्रभाव हटाउनुपर्ने, देशको विकासमा इमान्दार भएर लाग्नुपर्ने, राजनीतिमा इमान्दारी हुनु पर्ने कुरामा दृढ छन् । यही दृढता प्रस्तुत गर्न कुरीति, कुसंस्कार कुकर्म र बेचितिपूर्ण यथार्थको व्यङ्ग्यात्मक प्रकटीकरणद्वारा हास्य रसको उत्पादन गरी मन हुनेगरी भाषिक अभिव्यक्ति गरिएका कविता यसमा सङ्कलित छन् ।

## ६.५ लय

लयले कविता र गद्यमा शब्द वा ध्वनिको प्रवाहको ढाँचालाई बुझ्काउँछ । लयको उत्पत्ति प्रवाह, गति, यति, विराम, आधात आदिको परस्पर क्रमिक मेलबाट हुन्छ । विशेषत आवृत्तिबाट लयोत्पादन हुने हुँदा लयको स्वरूप आवृत्तिमूलक हुन्छ भन्ने मानिन्छ । (लुइटेल

२०६० : १३७) कवितामा लय विशेषत : छान्दिक ढाँचामा निर्भर गर्दछ । कवितामा हुने विशिष्ट भाषिक विचारबाट लयको उत्पत्ति हुन्छ । कवितालाई अन्य गद्य विधाबाट पृथक तुल्याउने र तिनका विचमा विभेक रेखा कोर्ने काम लयले गर्छ । कवितामा लयको अध्यपन गर्दा छन्दलाई मुख्य मानदण्ड बनाउनु कवि नवराज कार्कीको विस्थोच्च कविता सङ्ग्रहमा युक्त छन्दको प्रयोग भएको देखिन्छ । गद्य लय संरचनामा लेखिएका यस सङ्ग्रहमा रहेका कविताहरूमा कविले काव्यत्मक लयको भने प्रयोग गरेका छन् । यस सङ्ग्रहका कविताहरूमा छन्दबाट सिर्जित बाह्य लय नभई ध्वनि एवं अर्थबाट सिर्जित आन्तरिक लयको प्रयोग भएको पाइन्छ ।

मुक्त छन्दको प्रयोग गरी गद्य लय संरचनामा लेखिएका कवि नवराज कार्कीको एक दनक कविता सङ्ग्रहमा वर्ण अक्षर र शब्दको पूर्ण वा आशिक आवृत्तिबाट कवितात्मक लयको सिर्जना गरिएको देखिन्छ । यसका साथै हरफ अनुच्छेद योजना पनि विवेच्य कविता सङ्ग्रहका कविताहरूमा लयको सिर्जना गरिएको देखिन्छ । कविताहरू गद्य लयमा लेखिएका भए पनि यिनीहरूमा रहेको गीतीमय अभिव्यञ्जनाले लयात्मकता सिर्जना भएको देखिन्छ । यसका साथै अनुयानुप्रास मध्यानुप्रास र हत्यानुप्रासको प्रयोग पनि उनका यस सङ्ग्रहका कविताहर देखिन्छ । विवेच्य सङ्ग्रहमा रहेको निम्न लिखित कविताशले यसमा रहेका गीतीमय लयात्मकतालाई परिचित गराउँछ ।

बाँदरहरू धुरी धुरीमा पुग्छन्

बाँदरहरू चुली चुलीमा पुग्छन्

बाटो चाहिँदैन अनुमति चाँहिँदैन

छानाबाट पस्छन् झ्यालबाट पस्छन्

उल्लिखित कविताशंमा बाँदहरू शब्दको दुईपटक 'धुरी' को दुई पटक, चाहिदैन र पस्छन् शब्दहरूको पनि दुई दुई पटक आवृत्ति भएको देखिन्छ । यसै प्रकारको आवृत्ति विवेच्य सङ्ग्रहका अन्य कविताहरूमा पनि भएको देखिन्छ । यस प्रकारको आवृत्तिले कविता अन्त्यानुप्रास मध्यानुप्रासको सिर्जनामा पनि सहयोग पुऱ्याएका छन् । यस कारण कवि नवराज कार्कीको विवेच्य कविता सङ्ग्रहका कविताहरू गद्यमा लेखिएका भए पनि यी लयात्मक गुणले सम्पन्न रहेका छन् ।

## ६.६ दृष्टिविन्दु

कवि नवराज कार्कीको **एक दनक** कविता सङ्ग्रहमा रहेका कविताहरूको समारव्याता आफै कवितामा अस्थित भएर र कविताभन्दा बाहिर नै बसेर दुबै प्रकृतिले कविताको वाचन गरेको देखिन्छ । समाव्यता आफै भाक्ता वा द्रष्टाका रूपमा अस्थित भएका कविताहरू प्रथम प्रसप दृष्टिविन्दुको प्रयोग गरिएका कविताहरू छन् । यस सङ्ग्रहमा यस्तो दृष्टिविन्दुको प्रयोग गरिएका कविताहरूको सङ्ख्या उल्लेखीय रहेको छ । यस्तै कवितामा व्यक्त भाव, विचार र घटनाहरूको वक्त कविताभन्दा बाहिर नै बसेर तृतीय पुरुष सर्वनाम वा नामका माध्यमबाट प्रस्तुत गरेको छ भने त्यस्तो कविता वाह्य वा तृतीय पुरुष दृष्टिविन्दुको हुन्छ । कवि कार्कीको विवेच्य सङ्ग्रहमा यस प्रकृतिका कविताहरू पनि रहेका छन् । कवितामा दृष्टिविन्दुलाई भन्दा दृष्टिविन्दु कविवक्तृप्रौढोक्ति र कवि निवद्धवक्तृ प्रौढोक्तिका रूपमा आउँछ ।

## ६.७ विम्ब प्रतीक अलङ्कार

एक दनक विम्ब, प्रतीक तथा अलङ्कार प्रविधिको उपयोग गरिएको कविता सङ्ग्रह हो । हास्यव्याङ्ग्य कविता सङ्ग्रह भएको हुदा यसमा विम्ब प्रंतीक तथा अलङ्कारको भूमिका अझ महत्त्वपूर्ण रहेको छ साथै त्यो भूमिका यसका कविता मुक्तक हरूले निर्वाह गरेको पाइन्छ ।

सिर्जनात्मक कृतिमा प्रयोग हुने साहित्यको कलात्मक पक्ष विम्ब ले दपर्ण छायाँ प्रतिच्छाया वा मानसिक चित्रको रूपमा कार्य गरेको हुन्छ । यसको प्रयोग गर्ने कविताहरूले आफ्ना कविता सिर्जनपुरुमा पृथ्वी, चन्द्रमा, ग्रह, तारा, पृथ्वीका यावत् वनस्पति, जीव आदिको स्पष्ट चित्र पाठकको मानसिक चित्रमा आउने गरी प्रयोग गर्दछन् । अतः विम्ब पनि हेरिने, छोइने, अनुभूत गरिने, सबै प्रकारका हुन्छन् । 'एक दनक कविता सङ्ग्रहका कविताहरूमा हाम्रो समाजमा सामाजिक राजनैतिक, आर्थिक, साँस्कृतिक नैतिक आदि विविध क्षेत्रका विकृति विसङ्गतिको प्रस्तुति गरिएको छ र तत्तत् क्षेत्रलाई विषय बनाइएको कवितामा तत्तत् क्षेत्रकै विचार, बस्तु र मान्यता स्मरण गराउने विम्बको प्रयोग गरिएको छ । नेपालमा विशेषता राजनैतिक क्षेत्रमा विकृति विसङ्गति देखिएको समसामुयिक समयमा नै यो सङ्ग्रह प्रकाशित भएका कारण राजनीतिले प्रभाव पार्ने व्यवस्था, राजनैतिक केन्द्र शैक्षिक धार्मिक, प्रशासनिक क्षेत्र आदिलाई सङ्केत गर्ने विम्बहरूको प्रयोग यसमा भएको

पाइन्छ । यसरी ऐतिहासिक, भौगोलिक, तत्कालिक जुनसुकै समय क्षेत्र र विषयलाई सबोधन गर्ने गरिका भएतापनि जटिल नभएर सरल विम्बको प्रयोगका कारण यसले कवितालाई सुन्दर, अर्थपूर्ण र रसिक बनाएको छ ।

**एक दनक** कविता सङ्ग्रहमा प्रयोग भएको प्रतीकको पक्ष एक विश्लेषणीय पाटोका रूपमा रहेको छ । वस्तु तथा विषयको प्रस्तुति सोझो रूपमा नगरी कुनै सङ्केतका माध्यमबाट गर्दा प्रतीकको आवश्यक हुन्छ । विशेष कुराको सङ्केत गर्न प्रयोग गरिने विशेष प्रकारकै वस्तु, चिन्ह, पद आदिलाई प्रतीक भनिन्छ । यस सङ्ग्रहमा विशेष सङ्केतको प्रयोगका लागि प्रतीकको प्रयोग गरिएको भए तापनि कार्कीका कविता मात्रप्रतीकका गुजुल्टो बन्न गएका छैनन् । यस सङ्ग्रहमा प्राय : राजनैतिक विकृति विसङ्गतिलाई सङ्केत गर्ने सम्बद्ध क्षेत्रका पक्षलाई सङ्केत गर्ने प्रतीकहरूको प्रयोग भएको पाइन्छ ।

**एक दनक** कविता सङ्ग्रहका कविताहरूलाई विशिष्ट र सुन्दर बनाउन कविले अलङ्कारको पनि प्रयोग गरेका छन् । यस सङ्ग्रहमा सङ्गृहीत कविताहरू गद्य ढाँचामा भएका कारण अलङ्कारको प्रयोग पनि सोही अनुरूपको भएको छ अर्थात् शब्दालङ्कार अन्तर्गत नियमित अन्त्यानुप्रासको उपयोग यसमा भएको छैन । वर्ण पद, तथा पदावलीको विभिन्न प्रकारको आवृतिद्वारा गरिने अनुप्रासका विभिन्न प्रकारको प्रयोग भने यसमा गरिएकै छ । त्यस बाहेक एउटै पदको प्रयोग द्वारा अर्को अर्थको प्रेषण गर्ने श्लेष अलङ्कारको प्रयोग पनि यसमा भएको पाइन्छ । अर्थालङ्कार अन्तर्गतका उपमान र उपमेयको तुलना गरेर प्रयोग गरिने उपमा अनि आरोप गरेर प्रयोग गरिने रूपक जस्ता अलङ्कारको प्रयोग पनि गरेको पाइन्छ ।

यसरी कवि नवराज कार्कीको **एक दनक** कविता सङ्ग्रहका कविताहरूलाई सुन्दर, सरस तथा उपयुक्त बनाउन विम्ब प्रतीक तथा अलङ्कार पक्ष समेतको प्रयोग गरेको पाइन्छ । जस्तैः

बाँदरहरु धुरी-धुरीमा पुग्छन्

बाँदरहरु चुली-चुलीमा पुग्छन्

बाटो चाहिँदैन, अनुमति चाहिँदैन

छानाबाट पस्छन्, झ्यालबाट पस्छन्

केही नलागे भित्ताबाटै पस्छन्

यहाँ बादरका अनेक उटपट्याङ् क्रियाकलपालाई नेताका क्रियाकलापहरुसँग सदृष्यीकरण गरि देखाइएको छ । जसरी बाँदहरु धुरी धुरीमा पुग्छन् त्यसैगरी नेताहरु पनि आफ्नो क्षमता भन्दा माथिल्लो तहमा पुगेका छन् । तिनीहरुलाई कुनै  नियम कानुनले छुँदैन भनी नेताको प्रतीतकको रुपमा बाँदरहरु यहाँ आएका छन् ।

**त्यस्तै महाभोज** नामक कवितामा कविले यसरी व्यङ्ग्य गरेका छन् ।

टैवा ढलेको छ

खाऊ पराल मन लागुन्जेल खाऊ

घर जलेको छ

ताप आगो मन लागुन्जेल ताप

महाभोज चलेको छ

यहाँ टैवालाई नेपाल राज्यको ढुकुटीको रुपमा लिएका छन् जसरी ढलेको टैवामा छोडिएको पशुले मनपरि पराल खान पाउँछ त्यसैगरी सत्ताधारी नेताहरुले पनि राज्यको ढुकुटीमा मनपरि गरेको घटनालाई कविताको विषयवस्तुको रुपमा लिएका छन् । सत्ता होइनजेल मात्र राज्यको ढुकुटीमा रजाइँ गर्न पाउने तर सत्ता खुस्केपछि नेताहरुले मनपरि गर्न पाउँदैनन् भन्ने प्रतिकात्मक अर्थ कविताको हरफले दिएको छ ।

## ६.८ निष्कर्ष

**एक दनक** कविता सङ्ग्रह कवि नवराज कार्कीका फुटकर कविता तथा मुक्तकहरूको सङ्ग्रहीत कृति हो । कविले यसमा देशमा जरा गाडेर बसेका विविध प्रकारका विकृति विसङ्गतिहरूलाई व्यङ्ग्य र भण्डाफोर गरेका छन् । समसामयिक समयका विभिन्न विषयवस्तुलाई कविताका माध्यमबाट अभिव्यक्त गरिएका ती रचनाहरूको उद्देश्य विकृति र नराम्रा पक्षको अन्त्य गरी सभ्य, सुसस्कृत संस्कारको विकास गर्नु रहेको छ । समान्य तथा सुबोध्य भाषाशैलीको प्रयोग भएका यस सङ्ग्रहका कविता सबै स्तरका पाठकका निम्ति पठनीय रहेका छन् । कविले गद्य लयलाई अनुसरण गरेर रचना गरेकाले यिनमा पठनको बाह्य लयात्मकता भन्दा बढी लयको अन्त : प्रवाह सशक्त रहेको छ भने कथन ढाँचालाई हेर्दा कविवक्तृप्रौढोक्ति र कविनिबद्धको प्रयोग भएका कविता यसमा रहेका छन् । विम्ब,

प्रतीक, तथा अलङ्कारण प्रविधिको समेत अधिक न्यून प्रयोग गरिएका कविताहरूको सङ्ग्रहका रूपमा रहेको यो सिङ्गो कृति समग्रमा सरल, सुबोध, सोद्देश्य, पठनीय र सुन्दर कृतिका रूपमा रहेको छ ।

# परिच्छेद सात

# पत्रपत्रिकामा प्रकाशित फुटकर कविता र कथाको अध्ययन

## ७.१ परिचय

नवराज कार्कीको साहित्यिक यात्राको अनुशीलन गर्ने क्रमा उनको सङ्ग्रह भित्र नपरेका कविताहरू पनि छन् । ति मध्ये प्राप्त कविताहरूमा **मानसिक सद्भाव, जीवन चारै तिरबाट, मध्याह्नको अन्धकार, जीन्दगीको सामल, ऐना, दुःखान्त कथा,राष्ट्रिय वातावरण साहिँलालाई चिठ्ठी** र **दुर्घटना** रहेका छन् । यहाँ प्राप्त कविताको कविताकै विधातात्विक आधारमा विवेचना गरिएको छ ।

## ७.२ विषयवस्तु

वि. सं. २०४६ सालको जनआन्दोलन पश्चात् मुलकमा स्थापना भएको बहुदलीय व्यवस्थाले जनताका रूपमा यथार्थतः उल्लेखनीय कार्य गर्न सकेन् । जनचाहनालाई उपक्षा गर्ने कार्यले देशवासी पीडित हुन पुगे । स्थापित संसदीय बहुदलीय व्यस्थाले पुँजीवादी संसदीय व्यवस्थाले सत्ता स्वार्थ भन्दा माथि उठ्न नसकेको नेपाली राजनीति भित्र रहेको विकृति विसङ्गतिलाई जोडले झापड दिन कार्कीका कविताहरू अत्यन्तै सक्षम देखिन्छन् । जन आन्दालेन पश्चात्का केही वर्षमा भएका विभन्न राजनैतिक क्रियाकलपा र विकसित परिदृष्यलाई कार्कीले आफ्ना कविताका विषयवस्तु बनाएका छन् । उक्त खालको आधारभूमिमा उभिई लेखिएका कार्कीका कवितामा पाइने भावविधान वा कथ्य सन्दर्भको विविधतालाई तल भिन्दा भिन्दै उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

**क) युगबोध**

पीडादायी वर्तमानको कुरूपताको चित्रण कवि नवराज कार्कीले वर्तमानलाई अत्यन्त पीडादायी अनुभव गरेका छन् । जनआन्दोलन पछिको राजनीतिक खिचातानीले मुलुक धेरै पछाडि धकेलिएको र जनताको उत्पीडन कायमै रहनुले उनलाई पीडाबोध गराएको छ । त्यसैले उनी **मध्याह्नको अन्धकार** शीर्षकको कवितामा भन्छन्:

> शब्द जस्तै अमूर्त छ
>
> सतयको अन्वेषण पनि

त्यस्तै भयो यो मध्याह्नको अन्धकार

मात्र एउटा प्रयोग र परिक्षण

(गरिमा, २०६४ : माघ)

उपर्युक्त पङ्क्तिमा मध्याह्नले २०४६ साल पछिको राजनैतिक परिवर्तनलाई बुझाउँछ भने, परिवर्तन नाम मात्रको भयो यसले त झन जन मानसमा त्रासदीफैलायो रात्रीको अन्धकार जस्तै भनी कवि व्यङ्ग्य गरेका छन् ।

हेरिरहैं म एक्लै

खोजी रहुँ उपाय

आफैँ हराउँला कि

ज्योति कतै नपाए

भोग्दै छ यो मुलुक ले

कनु पापको सजाय

(मकुपर्क, २०६३ : पुस)

उपयुर्क्त पङ्क्तिहरूमा आपफूलाई परिवर्तन गामी शक्तीका रूपमा चिनाउने नेताहरूले देशलाई बर्वादी तिर घचेटेको र जतातत्तै अभाव, गरिबी जनव्याप्त भएको कुरालाई मार्मिक रूपमा चित्रण गरिएको छ ।

**ख) आशावादी स्वर**

कवि नवराज कार्कीले पत्रपत्रिकामा प्रकाशित कविताका माध्यमबाट पीडादायी वर्तमान प्रतिको असन्तुष्टि मात्र व्यक्त गरेका छैनन् बरु सुनौलो भविष्यका लागि कठोरतम वर्तमानको समाना गर्दै अगाडि बढ्नुपर्ने विचार र प्रतिबद्ध तापनि व्यक्त गरेका छन् । आफ्नो देशमा कुनै प्रकारको भेदभाव नहोस्, सबै जाति वर्ग समान हुन् भन्ने धारणालाई **मानसिक सद्भाव** कवितामा यसरी व्यक्त गरिएको छः

भाषा, विविध बोल्छौं, बोली मिठास होस्

रङ्गी विरङ्गी फूल छौं, एउटै सुबास होस्

विचार होस फरक फरक, उद्देश्य एक होस

मेरो मुलकु दु:खी नहोस समृद्ध राष्ट्र होस्

(गरिमा, २०६५ : फागुन)

**ग) निराशवादी स्वर**

जनताको स्वतन्त्रता, मानव अधिकार शान्ति, सुख र समृद्धि दिने सपना बोकेर अघि बढेका मानिसहरू आप्नो सिद्धान्त नै छोडेर जनतालाई भ्रम फैलाउन  उद्यत भएको मा नवराज कर्की अत्यन्तै चिन्तित देखिन्छन् । आफ्ना निराशवादी भावलाई **दुखान्त कथा** नामक शीर्षकमा उनले यसरी व्यक्त गरेका छन्:

झन् झन् बढ्यो अँध्यारो

चारै तरफ तुँवालो

सुनसान छेउ

सपना सबै हराए

(मधुपर्क, २०६३, पुष)

**घ) राष्ट्रवादी स्वर**

कवि नवराज कार्कीका राष्ट्रवादी भावना प्रबल रूपमा रहेको छ । उनका कविताहरूमा राष्ट्रप्रतिको मायाभाव प्रष्ट रूपमा देखापरेका छ । आफु मरेर गए पनि आफ्नो देश सँधै अस्तित्त्वमा रहिरहोस भन्ने भावलाई मानसिक सद्भाव नामक कवितामा यसरी व्यक्त गरेका छन्:

बाहुन, क्षेत्री, मुस्लिम, थारु, किराँती होस्

गुरुङ्ग, मगर, नेवार होस तामाङ् थकाली होस्

हामी सबै नेपाली हौं जातै नेपाली होस्

मनमा सधैं सबैको एउटै सवाल होस्

म हुँ, न हुँ तर सँधै मेरो नेपाल होस्

**ङ) समाजमा व्याप्त विकृति, विसङ्गतिमाथि व्यङ्ग्यात्मक स्वर**

समाजमा मौलाउँदै गएको भ्रष्टचारलाई कविले **राष्ट्रिय वातवारण : साहिँलालाई चिठ्ठी** नामक कवितामा यसरी व्यङ्ग्यात्मक रूपमा व्यक्त गरेका छन्:

वन सकियो भन्ने पीरै नगरेस् साहिँला
काठमाडौंमा हामीले वन गोष्ठी गर्दैछौं
पाँचतारे होटल 'बुक' भै सक्यो
'चिप्लो कागजमा निम्तो पनि छापिसक्यौं
रातारात ठुल ठुला नेतालाई प्रमुख अतिथि बोलाएका छौं
ब्रेकफास्ट देखि कट्ट्ल सम्मको बन्दोवसत छ ।
स्मारिका छापेपछि गाउँतिर पठाइदिउँला

(बगर, २०५१ भाद्र)

**च) जीवनवादी स्वर**

जीवन के हो ? कस्तो हुनु पर्दछ ? आदि जस्ता विषयवस्तुलाई उठाएर लेखिएको कार्कीको **जीवन चारैतिरबाट** नामक कवितामा जीवनलाई बुझ्नै नसकनि अमूर्त कला जस्ता भएको बताएका छन् ।

सङ्गीतको जस्तो मधुर पनि होइन जीवन
गणित जस्तो कठोर पनि होइन जीवन
केही यथार्थ, केही भ्रम माया जस्तो छ जीवन
परिभाषामा अटाउन्न व्याख्या भित्र पनि अटाउन्न
दृष्टि अनुरूपको सृष्टि
अमुर्त कला जस्तो छ जीवन

(मधुपर्क, २०६०, माघ)

मानिसले आफ्नो जीवनको उत्तरार्ध सम्म पनि जीवनलाई बुझ्न, आफूलाई चिन्न सकिरहेका हुँदैन भन्ने यथार्थलाई कवि नवराज कार्कीले **ऐना** नामक कविताको माध्यमबाट यसरी व्यक्त गरेका छन्:

> यस्तै थिएँ र पहिले?
> के सधैं यस्तै रहन्छु ?
> बोल्दै बोल्दैन ऐना, रिसाएर हान्छु
> टुक्रिन्छ तर बोल्दैन, फेरि भुईंमा फाल्छु
> फुटालें ऐना झन् धेरै भएँ म
> मेरै थिएँ म, आखिर मेरै भएँ म
> धेरै देखिएँ टुक्राहरूमा तर धेरै रहेनछु
> ऐना मात्र फुटेछ, टुक्रा टुक्रा त भएँछु
> आकृति मात्रै पो देखियो खै म कहाँ देखिएँ
> खोज्दै आफूलाई, धेरै बेर ऐना अगाडि उभिइरहें ।

## ७.३ संरचना

कवि नवराज कार्कीका पत्रपत्रिकामा प्राप्त सबै कविताहरू शीर्षकबद्ध नै छन् । आयामक दृष्टिले हेर्दा विवेच्य कविताहरू न्यूनतम सत्र देखि अधिकतम पैतालीस हरफ सम्ममा संरचित छन् । कविताहरू विभिन्न अनुच्छेदको आकार एकै नासको छैन । एकल र एकाधिक वा बहुल अनुच्देहरूमा कविताको संरचना भएको छ भने अनुच्देहरूमा बीच अन्विति कायम रहेका छन् ।

नवराज कार्की गद्य कवि हुन् । उनी आफ्ना कवितामा छन्दको अनुशासनमा बाँधिएका छैनन् । स्वतन्त्र भाव लहरीमा छोटा मझौला गद्य लयात्मक अभिव्यक्ति दिनु उनको कवितात्मक विशेषता रहेको छ ।

नवराज कार्कीका केहि कविता प्रश्नात्मक संरचनामा विकशित भएका छन् उनको **जिन्दगीको सामल** नामक कविता प्रश्नै प्रश्नद्वारा निर्मीत कविता हो । यसरी उनको **ऐना**, **मध्याह्नको अन्धकार** नामक कवितामा पनि उनले प्रश्नात्मक वाक्यको प्रयोग गरेको

पाइन्छ । यसरी कवितामा संरचनात्मक तहमा नवराज कार्कीको आफ्नो छुट्टै मौलिकता भेट्न सकिन्छ ।

## ७.४ लयविधान

कविता विधालाई साहित्यका अन्य विधाबाट अलगै रूपमा चिनाउने तत्त्व लयविधान हो । कविताका पङ्क्तियोजना वा पद-योजनाका साथै तिनका समष्टिबाट र ती भित्रका स्वर-व्यञ्जनवर्णका साम्यवैषम्यबाट जे जस्तो नाद वा सङ्गीत पैदा हुन्छ त्यो नै कविताको लय हो (डा. पारसमणि भण्डारी र माधवप्रसाद पौड्ेल, पृ. ८) ।

लयविधानका दृष्टिले नवराजकार्कीका कावितामा आफ्नै किसमका विशेषत छ । कविता-रचनामा उनले विभिन्न प्रयोग गरेका छन् । शब्द, पदावली, वाक्यांश र वाक्यकै पनि पुनरावृत्ति भई कवितालाई लय प्रदान गर्ने काम उनका कविताहरूमा भएको छ । कवितामा प्रयुक्त शब्द तथा वाक्यका अर्थ भिन्न भिन्न कवितामा भिन्दा भिन्दै हुनाले पनि कवितालाई लयले छोप्ने र यसैबाट पाठकले कविताको आस्वदन गर्नुपर्ने भएकाले पाठकले उनका कविताको लयमा मिठास पाउँछन् । उनको **जीवन चारैतिरबाट** नामक कविता निम्न पङ्क्तिलाई उदाहरण्का रूपमा लिन सकिन्छः

व्यवधानहरूलाई समाधान गर्दै
अझै अगाडि बढ्दै जानु हो जीवन
पाठ सिक्दै, पाठ बुझाउँदै
अझै नयाँ पाठहरू पढ्दै जानु हो जीवन
जन्म देखि मृत्युसम्मका अनेकौं खुट्किलाहरू
जानी नजानी चाही नचाही
चढ्दै चढ्दै जानु हो जीवन

नवराज कार्कीका कवितालाई लयात्मकता प्रदान गर्न प्रत्येक पङ्क्तिका अन्तमा पुरावृत्ति भएर आउने शब्दहरूले पनि सघाएका छन् । उदाहरणका लागिः

भाषा विविध बोल्छैं, बोली मिठास होस्
विचार होस् फरक फरक उद्देश्य एक होस्

मेरो मुलुक दुःखी नहोस्, समृद्ध राष्ट्र होस्

(गरिमा, २०६५, फागुन)

माथिको कवितामा प्रत्येक पङ्क्तिका अन्त्यमा आएका 'होस' क्रियापदले कवितालाई लयात्मक बनाएको छ । त्यस्तै अन्त्यमा शब्दको पुरावृत्ति र मध्यानुप्रास समेतले कवितलाई लयात्मक बनाएको **ऐना** शीर्षकको कविताका केही पङ्क्ति यस्ता छन्:

कस्तो रहेछ भन्दै हेरें मैले ऐनामा

छायाँ मात्रै देखियो तर छायाँ त हैन म

ऐना एउटा सत्य रहेछ माध्यम भए पनि

ऐना एउटा भैम रहेछ सत्य भएपनि

माथिको कवितांशका पहिलो दुई पक्तिमा आएको मा र म अनि दोस्रो दुई पक्तिमा आएको भएपनि शब्द र पङ्क्तिका बीचमा रहेको रहेछ क्रियापदको पुनरावृत्तिले कवितालाई लयबद्ध बन्न सघाएका छन् । 'छाया', 'सत्य' जस्ता बब्दको पुनरावृत्ति गराइएको पाइन्छ भने 'ऐना' शब्दको अनुप्रासले कवितालाई अझ लयात्मक बनाउन सघाएको छ । यसरी नवराज कार्कीका पत्रपत्रिमा प्राप्त कवितामा शब्द, पदावली विभिन्न भाषिक प्रकारहरूको पुनरावृत्ति, अनुप्रासको प्रयोग आदिले मुक्त लयको निर्वाह गरेको पाइन्छ ।

## ७.५ दृष्टिविन्दु

लेखकले आफ्ना भावनालाई आफूं व्यक्त गरेका छ या कुनै समाखयाताको निर्मण गरी पाठकको समाख्यान गर्न लगाएको छ भन्ने कुरा दृष्टिविन्दुले बताउँछ । कविताका सन्दर्भमा कवितका भाव, विचार, खनुभूति, वस्तु आदिलाई पाठकसम्म पुऱ्याउने पद्धतिको निर्माण दृष्टिविन्दुले गर्दछ ।

नवराज कार्कीका विवेच्य कविताहरूमा प्रथम तथा तृतीय गरी दुवै प्रकारका दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । कुनै कवितामा कवि स्वयं समाख्याता भएका छन् भने कुनैमा समाख्याताको रूपमा अरु कसैलाई उपस्थित गराएका छन् । **ऐजना, मानसिक सद्भाव,** नामक कविताको समाख्याता कवि स्वयं बनेका छन् भने अन्य कवितामा तृतिय पुरुष दृष्टिविन्दुको प्रयोग पाइन्छ ।

### ७.६ विम्ब र प्रतीक अलङ्कार

कवि नवराज कार्की बिम्ब र प्रतीकको सघन प्रयोग गर्ने कवि हुन् । विवेच्य कवितामा बिम्ब र प्रतीकको प्रयोग अधितम ढङ्गले भएको पाइन्छ । प्रतीकका माध्यमबाट नवारज कार्की आफ्ना विचार र धारणा व्यक्त गर्दछन् । **राष्ट्रिय वातावरण : साहिँलालाई चिठ्ठी** नामक कवितामाको शीर्षकमा आएको साहिँला गरिब, गाउँले निमुखाको प्रतीकको रूपमा आएको छ जस्तै

थाहै होला रेडियो सुनेकै होलास्

गाउँको विकासको लागि, ठूलै रकम छुट्याएका छौं

ठूल्ठूला मानिसहरू ठूल्ठूला होटेलमा बसेर

ठूल्ठूला गफ गर्दै ठूल्ठूला भोज खाँदैछौं

ढुक्क भएर बसेस साहिंला

अर्को चुनाउमा फेरिं भेटौंला

(बगर, २०५१, भाद्र)

### ७.७ भाषाशैली

कविताका अन्य तत्त्व भैँ भाषाशैली पनि एक महत्त्वपूर्ण तत्त्व हो । भाषाशैली कुनै पनि रचनाको शिल्प पक्षसँग सम्बन्धित हुने भए पनि यो बिना भावको प्रस्तुतीकरण पनि हुन सक्तैन । भाषिक दृष्टिले नवराज कार्कीका कविताहरूमा मौलिक तथा आगन्तुक दुवै खाले शब्दहरूको प्रयोग भएको छ । उनका कविताहरू भाषिक दृष्टिकोणले अत्यन्तै सरल र सरस रहेका छन् । विवेच्य कवितामा प्रयोग भएको आगन्तुक शब्दमा 'वुक', 'व्याच', 'ब्रेकफास्ट', 'कक्टेल', 'बिजी' जस्ता आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ । शैलीका दृष्टिले नवराज कार्कीका विवेच्य कवितामा वर्णनात्मक प्रश्नात्मक, व्यङ्ग्यात्मक शैली पाइन्छ । कवि नवराज कार्कीले पनि आफ्ना कविता मार्फत नेपाली समाजको यर्थात चित्रण गरेको पाइन्छ । समाजमा व्याप्त विकृति, विसङ्गति गरिबी, शोषण आदि विभिन्न समस्याहरूको यथार्थ चित्रण गर्ने काम गरेका छन् ।

देशभक्तिको भावना प्रासर गर्नुलाई पनि नवराज कार्कीको कविताहरूको उदेव्यकै रूपमा लिन सकिन्छ । आफू मरेर गए पनि आफ्नो देश सँधै बाँचिरहोस् भन्ने राष्ट्रभक्ति भावले ओतप्रोत भएको भाव उनका कवितामा पाइन्छ ।

## ७.८ पत्रपत्रिकामा प्रकाशित कथा कृतित्त्वको अध्ययन

नवराजकार्कीको साहित्यिक लेखनको थालनी कथाबाट भएको थियो । उनको पहिलो कथा 'मातृभूमी' (२०२९, अषाढ, २१) मा प्रकाशित **विधवा** हो ।

कार्कीको साहित्यिक लेखनको थालनी कथा विधाबाट भए तापनि पछि उनले कविता लेखनमा मात्र केन्द्रित भएको पाइन्छ । २०२९ सालदेखि २०४० सालसम्म लगभग १० वटा जति कथा प्रकाशित भएको जानकारी पाइए तापनि ति सबै प्राप्त हुन सकेनन् । विभिन्न पत्र पत्रिकामा भेटिएका कथाहरूमा क्रमशः **विधवा, भोगिएका क्षणहरू** र **थर** रहेका छन् । यी कथाहरू उनका कथालेखनमा प्रारम्भिक प्रयत्न हुन् । विभिन्न विद्वानहरूले कथाका विभिन्न तत्त्वहरू बताएका छन् । ति निम्न प्रकार छन्:

कथावस्तु ,पात्र विधान,द्वन्द्व विधान, उद्देश्य, परिवेश र भाषाशैली

यहाँ कार्कीका कथाको यिनै विधातत्त्वका आधारमा एकीकृत अध्ययन गर्ने काम भएको छ ।

### ७.८.१ कथावस्तु

नवराज कार्कीका प्राप्त कथाहरूको कथावस्तु झिनो, मसिनो र पातलो रहेको छ । यद्यपि कथा पढि सकेपछि पाठकमा एक न एक किसिमको प्रभाव छोड्छन् र तिनका कथा वस्तु हाम्रै नेपाली समाजका उज्याला, अँध्यारा पक्षबाट लिइएको छन् । उनको कथालाई काल्पनिकता, दार्शनिकता र बौद्धिकताले थिचेको छैन । नेपाली समाज र नेपाली समाजमा व्याप्त विसङ्गतिको चित्रण गर्दै समाजका विविध पक्षलाई उनका कथाहरूमा समेटेको पाइन्छ ।

नेपालहीमा अनेकौं धार्मिक परमपरागत संस्कार जीवित छन् । कुनै खास वर्गमा मानिस नेपाली जनताको हृदयमा रहेको  पवित्र संस्थाकै आडमा उनीहरूमाथी थिचोमिचो गर्न व्यस्त छन् । यस्तै समस्या र बाध्यतालाई **विधावा** नामक कथाले देखाएको छ । समाजमा विधवालाई हेर्ने दृष्टिकोण राम्रो छैन, विधवा भएपछि कुनै पुरुषको मुख सम्म हेर्न

नहुने, आफ्ना अनेकौं इच्छा आकांक्षाहरूलाई मनमनै दबाइ निश्चित घेरा भित्र सिमित भएर बाँच्नु पर्ने बाध्यतालाई विधवाले अत्यन्तै मार्मिक रूपमा प्रस्तुत गरेको पाइन्छ ।

आफ्नो जीवनको भोगाइका क्रममा देखापरेका घटनाहरूको प्रकटीकरण हो **भोगीएका क्षणहरू** । **भोगिएका क्षणहरू** मार्फत कथाकारले देशमा मौलाउँदै गएको बेरोजगारी समस्याको वर्णन गरेका छन् । युवा अवस्थाको मानिसले खाली अरुको प्रगतिको कुरा गरेर मात्र बिताउनु, अर्काको कुरा काटेर समय बिताउनु भन्दा केही न केही इलम गरे समय पनि सजिलै बित्छ साथै रूपैयाँ पनि हात पर्छ । त्यसैले सबै युवाहरूले समयको सदुपयोग गर्न सिक्नु पर्छ । बेरोजगारीका कारण युवाहरूमा अनेकौं मानसिक तनावहरू बढ्दै भएको पाइन्छ भनन्ने कुरालाई कथाकारले आफ्नै भोगाइहरू मार्फत व्यक्त गरेका छन् ।

स्वच्छ र पवित्र भावनामा प्रेम बाँचेको हुन्छ भन्ने कुरालाई **थर** नामक कथाले प्रस्तुत गरेको छ । यस कथाको 'म' पात्र आत्मिक प्रेमको पक्षमा छे । आफूले मन पराएको पुरुषले आफूलाई उमेर ढल्किन्जेलसम्म पनि दुलही बनाएर नभित्र्याए पछि घर परिवारको कारण अर्कै पुरुषसँग विवाह गर्न राजी भए पनि उक्त पुरुषले सिक्का खोटो छ भन्ने आरोपका साथ 'म' पात्रसँग विवाह गर्न मन्जुर नदेखिए पछि अन्त्यमा पुनः आफ्नै प्रेमीले स्विकारेको छ । विवाह गर्नु, थर परिवर्तन गर्नु मात्र प्रेम होइन भन्ने मान्यता राखेको पुरुषले अन्त्यमा आफ्नी प्रेमीका सँग विवाह गर्न तत्परता देखाउँछ । हाम्रो समाजले महिला र पुरुष विचको प्रेमलाई मान्यता दिँदैन । म पात्रले अर्को कुरा सँग प्रेम गरेकै कारण आफ्नो उमेर ढल्कँदा सम्म पनि अरु केटा सँग विवाह हुन सक्दैन त्यसैले युवाहरूले अरुको हार्दिक प्रेमको मूल्य र मान्यतालाई सधै कदर गर्नु पर्दछ भन्ने सन्देस यो कथाले बोकेको पाइन्छ । एउटी पढेलेखेकी युवतीले पनि विवाह जस्तो कुरालाई सामान्य वस्तु र थर सँगको साटासाट हो भन्ने चित्रण गराएर रुढिवादी परम्पराले समाजमा महिलालाई कसरी सङ्किर्ण बनाइ रहेको छ भन्ने कुरालाई **थर** नामक कथाले विषयवस्तु बनाएको छ ।

### ७.८.२ पात्र विधान

नवराज कार्कीले आफ्ना कथाहरूमा नेपाली जनजीवनकै पात्रहरूलाई स्थान दिएका छन् उनका कथाका पात्रहरूको काम गराई भनाइ, सोचाइ, आदिबाट अप्रत्यक्ष रूपले

उनीहरूका चरित्रका बारेमा थाहा पाउन सकिन्छ । उनका कथाहरूमा काल्पनिक र अतिरञ्जनात्मक पात्रहरू छैनन् भने मानवीय पात्रहरूको मात्र प्रयोग गर्ने काम भएको छ ।

**विधवा** कथाको 'म' पात्र पुरुष पात्र हो । उ समाजमा व्याप्त विसङ्गति र विकृतिलाई निमिट्यान्न बनाउन सोच्ने तर कुनै कदम चाल्न नसक्ने पात्रको रूपमा चित्रित गरिएको छ । लोग्नेको मृत्युमा विधवा हुनु पर्ने तर स्वास्नीको मृत्युमा लोग्नेले केही गर्न नपर्ने संस्कारलाई उसले अस्वभाविक ठानेको छ । उनका कथाका नारी पात्रहरूपुरुषवर्गको थिचोमिचोमा परेका छन् । राधा एउटी विधवा पात्र हो । राधाले विधवा भएकै कारण आफ्ना अनेकौं इच्छा आकांक्षाहरूलाई दबाउन बाध्य भएकी छे । आफ्नै मामा माइजुले लगाएको लाल्छना खप्न नसकेर अन्त्यमा उसले आत्महत्याको प्रयास गर्छे । यसरी विधवा हुनुलाई पूर्वजन्मको पाप हो भनने सोच्नु नै परम्परा वादी समाजको द्योतक हो ।

**भोगिएका क्षणहरू** कथामा बरोजगारीले पिल्सिएको समाजमा जतापनि बेरोजगारीकै चर्चा छन् । आफ्नो देशमा काम नपाएर विदेशिएका युवा उतै पलायमान भएका छन् । देशमा भएका युवाहरू पनि खाली अरुकै प्रगतिको चर्चामा समय खेर फाली रहेको कुरालाई 'म' पात्र मार्फत व्यक्त गरिएको छ ।

**थर** नामक अर्को कथामा एउटी उमेर छिप्दै गएकी युवतीको मनोदशाको चित्रण राधा नामक पात्रद्वारा गरिएको छ । नचाहँदा नचाहँदै पनि ऊ आफ्नो प्रेमी सँग टाढिएकी छ र अन्त्यमा पुनः मिलन भएको घटनालाई य समा चित्रण गरिएको छ । म पात्र राधालाई उसको प्रेमीले विवाह भनेको के हो ? भनी प्रश्न गर्दा उसले विवाह भनेको चुरा, पोते, सिन्दुर र थर हो भन्ने जवाफ दिन्छे । तर केटाले त्यो कुरालाई स्विकार गर्दैन । कथाको अन्त्यमा युवकले राधा सँग विवाह गर्ने प्रस्ताव गर्छ र राधाको पुरानै थर यथावत रहि रहने कुरा गर्दछ । महिलाले विवाह गरेर अर्काको घरमा भए पछि आफ्नो जन्मिएर ल्याएको थर परिवर्तन गर्नु पर्ने हाम्रो समाजको पुरुषवादि परम्परालाई कथामा नयाँ ढङ्गबाट प्रस्तुत गरिएको छ ।

### ७.८.३ द्वन्द्व विधान

कथा विधालाई पुर्णाङ्की बनाउन आवश्यक पर्ने उपकरणामा द्वन्द्व पनि एक हो । कथामा द्वन्द्व तत्त्वको महत्त्वपूर्ण भूमिका हुन्छ । कथामा विभिन्न प्रकारका द्वन्द्वहहरू रहेका हुन्छन् । कार्कीका कथाहरूमा पनि व्यक्ति व्यक्तिका बीच, व्यक्ति र समाजका बाह्य

विसङ्गतिका बीच द्वन्द्व पाइन्छ तर द्वन्द्वका प्रष्ट र ठूला घटनाहरू भने उनका कथामा पाइदैन ।

**विधवा** नामक उनको कथामा सानै उमेरमा विधवा बन्न पुगेकी राधा निर्दोष भएरै पनि समाजबाट अपहेलित छे । साइनोले मामा पर्नेका घरमा बस्ने राधालाई विधवा भएकै कारण ना-ना थरीको आरोप लागेको छ । ऊ आफूले मन पराएको केटासँग फिल्म हेर्न गएको थाहा पाएर घरमा द्वन्द्व सुरु हुन्छ । त्यहि द्वन्द्वको उत्कर्षमा उसले विष सेवन गर्न पुग्दछे । समाजमा व्याप्त कुसंस्कार कुरीतिको विरोधमा म पात्र भित्र भित्रै मडारिन्छ तर कुनै ठोष कदम चाल्न भने सक्देन । यसरी म पात्र भित्र आत्मद्वन्द्व रहेको पाइन्छ । विधवा भए तापनि समाजको परमपरा विपतिर उसले प्रेम गर्ने निर्णय गरेर एकातिर संस्कृतिक क्रान्ति गर्न खोजेका छन् भने अर्कोतर्फ परम्परागत संस्कार मान्नेहरूको शक्तिशाली जमात छ ।

यसरी यहाँ परम्परागत रुढिवादी परम्पराका बाहक र प्रगतिशील अग्रगामी चिन्तन र व्यवहारका बाहकका बचि बाह्य द्वन्द्व पाइन्छ ।

**भोगीएका क्षणहरू** कथाको 'म' पात्र बी. ए. सम्मको परीक्षा उर्तीण गरेको पठित युवक भए पनि बेरोजगार छ । जटिल बन्दै गरेको समाजमा स्थापित हुन के गर्ने भन्ने दोधारमा युवक अनेकौं घटनाहरू सम्झन पुग्दछ । यो गरौं की ऊ गरौं को अवस्थामा एउटा शिक्षित पात्रको मनोद्वन्द्व यस कथामा पाइन्छ ।

हिन्दु सामाजिक संस्कार त्यसका आडमा पुरुषवर्गले नारीवर्गको अस्तित्त्वलाई स्वीकार्न नसकेको अवस्था र यसबाट नारीवर्गमा पर्न गएको असरलाई **थर** शीर्षकको कथामा प्रस्तुत गरिएको छ । पुरुषवर्गले नारीवर्ग माथि गर्ने बेवास्ता र नारीले आफू प्रति बेवास्ता गर्ने पुरुषलाई छोड्न नसक्ने परिवेशका बीचको द्वन्द्व कथामा पाइन्छ । आफुले मन पराएको केटाले आफुलाई वास्ता नगरेको र अर्को केटासँग विवाह गर्ने की नगर्ने भनी आत्मिक द्वन्द्व म पात्रमा सल्बलाएको पाइन्छ ऊ भित्र तीब्र असन्तुष्टि देखिन्छ । अतः यहाँ एउटी नारीको चाहना र संस्कारका बीचको द्वन्द्व पनि स्पष्ट रूपले देख्न सकिन्छ ।

### ७.८.४ उद्देश्य

कुनै पनि स्रष्टाले साहित्यिक रचनाको सिर्जना गर्दा केही न केही उद्देश्य राखेकै हुन्छ । कथाकार नवराज कार्कीले पनि आफ्ना कथाहरूमार्फत नेपाली समाजमा रहेका विभिन्न समस्याहरूको चित्रण गर्ने काम गरेका छन् ।

नवराज कार्कीका कथाले नेपाली समाजको भष्टकाकीर्ण अवस्थाको यथार्थ प्रस्तुत गर्ने उद्देश्य मात्र लिएका छैनन । त्यसबाट, मुक्तिका लागि सङ्घर्षको विगुल पनि फुकेका छन् । **विधवा** कथामा विधवाले समाजमा व्याप्त पुरातनवादी सोचाइलाई चिर्दै आफ्नो अस्तित्त्वको निम्ति विधवा पात्र राधाको सङ्घर्ष देखाइएको छ । लोग्ने मरेकी एउटी नारीलाई समाजमा बाँच्न कति कठिन हुन्छ भन्ने देखाउनु यस कथाको उद्देश्य हो । विधुवा हुनु कुनै पाप होइन र एउटी विधवा भित्र पनि अनेकौ किसिमका कुण्ठाहरू हुन्छन्, इच्छा हुन्छ र ति इच्छाहरू आम मानिसका इच्छा सरह हुन्छ र विधवाले पनि अरुको जस्तै जीउन पाउनु पर्छ भन्ने सन्देश दिइएको छ । अन्यायर अत्यचारलाई सहेर मौनतामा पीडित हुनु भन्दा त्यसका विरुद्ध अगाडि बढ्ने हिम्मत गरेमा सामाजिक असमानताको जरो उखेल्न सकिन्छ भन्ने आशय प्रस्तुत गरिएका कार्कीका कथाहरूको मुख्य उद्देश्यभ नेको समाजमा चेतनाको दीप बाल्नु हो भन्न सकिन्छ ।

**भोगिएका क्षणहरू** कथाले विवश जिन्दगीको विवशता प्रस्तुत गर्दै समयले कसैलार्य पर्खदैन त्यसैले युवाहरूले समयमा नै केही इलम गर्नु पर्दछ । खाली अरुलाई आरोप लगाएर मात्र समस्याको समाधान निस्कदैन बरु सानो तिनो जे भए पनि आफुले जानेको इलम गर्दा जीविको पार्जन गर्न सजिलो हुन्छ भन्ने सन्देश दिन यस कथाको उद्देश्य रहेको छ ।

**थर** नामक कथाले बाहिरी सौन्दर्यमा भ्fुलेर आन्तरिक प्रेमलाई वेवास्ता गर्ने वर्तमान सामाजिक विकृतिप्रति सचेत रही जीवनलाई प्राकृतिक बनाउने सन्देश दिनु यस कथाको उद्देश्य रहेको छ ।

### ७.८.५ परिवेश

नवराज कार्कीका प्राप्त कथामा शहरिया परिवेशको चित्रण गरिएको पाइन्छ । कथामा प्रयुक्त पात्रहरू वर्गीय दृष्टिले, मध्यम परिवेशका रहेका छन् ।

**विधवा** कथामा एउटा मध्यम परिवार तथा समाजको विधवालाई हेर्ने दृष्टिकोण कस्तो हुन्छ भन्ने परिवेशमा कथा तयार पारिएको छ ।

**भोगिएका क्षण**हरूले मध्यम वर्गीय सामाजिक परिवेशलाई समेटेको छ भने **थर** नामक कथामा परिवारिक परिवेशको चित्रण पाइन्छ । यसरी हेर्दा कार्कीका कथाहरूमा सामाजिक पारिवारिक रहनसहन र त्यहाँ व्याप्त विसङ्गति जन्य परिवेशको चित्रण गरिएको पाइन्छ ।

### ७.८.६ भाषाशैली

नवराज कार्कीका कथाहरूको भाषाशैली वर्णनात्मक रहेको छ । कथन पद्धति र दृष्टिविन्दुका दृष्टिकोणले तिनमा प्रथम पुरुषीय र तृतीय पुरुषीय कथनपद्धति/दृष्टिविन्दु अँगालिएको छ । उनका कथाहरूमा तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतका शब्दहरूको सरल र सुबाध्ये भाषाशैलीका माध्यमबाट समाजिक यथार्थको चित्रण गर्ने काम कथामा भएको छ ।

पात्र अनुकूलको भाषाशैली उनका भेटिन्ट त्यो कथामा सरल र स्वभाविक तथा जीवन्त छ । कथामा एउटा घटना घटाएर अन्त्यमा त्यसको परिणाम यस्तो भयो भन्ने परम्परागत रैखिक ढाँचालाई मात्र नअँगाली समाजका विभिन्न वर्गले भोगेको जीवनको चित्र खिच्नका लागि तिनैले बोल्ने खालका स्वभाविक भाषाको प्रयोग गर्दै वर्णनात्मक शैली अँगालिएको छ जुन स्वभाविक छ ।

## ७.९ निष्कर्ष

साहित्यकार नवराज कार्कीले आफ्नो साहित्ययात्राको थालनी कथा विधाबाट भए तापनि उनको प्रिय विधा भनेको कविता नै हो । करिब एक दशक सम्म कथा विधामा कलम चलाएर उनले कथा विधाबाट लगभग सन्यास नै लिएको अवस्था छ । नवराज कार्कीका जम्मा जम्मी सात-आठ वटा कथाहरू पत्रपत्रिकामा प्रकाशित भएका भएतापनि प्राप्त कथाहरू तीनवटामात्र रहेका छन् । उनका कथामा विवेचना गरिएका कथावस्तुको स्रोत पनि नेपाली समाज, प्रेम र समसामयिक विषयवस्तु रहेको छ । आफू बाँचेको समाज सामाजिक वातावरण, संस्कृति, रीतिरिवाज एवम् नेपालको आर्थिक अवस्थाको चित्रण गर्ने व्यायम गरेका छन् । झिनो कथावस्तु, भिना मसिना द्वन्द्वका घटना, कथ्य विषयव अनुरूपको शीर्षक निम्न वर्गीय पात्रहरूको प्रयोग वर्णनात्मक शैली र प्रथम तथा तृतीय पुरुषीय दृष्टिविन्दु यी कथाहरूको संरचनात्मक विशेषता हो ।

## परिच्छेद आठ

# सारांश र निष्कर्ष

### ८.१ विषय परिचय

यस परिच्छेदमा अघिल्ला परिच्छेदमा उल्लेख भएका कुराहरू सारांश दिनुका साथै समग्र शोध कार्यको निष्कर्ष पनि दिइएको छ ।

### ८.२ सारांश

यस शोधकार्यको पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । यस अन्तर्गत विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधधपत्रको  रूपरेखा शीर्षकमा अलग अलग चर्चा गरी यस परिच्छेदलाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा नवराज कार्कीको समग्र जीवनीको अध्ययन विभिन्न उपशीर्षक अर्न्तगत गरिएको छ । यसमा साहित्यकार कार्कीको वंशको परिचय, उनको जन्म तथा जन्मस्थान, शिक्षादीक्षा, विवाह, दाम्पत्य जीवन र सन्तान, सम्मान तथा पुरस्कार, लेखनका लागि पाएको प्रेरणा आदिका बारेमा चर्चा गरी उनको जीवनीलाई समग्रमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदमा नवराज कार्कीको समग्र व्यक्तित्वको अध्ययन गरिएको छ । यस अन्तर्गतका कार्कीका साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्वका बारेमा अलग अलग चर्चा गरी उनको व्यक्तित्वलाई समग्रमा चिनाउने प्रयास गरिएको छ ।

यस शोधपत्रको चौथो परिच्छेदमा नवराज कार्कीका प्रकाशित विभिन्न साहित्यिक कृतिहरू अध्ययन गरिएको छ । यसमा उनका कविता, गीत र कथाहरूलाई सम्बन्धित विधा तत्त्वका आधारमा विश्लेषण गरिएको छ । यसमा सम्बन्धित विधा तत्त्वका आधारमा उनका साहित्यिक कृतिहरूको विश्लेषण गरी त्यसकै आधारमा उनको कृतित्वलाई ठम्याइएको छ ।

### ८.३ निष्कर्ष

वि.स. २००९ वैशाख ३० गते धौलागिरी अञ्चलको म्याग्दी जिल्ला अन्तर्गत धारगाउँ भन्ने ठाउँमा जन्मेका नवराज कार्कीको पुर्ख्यौली थलो भने पोखरा हो । उनका

पुर्खाहरू पोखराबाट म्याग्दी बसाई सराई गएका थिए । उनका मातापिताका नाम तीर्थकुमारी र टेक बहादुर कार्की हो । न्वारानको नाम नवराज कार्की नै हो भने मातापिता र इष्टमित्रले प्रायजसो 'बाबु' भनेर बोलाउने गर्थे । उनी जन्मेको छ महिनामा नै उनका पिताको देहान्त भएकाले उनी आफ्नी आमासँगै मावलीमा हुर्केका हुन् । उनका मानलीको आर्थिक स्थिति निकै राम्रो थियो । उनको औपचारिक शिक्षाको आरम्भ मावलीका हजुरबुबाबाट भएको हो । उनी पाँचवर्षको पुगेपछि गाउँमा विद्यालय नभएकाले उनका हजुरबाले घरमानै शिक्षिक (ज्योतिष) बोलाएर दुर्गा कवज, चण्डी, सप्तसति आदि पाठ गर्ने गराउने वातावरण मिलाएका थिए । यसपछि अङ्ग्रजी शिक्षा पनि उनले आफ्नै घरबाट प्राप्त गरेका थिए । नवराज कार्कीको औपचारिक शिक्षा भने २०१५ सालमा धारगाउँमा स्थापना भएको राष्ट्रिय प्राथमिक विद्यालयबाट भएको हो । उनले आफ्नै घरबाट अनौपचारिक शिक्षा प्राप्त गरेकाले त्यस विद्यालयमा २०१५ सालमा कक्षा ३ मा भर्ना भएका थिए । यसपछि कार्कीले छ कक्षासम्मको शिक्षा म्याग्दीको सदरमुकाममा रहेको वेनी बजारको प्रकाश हाइस्कूलबाट र पोखराको राष्ट्रिय माध्यामिक विद्यालयबाट २०२६ सालमा प्रवेशिका उत्तिर्ण गरेका हुन । यसपछि उनी  उच्च शिक्षाका लागि पोखरा पृथ्वीनाराण क्याम्पसमा भएर त्यहीँबाट २०२८ सालमा प्रवीणता प्रमाण पत्र तथा २०३१ सालमा स्तानक गरेका देखिन्छ । यसपछि आठ वर्षसम्म जागिरे भएर २०४० सालमा त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रिय विभागबाट स्नातकोत्तर उत्तिर्ण गरेको कार्कीको औपचारिक शिक्षा यहीँ आएर टुङ्गिएको हो ।

नवराज कार्कीले जीविकाको लागि जागिरमा संलग्न भएका छन् । उनको जागिरे जीवनको आरम्भ २०३१ सालबाट भएको छ । पम्चायत प्रशिक्षण केन्द्रमा तालिम सञ्चालनको रूपमा प्रवेश, गरी आरम्भ भएको उनको जागिरे जीवन २०३४ सालमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्रको डीन कार्यालयमा अनुसन्धान अधिकृतका रूपमा प्रवेश गरेको पाइन्छ । यसै पदमा उनले पोखरा, काठमाडौं र ललितपुरमा रहेर काम गरेको देखिन्छ । त्रि.वि.वि. मानै उनले कर्मचारीका साथै प्राध्यापन कार्य पनि गरेको देखिन्छ । उनले ललितकला क्याम्पस र युनिभर्सल कलेज अफ् मेडिकल सायन्समा प्राध्यापन कार्य गरेको पाइन्छ । उनी २०६० साउन देखि २०६२ असारसम्म साझा प्रकाशनको महाप्रबन्धका भए भने २०५८ सालदेखि २०६६ सम्म सिर्जना कलेज अफ फाइन आर्टस् काठमाडौँमा प्राध्यापक भएका थिए । यसरी उनले विभिन्न  स्थान र संस्थाहरूमा जागिर खाएको  देखिन्छ ।

वि.स. २०३० मा शान्ता उदाससँग वैवाहिक सूत्रमा बाँधिएका सन्तानका रूपमा दुइ छोरा र एक छोरी रहेका छन् । सम्पन्न परिवारमा जन्मेका कार्कीको आर्थिक अवस्था हालसम्म पनि सम्पन्न अवस्थामा नै रहेको छ । श्रीमतीको गृहकुशलताका कारण उनको पारिवारिक अवस्था पनि राम्रो रहेको छ ।

आफ्नै पारिपारिक पृष्ठभूमिबाट नै साहित्यप्रतिको रुचि जाग्नुका साथै त्यसैबाट प्रभावित भएका नवराज कार्कीले आफ्ना साहित्यकृतिहरू मार्फत समकालको नेपालीसमाजका विविध पक्षमा रहेका असमानता, भेदभाव र हेला होचोको विरोध गर्दै सामाजिक आर्थिक, सांस्कृति, साहित्यिक, कर्मचारी प्रशासन आदिमा रहेका विकृति विसङ्गतिमाथि कडा व्यङ्ग्य प्रहार गरेका छन् । साहित्यको कविगता विधामा विशेष रूपले सक्रिय रहेका कार्कीका हालसम्म उनका हालसम्म **सिलसिला** (२०४०), **मनभित्रको आँधी** ( २०५३) र **एक दनक** (२०५९) गरी तीनवटा कविता सङ्ग्रहहरू प्रकाशित भएका छन् । तीन दशकदेखि साहित्य सेवामा संलग्न भएका कार्कीले यस वापत विभिन्न सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् । वि.स. २०३९ मा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्धारा आयोजित कविता महोत्सोवमा रजत पदक प्राप्त गरेका कार्कीले एकेडिमिद्धारा नै आयोजित गाइजात्रा महोत्सव २०३७, २०३८, २०३९ मा लगातार तीन पटक सर्वोत्कृष्ट कविता पुरस्कार हात पारेका छन् । यसका साथै उनले रत्न श्री स्वर्णपदक (२०३९) रत्न श्रेष्ठ पुरस्कार, बाग्लुङ्ग (२०४१) साहित्यिक पत्रकार संघद्धारा प्रंदान गरिने व्यथित काव्य पुस्कार ( २०५१ जस्ता पुरस्कारहरू प्राप्त गरेका छन् । यसै उनको साहित्यिक योगदानको कदर गर्ने विभिन्न सघ संस्थाबाट मान तथा सम्मान प्राप्त गरेका छन् । उनी आफू साहित्य सेवामा सक्तिय रहेर नै हुनु पर्छ विभिन्न साहित्यिक संघ संस्थाहरूमा पनि संलग्न भएका छन् र नेपाली साहित्यको संस्थागत विकास गर्नमा महत्पूर्ण योगदान दिएका छन् । साहित्य लेखन र साहित्यिक संस्थाहरूको संलग्नताका साथै उनी जीवनको आरम्भिक वा युवावास्थामा वामपन्थी राजनीतिमा संलग्न भए पनि पछि उनी मार्क्सवादी विचारबाट च्युत भएको पाइन्छ ।

वि.स. २०३१ को 'मधुपर्कमा' यस सहरका हाल खबरहरू शीर्षक कविता प्रकाशित गराएर औपचारिक रूपले प्रवेश गरेका नवराज कार्कीका कवितामा मानवीय उकुमुकुस, वेदना छटपटी, जीवन संघर्ष, प्राकृतिक, रहस्य, हुरी हुन्डरी, तुफान, आदर्श, कुण्ठा, असजिला र पट्यार लाग्दा परिस्थितिहरूको चित्रण भएको पाइन्छ । यिनले जीवनका उकाली ओराली

भन्ज्याङ चौतारी, रचनीयता, एकाङ्गीपन, भए सन्त्रास, आकोश, आशा, निराशा, सङ्घर्ष कर्तव्यपराणता, प्रेमप्रणय देशअनि राष्ट्रियता माटोको महिमा, समानता, स्वतन्त्रता आदि सन्दर्भहरूलाई कवितामा ढालेका छन् । उनका कवितामा सहरिया, विकृति विङ्गति अस्तवस्तता, कान्तिपुरको भयावह स्थिति, महँगी, गरिबी, सयन्त्र, दुर्घटना, सहरमुखी वृत्तिका कारण सङ्कटमा परेको प्राकृतिका साथै मावीय जीवन र ग्रामीण सरलतालाई आफ्ना कविता उतारेका छ ।

कवि नवराज कार्कीको पहिलो कविता सङग्ह **सिलसिला** (२०४०) हो । यस सङ्ग्रहका कविताहरूले कविको विचार, अनुभूति देशका जलदाबल्दा समस्या विकृति तथा विसङ्गतिका पक्षहरूलाई विषयका रूपमा उठाएका छन् । नेपाली जन जीवनमा प्रचलित शब्द तथा तिनको सरल प्रकारको संयोजनले यी कविताहरूको भाषाशैली पनि सरल र सुबोध्य प्रकारको बन्न पुगेको छ भने समसामुयिक समयमा रहेका देखिएका अनेकौं प्रकारका कमजोरीहरूको व्यङ्ग्य र विरोध गर्ने राम्रा पक्षको समर्थन तथा अनुसरण गर्ने अनि सभ्य र सुन्दर समाजको निर्माण गर्ने कविको उद्देश्य कविताबाट स्पष्ट रूपमा भएको छ । आयमका दृष्टिले फुटकर तथा संरचनाका दृष्टिले गद्य स्वरूपमा रहेका यस सङ्ग्रहका कविताहरूमा बाह्य भन्दा आन्तरिक लयको सशक्तता रहेको छ । पुस्तकदेखि पाठसम्म  नै विषय वस्तु तथा भावको सही सम्बोधन गर्न सक्ने शीर्षक चयनको सामर्थ्यले कवि र कृति दुबैलाई सफल बनाएका छन् भने विम्ब प्रतीक तथा अलङ्कार जस्ता कलात्मक पक्षको समचित प्रयोगले कविताहरूलाई सुन्दर बनाएका छन् ।

कवि नवराज कार्कीको अर्को कविता कृति **एक दनक** हो । यस सङ्ग्रहका कवितामा कविले देशमा जरा गाडेर बसेका विविध प्रकारका विकृति विसङ्गतिहरूलाई व्यङ्ग्य र भण्डाफोर गरेका छन् । समसामुयिक समयका विधिन्न विषय वस्तुलाई कविताका माध्यमबाट अभिव्यक्ति गरिएका ती रचनाहरूको उद्देश्य विकृति र नराम्रा पक्षको अन्त्य गरी सभ्य, सुसंरकृत संस्काको विकास गर्नु रहेको छ । सामान्य तथा सुबोध्य भाषाशैलीको प्रयोग भएका यस सङ्ग्रहका सबै स्तरका पाठकका निम्ति पठनीय रहेका छन् । कविले गद्य लयलाई अनुसरण गरेर रचना गरेकाले यिनमा पठनको बाह्य लयात्मकता भन्दा बढी लयको अन्त : प्रवाह सशक्त रहेको छ भने कथन ढाँचालाई हेर्दा कविवक्तृप्रौढोक्ति र कविनिववक्तृप्रौढोक्तिसिद्ध कथन ढाँचा अर्थात प्रभव र तृतीय दृष्टिविन्दुको प्रयोग भएका कविता यसमा रहेका छन् । विम्ब, प्रतीक तथा अलङकारण प्रविधिको समेत अधिक न्यून

प्रयोग गरिएका कविताहरूको सङ्ग्रहका रूपमा रहेको यो सिङ्गो कृति समग्रमा, सरल, सुबोध, सोद्देश्य, पठनीय र सुन्दर कृतिका रूपमा रहेको छ ।

समाप्तण नवराज कार्कीले प्रजातान्त्रिक मुलुकमा व्याप्त विकृति भ्रष्टाचार, दुराचार, घुसखोटी, नातावाद, चरम, गरिबी, सहिदको घोर अपमान, सरकारी नियुक्तिमा हुने षजनी, अशान्ति, काटमार, तोडफोड, कोलाहल, बेरोजगारी, राष्टिय ढुकुटीको भागबन्डा, अयोग्य व्यक्ति नेता बन्ने प्रचलन, संसद एवं नेताहरूका दुराचारी प्रवृति, खोक्रो आश्वासन, वितरण, पदलोलुपता, कुर्सीको होडबाजी, राष्ट्रमाथि हुने गरेका कलात्कार, नारमखीवृत्ति, युवाहरूको विदेश पलायन, बाँदवृत्ति, चाकडी, चाप्लुसी, शैक्षिक जगत्का विकृति दुर्गन्धित, राजनितिक, जथाभावी आयोग गठन गर्ने प्रचलन, पुरस्कारका क्षेत्रमा देखिएका विकृति आदि चुनीन यथार्थका अनेक पक्षहरूलाई छोटो आचामभित्रै तीव्र व्यङ्ग्यका साथ कविताकता प्रदान गरेका छन् । उनका आरम्भिक कविताहरूमा निराशाका स्वरहरू बढी पाइए पनि पछिल्ला कविताहरूमा चद्रन्य र विद्रोहको आवाज बढी सुनिन्छ । सरल र सुबोध भाषिक विन्याइन गरी वर्णनत्मक शैलीमा लेखिएका उनका गद्य कवि तापनि लयात्मक गुणयुक्त छन् । व्यङ्ग्य विद्रोह र सुधारको आकाङ्क्षासहित प्रगीन यथार्थको प्रकरणीकरण गर्ने कविता सिर्जना गर्ने कविहरूका पङ्तिमा यिनको नाम पनि सम्भावित शोध शीषकहरू कवि नवराज कार्कीको साहित्यिकमा केन्द्रित रहेर शोध कार्य गर्न चाहने शोधकर्ताहरूका निम्न लिखित शीषक हरफ उपयुक्त हुन सक्छन् ।

१) नवराज कार्कीका कवितामा वर्गीय चिन्तन

२) नवराज कार्कीका कवितामा व्यङ्ग्य चेतना

३) उनका तिनवोटै कृतिहरूको कृतिपरक अध्यापन ।

# सन्दर्भग्रन्थसूची


ओझा, दशरथ. **समीक्षाशास्त्र,** दिल्ली : राजपाल एण्ड सन्स प्रकाशन, १९७५ ।

उपाध्याय, केशव प्रसाद. (सम्पा.) "मोतीरामको व्यक्तित्व र योगदान", **मोती स्मृति ग्रन्थ** ( सम्पा. रमा शर्मा) काठमाडौं : नेपाल शिक्षा परिषद, २०३९ ।

छोटा, प्रेम. **धवलागिरिका कवि र कविता (प्रथम संस्क**), काठमाडौं : रत्न पुस्तक भण्डार ।

प्रधान, कृष्ण. 'नवराज कार्की र उनको सिलसिला एक पर्यावलोकन', **रूपरेखा** (वर्ष २४, अङ्क ९, पूर्णाङ्क २७३) पृ. ११, २०४० ।

कार्की, नवराज, **सिलसिला**, काठमाडौं : श्रीमती शान्ता कार्की, २०४० ।

.............., एक दनक, (संस्करण पहिलो) साझा प्रकाशन, २०५९ ।

.............., मन भित्रका आँधि (संस्करण पहिलो) साझा प्रकाशन, २०५३ ।

बराल, कृष्णहरि. **गीत : सिद्धान्त र इतिहास**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

शर्मा, मुक्तिनाथ. 'नवराज कार्कीले एक दनक दिनुभयो' **युगसम्वाद** (वर्ष १२, अङ्क १०, पूर्णङ्क ११०) २०६२, पृ. २५, ।

..................... "नवराज कार्कीले एक दनक दिनुभयो २" **युगसम्वाद** (वर्ष १२, अङ्क ९, पूर्णङ्क १०९) २०६२, पृ. ४२ ।

श्रेष्ठ दयाराम र शर्मा मोहनराज. **नेपाली साहित्यको संक्षिप्त इतिहास**, दो.सं. काठमाडौं : साझा प्रकाशन, २०४० ।